# थारू जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था र परिवर्तन

## (कैलाली जिल्ला मालाखेति गा.वि.स. वडा नं. ९ को एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता
परिपुर्तिको लागि प्रस्तुत गरिएको

## शोधपत्र


## प्रस्तुतकर्ता

धन बहादुर मल्ल

सिम्बोल नं २८०३१४

त्रि.वि.दर्ता नं. ६-१-२०-५२-२००३

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०७४

थारू जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था र परिवर्तन धन बहादुर मल्ल २०७४

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर**

## सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र विभागअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा धनबहादुर मल्ल ले **"थारू जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था र परिवर्तन: कैलाली जिल्ला मालाखेति गा वि स वडा नं ९ को एक अध्ययन** "विषयक शोधपत्र तयार गर्नुभएको हो । म उहाको कार्यप्रति सन्तुष्ट छु र उहाको उत्तरोत्तर प्रगतिको कामना गर्दै मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

डा. सुरेन्द्र मिश्र

सह-प्राध्यापक

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति: २०७४/०८/११

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र केन्द्रीय विभाग अन्तर्गत धनबहादुर मल्ल ले "**थारु जातिको सामाजिक,आर्थिक तथा सांस्कृतिक अवस्था र परिवर्तन: कैलाली जिल्ला मालाखेति गा वि स वडा नं ९ को एक अध्ययन**" विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिका लागि उचित ठहराइएकोले स्वीकृत प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

...............................

विभागीय प्रमुख

प्रा.डा. तुल्सिराम पाण्डे

...............................

बाह्य परीक्षक

डा.टिकाराम गौतम

..............................

शोधनिर्देशक

डा.सुरेन्द्र मिश्र

सह-प्राध्यापक

मिति: २०७४/०८/११

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकायको समाजशास्त्र केन्द्रिय विभाग किर्तिपूर क्याम्पस अर्न्तगत समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधिको आंशिक परिपुर्ति गर्नुपर्ने अनिवार्य आवश्यकताको उपज हो - यो शोध पत्र ।

आफुले हाँसिल गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रुपमा प्रयोग गर्दै वस्तुगत तथ्यलाई उजागर गर्न पाउने अवसरले अध्ययन अनुसन्धानको मार्गलाइ अझ फराकिलो पार्दै लाने कुरामा आशावादि बनाएको छ । यसै सन्दर्भमा यस शोधपत्रलाई प्रस्तुत गर्ने क्रममा विभागिय प्रमुख प्रा. डा. तुल्सिराम पाण्डे तथा यस शोधपत्रलाई तयार गर्न आवश्यक निर्देशन प्रदान गरिदिनुहुने सह प्राध्यापक डा. सुरेन्द्र मिश्र एवम् बाह्य निर्देशक डा.टिकाराम गौतम प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधकार्यको सुरुदेखि अन्तसम्म आफ्नो अमूल्य सुझाव र सल्लाह प्रदान गर्दै वर्तमान स्वरूपमा ल्याइपुऱ्याउन सहयोग गरिदिनु हुने समस्त मित्र वर्ग धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै शोधक्षेत्रका स्थानीय वासिन्दाहरू जसले मलाई शोधकार्यका लागि आवश्यक विविध जानकारी दिनुभई सहयोग गरिदिनु भएकोमा म उहाँहरूलाई पनि बिर्सन सक्दिन साथै हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनको क्रममा सधैं प्रेरणा प्रदान गर्ने आमा गौरि देवि मल्ल प्रति अनुगृहीत रहन्छु । अध्ययन कार्यलाई निरन्तरता दिन सहयोग पुऱ्याउने श्रीमति सुशिला खत्रि लाई धन्यवाद दिन चाहन्छु । यस शोधपत्र तयार गर्ने क्रममा आवश्यक सहयोग पुऱ्याउने साथिहरु रामचन्द्र शर्मा,नवराज सापकोटा र कृष्ण सापकोटा लाई पनि धन्यवाद दिन चाहन्छु । साथै यस शोधपत्रलाई शुद्धताका साथ टङ्कन गरी सहयोग गरिदिने सिस्टम फोटोकपि सेन्टर पाटनढोका ललितपुर लाई पनि धन्यवाद दिन चाहन्छु ।

धनबहादुर मल्ल

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

## विषयसूची


पृष्ठ

सिफारिस पत्र

स्विकृति पत्र

कृतज्ञता ज्ञापन

**अध्याय एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको उद्देश्य ५

१.४ अध्ययनको महत्व ६

१.५ अध्ययनको सङ्गठन ७

**अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन**

२.१ सिद्धान्त र अवधारणाको पुनरावलोकन ८

२.२ विगतका अध्ययनहरुको पुनरावलोकन ११

२.२.१ सामाजिक निरन्तरता र परिवर्तन १३

२.२.२ सांस्कृतिक निरन्तरता र परिवर्तन १४

**अध्याय तीन : अनुसन्धान पद्धति**

३.१ अध्ययन क्षेत्र छनोटको औचित्य १६

३.२ अध्ययनको ढाँचा १६

३.३ तथ्याङ्क स्रोत र प्रकृति १७

३.४ तथ्याङ्क सङ्कलन विधि १७

३.४.१ प्राथमिक स्रोत १७

३.४.१.१ अन्तर्वार्ता १७

३.४.१.१.१ व्यक्तिगत अन्तर्वार्ता १७

३.४.१.१.२ निर्देशित एवं संरचित अन्तर्वार्ता १८

३.४.१.२ अवलोकन १८

३.४.१.३ प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता १८

३.४.२ द्धितिय स्रोत १९

३.५ समग्रता र नमुना छनौट १९

३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण १९

३.७ अध्ययनको सीमा २०

**अध्याय चार : थारु जातिको सामाजिक,सांस्कृतिक तथा आर्थिक अवस्था**

४.१ अध्ययन क्षेत्र सामान्य परिचय २१

४.१.१. मालाखेती गा बि स २१

४.१.२ वडागत आधारमा जनसंख्या २२

४.१.३. जात/जातिको आधारमा जनसंख्या २३

४.२ थारु जतिको सामाजिक र सांस्कृतिक अवस्था २४

४.२.१ थारूजातिको परिचय २४

४.२.२ जनसंख्या २५

४.२.३ परिवारको किसिम २७

४.२.४ घरको बनावट २८

४.२.५ शिक्षा ३०

४.२.६ परिवार नियोजन ३२

४.२.७ स्वास्थ्य ३३

४.२.८ महिलाको स्थिति ३४

४.२.९ सम्पत्तिको हक ३५

४.२.१० नातेदारी व्यवस्था ३५

४.२.११ सामाजिक संगठन तथा राजनीति ३६

४.२.१२ सांस्कृतिक अवस्था ३७

४.२.१२.१ धर्म ३७

४.२.१२.२ जन्मसंस्कार (जन्मकरम) ३७

४.२.१२.३ छैठी (छठी) ३८

४.२.१२.४ न्वारन (नौबाउनी) ३९

४.२.१२.५ अन्नप्रासन (भात खवाइ) ३९

४.२.१२.६ नाक,कान छेदन तथा छेगोर (नाक,कान छेदाइना तथा मुढानी कार्य) ३९

४.२.१२.७ रजस्वला (निछुइना) ४०

४.२.१२.८ भेषभूषा ४०

४.२.१२.९ गरगहना ४०

४.२.१२.१० विवाह संस्कार (भ्वाज) ४३

४.२.१२.११ वैवाहिक उमेर ४५

४.२.१२.१२ मृत्युसंस्कार (मरनीकरनी) ४६

४.२.१२.१३ चाडपर्व ४९

४.२.१२.१४ नृत्य, संगीत ५०

४.२.१२.१५ धार्मिक प्रचलन ५०

४.२.१२.१६ अतिथि सत्कार ५२

४.२.१२.१७ खानपान ५२

४.२.१२.१८ भाषा ५३

४.२.१२.१९ धार्मिक अन्धविश्वास ५३

४.३ आर्थिक अवस्था ५३

४.३.१ भू-स्वामित्व ५४

४.३.२ भू स्वामित्वको प्रकार ५५

४.३.३ उत्पादनको स्थिति ५६

४.३.४ खाद्यान्नको पर्याप्तता ५७

४.३.५ आम्दानीको स्रोत ५८

४.३.६ पशुपालन विवरण ५९

४.३.७ कृषि तथा अन्य पेसाबाट हुने वार्षिक आयको स्थिति ६०

४.३.८ ऋणको अवस्था ६१

४.३.९ वार्षिक खर्चको विवरण ६२

४.३.१० वैकल्पिक रोजगारीको स्थिति ६३

४.४ सामाजिक,सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तन ६३

४.४.१ सामाजिक संस्कारमा आएको परिवर्तन ६४

४.४.२. जीवनस्तरमा आएको परिवर्तन ६४

**अध्याय पाँच : सारांश तथा निष्कर्ष**

५.१ सारांश ६५

५.२ निष्कर्ष ६९

**सन्दर्भग्रन्थसूची**

**प्रश्नावली**

# तालिका सूची


तालिका १ : मालाखेती गा वि स को वडागत आधारमा जनसंख्या २२

तालिका २ : मालाखेती गा वि स को जातिगत आधारमा जनसंख्या २३

तालिका ३ : उमेर अनुसार उत्तरदाताको विवरण २५

तालिका ४ : उमेरलिङ्ग अनुसार छनौट परिवारको जनसंख्या विवरण २६

तालिका ५ : परिवारको बनावटको आधारमा उत्तरदाताको विवरणा २८

तालिका ६ : घरको किसीमको आधारमा उत्तरदाताको विवरण २९

तालिका ७ : शैक्षिक स्थिति अनुसार उत्तरदातापरिवारको विवरण ३०

तालिका ८ : परिवार नियोजनको साधनको प्रयोग ३२

तालिका ९ : उपचार पद्धतिको आधारमा उत्तरदाताको विचार ३३

तालिका. १० : शौचालयको प्रकार ३३

तालिका. ११ : उचित वैवाहिक उमेरको आधारमा उत्तरदाताको विवरण ४४

तालिका १२ : भू स्वामित्वको विवरण ५४

तालिका १३ : भू स्वामित्वको प्रकार ५५

तालिका १४ : वार्षिक उत्पादन ५६

तालिका १५ : खान पुग्ने र नपुग्ने आधारमा विवरण ५७

तालिका १६ : उत्तरदाता थारू जातिको आम्दानीको स्रोत ५८

तालिका १७ : उत्तरदाताले पालेका पशुपंक्षीहरूको विवरण ५९

तालिका १८ : कृषि तथा अन्य पेसाबाट हुने वार्षिक आयको विवरण ६०

तालिका १९ : ऋण दिएको तथा लिएको विवरण ६१

तालिका २० : खर्चका क्षेत्रहरूको विवरण ६२

# अध्याय-एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल बहुभाषिक, बहुजातिय, बहुधार्मिक, बहुसांस्कृतिक विविधताले भरिएको मुलुक हो । भौगोलिक दृष्टिले पनि तराई देखि हिमाल सम्म बसोवास गर्ने समुदायको परम्परा संस्कृति मूल्य र मान्यतामा फरक विशेषताहरु पाइन्छ । यहाँ आफ्नै अस्तित्व पहिचान गर्ने मौलिक संस्कृति परम्परा पाइन्छ । सोही अनुरुप दैनिक जीवनयापनका तरिकाहरुमा पनि भिन्नता पाइन्छ । उदाहरणको लागि हिमालमा बस्ने शेर्पाहरु र तराइमा बस्ने थारुहरुको जीवनचर्यामा पनि फरक पाउन सकिन्छ । हिमाली क्षेत्रको मानिसहरुको मूख्य पेशामा पशुपालन जसमा चौरी, भेडा आदि पर्दछन भने खाद्यान्नमा आलु, जौ, मकै आदि पर्दछन् । (लम्साल,२०६९)

सामाजिक संरचनाको विभिन्नताले गर्दा विभिन्न जातजाति बिच संस्कार तथा संस्कृतिमा रहेको भिन्नता भौगालिक विविधताले झनै नौलो परिवेशको झझल्को दिन्छ । एउटै भौगोलिक क्षेत्रमा बसोवास गर्नेहरुका बीचमा पनि सांस्कृतिक परम्परा रितिरिवाज चालचलनमा फरक पाइएकोमा चाडपर्व उत्सव आदिमा पनि क्षेत्रीय विविधता देखा पर्नुमा परम्पराले महत्वपूर्ण भूमिका खेल्दछ । भौगोलिक क्षेत्रले ल्याएको विभिन्नताले प्राकृतिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समेत भिन्नता सिर्जना गरेको छ । यसरी विभिन्न संस्कृतिको समविष्ट रुप नै संस्कृति हो भन्न सकिन्छ । (शर्मा,२०६६)

समयको परिवर्तन र बढ्दो आधुनिकतासंगै नेपाली समुदायमा पनि विभिन्न सामाजिक परिवर्तनहरु देखा पर्दै गएका छन् । विभिद जातजातीहरुमा मौलिक संस्कृति परम्परा रितिरिवाज विस्तारै हराउदै गइरहेको छ । कतिपय मौलिक संस्कृतिहरु लोप भैसकेका छन् । भने कतिपय लोप हुने अवस्थामा समेत पुगेको छ ।

आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चारवर्णको हिन्दु वर्णाश्रम व्यवस्था भित्र नपर्नेहरु जनजाति अन्तर्गत पर्दछन् । यिनै समुदाय मध्ये एक प्रमुख जनजाति थारु हो । नेपालमा थारु समुदायको पनि आफ्नो पृथक सामाजिक र सांस्कृतिक पहिचान रहेको

छ । आफ्नै परम्परागत भाषा संस्कृति, रीतिरिवाज तथा भेषभूषा बोकेका थारु समुदायको अलग किसिमको पहिचान पाइन्छ । तराईको पूर्व मेची देखि पश्चिम महाकाली सम्मका जिल्लाहरु खोच, बेंसी, दुन र उपत्यकासम्मका विशेषगरी झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, सर्लाही, रौतहट, वारा, पर्सा, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, वर्दिया, कैलाली र कञ्चनपुर आदि जिल्लाहरुमा यिनिहरुको बसोबास रहेको छ ।

तराईमा बसोबास गर्ने सबभन्दा पुरानो जाति थारुनै हो र थारुलाई तराईको आदिवासी भन्न सकिन्छ । तराईको घनघोर जङ्गल लाई उर्वरा र अन्य पहाडी समुदायको लागि पनि आकर्षणको स्थल बनाउनुमा थारुहरुकै योगदान रहेको छ । यी जातिहरु अत्यन्त मिहिनेती, सोझा, इमान्दार हुन्छन् । तराईको अधिकांश भु-भाग ओगटेर बसेका यी जाति पहाड र भारततर्फबाट बसाइ सरेर आएका अन्य बाठा समुदायहरुबाट ठगिएर सस्तोमा भूमि विक्रि गर्दै अधिकांश थारुहरु भूमिविहिन अवस्थामा पुगेका छन् (शर्मा,२०४४)।

कतिपय थारुहरु उनीहरु कहाँ नै कमैया बस्ने स्थितीमा पुगेका छन् । आजको विकसित युगमा पनि यस समुदायमा विकासको उज्यालो पुग्न सकेको छैन । अशिक्षा देखि लिएर न्यूनतम आधारभूत आवश्यकतामा पनि यिनीहरु अन्य जातिको तुलनामा पछि परेका देखिन्छन् । यिनीहरु प्राय कृषि तथा पशुपालनमा नै सीमित देखिन्छन् । वि.सं. २०५६ सालमा संसदबाट कमैया प्रथाको अन्त भएको घोषणा गरिएपनि मुक्त कमैयाहरुलाई जग्गा वितरण गरी बसोबासको व्यवस्था सुचारुरुपमा हुन सकेको छैन । साधारण शिक्षा र नागरिक अधिकार सम्बन्धि सचेतताको अभाव छ । अज्ञानता, अन्धविश्वास तथा रुढीवादी परम्पराले ग्रसित यस समुदायका मानिसहरुले कष्टप्रद जीवनयापन गरिरहेका छन् । नेपालमा थारुहरुको उत्पत्ति कहिलेदेखि भएको हो भन्ने विषय अहिले सम्म रहस्यमय नै छ । बाबुराम आचार्य (वि.सं.२०३९) ले थारुहरुको उत्पत्ति सम्वन्धमा “थारुहरुको मुलघर कहाँ ?” भन्ने अध्ययनमा यिनीहरुको मूलघरको खोजी गर्दा हिमालीपारी जान सकिदैन भनेका छन् । त्यसैगरी विष्ट (सन् १९९४) का अनुसार राजपुतनामा मुसलमानको आक्रमण भएपछि थारुहरु नेपालमा आएका हुन् । शत्रुहरुको हातमा पर्नुभन्दा वरु भाग्नु निको मानी यिनी आ-आफ्ना नोकरका साथ भागी नेपाल पसेका थिए ।

वि.सं. २०६८ सालको जनगणना अनुसार यो जातिको कुल जनसंख्या १७,३७,४७० रहेको छ । जसमध्ये ८,५२,९६९ जना पुरुष छन् भने ८,८४,५०१ जना महिला रहेका छन् (केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८) । नेपालको समग्र जातिय जनसंख्याका आधारमा थारूजाति नेपालमा तेस्रो स्थानमा पर्दछ । नेपाल कृषिप्रधानदेश भएकोले अन्य जातिको जस्तै थारू जातिहरूले पनि कृषिलाई आफ्नो जिवीकोपार्जनको प्रमुख साधनको रूपमा अपनाएका छन् ।

आफ्नो छुट्टै सांस्कृतिक पहिचान भएको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति भएको परम्परागत सामाजिक संरचना समानतामा आधारित भएको, परम्परागत भौगोलिक क्षेत्र भएको, लिखित वा अलिखित इतिहास भएको, समुदायभित्र हामीको भावना भएको, आधुनिक नेपालको राजनीति र राज्यसंचालनमा निर्णायक भूमिका नभएको र आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चाडपर्व हिन्दूवर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरूलाई जनजाति भनिन्छ । (जनजाति उत्थान प्रतिष्ठान, वि.सं. २०५३) नेपालमा रहेका जनजातिहरू छुट्टाछुट्टै भौगोलिक क्षेत्रमा बाहुल्यता सहित रहेका छन् । थारूहरूमा नेवार जस्तो उचनीचको भावना भएको पाइँदैन । उनीहरू सबै थर, गोत्र, पेसाले विविध काम गर्न तथा मालिक नोकरबीच समेत उत्तिकै इज्जत र आदरभाव रहेको पाइन्छ । पहिले पहिले जमिन्दार र रैतिमा केही फरक पाइए पनि सामाजिक स्तर, रहनसहन, खानपिन एकै प्रकारको रहेकोले पनि भिन्नता नभएको हुनसक्छ ।

यातायात, संचार, शिक्षा, बसाइसराई, आधुनिकीकरणको प्रभावले गर्दा थारू जातिको आर्थिक तथा सामाजीक जीवनमा निकै परिवर्तन आएको पाइन्छ । आफ्नै रीतिरिवाज परम्परा, भाषा र संस्कृति भएका नेपालका आदिवासी थारूहरू गरिबी, अशिक्षा, एवम् गासँबासँको समस्याले गर्दा पिछडिन गएका छन् । त्यसैले उनीहरूको सामाजिक, सांस्कृतिक अवस्थाको बारेमा जानकारी हासिल गर्न र उनीहरूमा रहेको मौलिक र परम्परावादी विचारधाराबाट प्रभावित भएर यो अध्ययन अनुसन्धानको आवश्यकता महसुस गरिएको छ । यिनीहरु विकासको मुल प्रवाहमा समावेश हुन सकेका

छैनन् । आधुनिककरण संगै भित्रिएको पश्चिमीकरणले यिनीहरुको मौलिक संस्कृति तथा परम्परामा परिवर्तन हुदै गइरहेको छ (रेग्मी, २०३५)। यस अध्ययनले यिनीहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाबारे अध्ययन गरी यिनीहरुको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थामा के परिवर्तन भएको छ र के कुरामा यीनीहरुको अझै निरन्तरता कायम नै भन्ने यस अध्येताको उद्देश्य रहेको छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुधार्मिक बहुजातिय बहुभाषिक एवं बहसांस्कृतिक देश हो । नेपालमा जातीय विविधता छ । यो बहुजातिय मुलुकमा यहाँ अस्तित्वमा रहेको सम्पूर्ण जातजातिहरुको राष्ट्र निर्माणका लागि एकीकृत प्रयासको खाँचो पर्दछ । सम्पूर्ण जातजातिलाई विकासको मूल प्रवाहमा समाहित गर्न सके मात्र मुलक समृद्धशाली बन्न सक्छ । यद्यपी समाज विकासको गतिसंग सम्पूर्ण जात जातिहरु एकै तवरले अगाडी बढ्न सकेका छैनन् । विविध जात जातीहरु एक अर्काका सुमधुर सम्बन्ध राख्दै सहिष्णुताको भावनाबाट एकीकृत भएता पनि समानुपातिक विकासको अभावले गर्दा कता कता द्वन्द्वको शुरुवात हुन थालेको पनि पाइन्छ । सबै जाति जनजातिहरुलाई समतामूलक ढंगले उनीहरुको परम्परागत संस्कृति, धर्म, रितिरिवाज जस्ता कुराहरुको संरक्षण गर्दै विकास हुनु आवश्यक देखिन्छ ।

नेपालमा बस्ने विभिन्न स्थानका थारुहरुको सामाजिक सांस्कतिक आर्थिक अवस्था भिन्दाभिन्दै रहेको पाइन्छ । ढुङ्गाना,२०५० ।

त्यस्तै मालाखेति गा.वि.स.का थारुहरुको पनि आफ्नै प्रकारको मौलिकता पाइनुले, त्यहाँको थारु समदायको मौलिक सामाजिक, सांस्कृतिक पक्ष के हो ? त्यहाँको थारुजातिको विगतको अवस्था र अहिलेको अवस्थामा के कस्ता कुरामा परिवर्तन आएको छ ? उनीहरुको आर्थिक अवस्था कस्तो छ ? आर्थिक र शैक्षिक अवस्थामा परिवर्तन आउनुका कारणहरु के के रहेका छन् ? यहँका थारुहरुको मौलिक संस्कृतिहरु के के हुन् ? ति मौलिक संस्कृतीमा के कस्ता परिवर्तन आइरहेको छ जस्ता कुराहरु नै यस अनुसन्धानका समस्याहरु रहेका छन् ।

आजको एक्काइसौ शताब्दीलाई अन्तरिक्षयुग भनेर चिनिने बेलामा पनि यो जातिमा सामाजिक चेतनाको विकास, शिक्षा क्षेत्रमा परिवर्तन आउन सकेको छैन भने पहाडबाट तराईमा बढ्दो बसाईसराईका कारण यो जाति आफ्नो बसोबास स्थलबाट पलायन हुने क्रम बढ्दो छ । साथै पहाडीसँग घुलमिल हुने क्रममा आफ्नो संस्कृतिमा सङ्कट आउने कुरामा शङ्का छैन । यसर्थ यो जातिको बारेमा अध्ययन गर्नु जरुरी छ ।

कृषिक्षेत्रबाट उत्पादित खाद्यान्नले वर्षभरि पेट पाल्न नसक्नाको कारण साहुँको घरमा वर्षक बोलेर, अधियाँ गरेर र ज्यालामजदुरी गरेर जीवन निर्वाह गर्नुपर्ने बाध्यता थारूजातिमा प्रशस्त देखिन्छ । अतः एकातिर आफ्नो सामाजिक सांस्कृतिक पक्ष बिलीन हुदैं गएको अवस्था छ ।(पाण्डे,२०३८) थारू जाति आज के कस्तो अवस्थामा छ । वर्तमान अवस्था सामाजिक र सांस्कृतिक पक्षमा कस्तो भूमिका निर्वाह गरिरहेका छन् । उनीहरूको अवस्थामा सुधार ल्याउन के कस्ता उपायहरू अवलम्बन गर्नु आवश्यक छ । आदि जस्ता विषयहरूमा समाजशास्त्रीय दृष्टिकोणले अध्ययन गर्नु जरुरी रहेको देखिन्छ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्यको थालनी गर्नुपूर्व त्यस विषयसँग सम्बन्धित उद्देश्यहरू तोकिनुपर्दछ । कुनै पनि उद्देश्यविना गन्तव्यमा पुग्न सकिँदैन । उद्देश्यविनाको कार्य गर्नु भनेको एउटा गन्तव्यबिहीन यात्री जस्तै हो । यसकारण कुनै पनि कार्यलाई सफलतापुर्वक सम्पन्न गर्नका लागि केही उद्देश्यहरू निर्धारण गर्नुपर्ने हुन्छ । यस अध्ययनका उद्देश्यहरु यसप्रकार रहेका छन् ।

(क) थारूहरूको सामाजिक,सांस्कृतिक तथा आर्थिक अवस्था वर्णन गर्नु ।

(ख) थारूहरूको सामाजि,सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तनको वर्णन गर्नु ।

## १.४ अध्ययनको महत्व

हिन्दुधर्मका अनुयायी यिनिहरुको पनि आफ्नै परम्परा धर्म, संस्कृति तथा जीवनशैली छ । यसरी विविध संस्कृति भएका जाति जनजातिहरुको समानतामुलक ढंगबाट विकास हुन सकेको छैन । धेरैजसो जनजातिहरु विभिन्न विकासको निमित्त यी सबै पिछडीएका जात जातिहरुको वास्तविक जीवनसँग सम्बन्धित सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षहरुको अध्ययन तथा अनुसन्धान गरि सबैलाई आ-आफ्नो संस्कतिको संरक्षण तथा सम्बर्दन गर्दै उचित किसिमका कार्यकमहरु तय गरि विकासको मार्गमा लगाउन सकेमा राष्ट्रको भविष्य उज्वल पार्न सकिन्छ । तसर्थ यिनै कुरालाइ ध्यानमा राखी थारु जातिको ऐतिहासिक पृष्टभूमिको अध्ययन सामाजिक सांस्कृतिक राजनैतिक शैक्षिक पक्षको अध्ययन गरि प्रकाशनमा ल्याउन ठुलो देन हुनेछ ।

समाजशास्त्रीय र मानवशास्त्रीय अध्ययनमा समाज र समाजमा बसोवास गर्ने मानव भएकोले यहाँ थारु जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको निरन्तरता र परिवर्तन शिर्षक रोजिएको छ । यस अध्ययन र अनुसन्धानको खास गरी कैलाली जिल्ला मालाखेति गा वि स का थारु जातिको बारेमा स्पष्ट तथा विश्वसनीय जानकारी दिलाउने छ भन्ने लक्ष्य राखिएको छ । साथै मालाखेति गा.वि.स.मा थारुहरुको जातिको सामाजिक सांस्कृतिक तथा आथिक स्थिती बारे शास्त्रविद तथ्यहरुलाई प्रकाश पारी उनीहरुलाई विकासको मूल प्रवाहमा ल्याउन आवश्यक सुझावहरु पनि पेश गर्ने हुदा सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरुलाई सहयोग पुग्ने विश्वास लिइएको छ । त्यसैगरी विभिन्न शिर्षक अनुसन्धान कर्ता, संघसंस्थाहरुलाई पनि थोरै गएपनि सहयोग गर्ने छ भने समाजशास्त्र र मानवशास्त्र विषयको अध्ययनमा सहयोग पुग्न सक्ने विश्वास लिइएको छ ।

बुँदागत रूपमा यस अध्ययनबाट देहायका विषयहरूमा थप टेवा पुग्ने विश्वास लिइएको छ-

- यो अध्ययनबाट भविष्यमा थारूजातिको बारेमा अध्ययन गर्नेहरुका लागि थोरै भए पनि मद्दत पुग्नेछ ।

- यो अध्ययनबाट थारू जातिभित्र रहेका विभिन्न चाडपर्व, संस्कार र प्रथाहरूको बारेमा जानकारी प्राप्त गर्न सकिनेछ ।
- थारू जातिको सामाजिक र आर्थिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्न सकिनेछ ।
- यो अध्ययनबाट थारू जातिको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था योजनाकर्ता आदिलाई सहयोग मिल्नेछ ।

### १.५ अध्ययनको सङ्गठन

यस शोधपत्रलाई पाच वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व तथा औचित्यलाई समावेश गरिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ । अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जसमा अध्ययन ढाँचा, अध्ययन क्षेत्रको छनौट र औचित्य, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क सङ्कलन विधिहरू, तथ्याङ्क विश्लेषण र अध्ययनको सीमा समावेश गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको सामान्य परिचय दिई कैलाली जिल्ला तथा मालाखेति गा.वि.स.को परिचय,थारूजातिको सामाजिक तथा सांस्कृतिक, आर्थिक अवस्था र थारू जातिको सामाजिक, सांस्कृतिक अवस्थामा देखापरेका परिवर्तनहरू बारे जानकारी दिने प्रयास गरिएको छ । यसैगरी अध्याय पाँचमा अध्ययनबाट प्राप्त जानकारीको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ सामग्रीको सूची, शोधपत्रको लागि प्रयोग गरिएका प्रश्नावलीहरु समावेश गरिएको छ ।

# अध्याय-दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सिद्धान्त र अवधारणाको पुनरावलोकन

सामाजिक, सांस्कृतिक परिवर्तन निरन्तर चलिरहने प्रकृया हो । सामाजिक संरचनाका विभिन्न इकाइहरु जात, धर्म आर्थिक संगठन, सामाजिक संस्था लगायतका विभिन्न इकाइमा आयने परिवर्तनले सामाजिक, सांस्कृतिक परिवर्तनलाई प्रेरित गर्दछ । जस सम्बन्धी विभिन्न सिद्धान्त र अवधारणाहरुको विकास भएका छन् ।

सस्कृति यस्तो समग्रता हो जुन अजैविक हुन्छ र यो समाजमा हस्तान्तरित हुन्छ । संस्कृति त्यस्तो सम्पूर्णता हो जसमा मानविय व्यवहारको कला, सामाजिक विचार र धार्मिक ढाँचा समावेश भएका हुन्छन् *(Tylor, 1991)* ।

मानव समुदायको विकास प्रकृयामा मानवले आफ्नो आवस्यकता परिपुर्तिको लागि आफैंले सृजना गरेको भौतिक तथा अभौतिक पक्षहरुको समग्रता नै संस्कृति हो । मानव चेतनसिल प्राणी भएको कारणले उसले प्रतेक काल खण्डमा केहि न केहि विकास र आविश्कार गरेको हुन्छ । समग्रमा भन्ने हो भने मानवले आफ्नो आवस्यकता परिपुर्ति, जीवनलाइ अर्थपुण बनाउन जटिल परिसिथितिमा समायोजन हुन सक्ने विभिन्न सन्दर्भहरुको विकास गरेको छ । संस्कृति यस्तो समस्त जतिलता हो जसमा ज्ञान, विज्ञान, कला नैतिकता, कानुन, प्रथा, परम्परा तथा अन्य यस्तै गुणहरु संलग्न हुन्छन् जसलाई समुदायको सदस्यका हैसियतले मानिसले आर्जन गर्दछ *(Tylor, 1991*) ।

संस्कृति मानव निर्मित कार्य हो, जसबाट उसले आफ्नो लक्ष्य प्राप्त गर्दछ *(Malinowski, 1998)* । अर्थात संस्कृति मानिसको जीवन पद्धतिको तरिका हो जसलाई मानिसले निर्माण गरेको हुन्छ । जव संस्कृति मानिसले निर्माण गर्न सक्दछ तव मानिसले आफ्ना लागि निर्माण गर्दछ । जुन समय अन्तरालमा परिवर्तन हुनु स्वभाविक मानिन्छ । अर्थात संस्कृति मानिसले आफ्नो जीवनपद्धति संचालनको क्रममा आफ्नो सहजताको लागि अवलम्वन गरिको हुन्छ ।

समाज सामाजिक अर्न्तसम्वन्धको जालो हो *(Maciver and Page, 1996)* । समाज सामाजिक व्यवस्था भित्रका एकाइहरु वीचको अर्न्तसम्वन्धको स्वरुप हो । यो अमुर्त प्रकृतिको हुन्छ । सामाजिक व्यवस्थँका प्रत्येक एकाइहरु अर्थात समाजमा व्यत्तिहरु वा समुह तथा समुदायहरु एक अर्कामा अर्न्तसम्वन्धित रहेका हुन्छन् । एक अर्कामा कृया प्रतिकृया गर्दछन् । सहयोग, प्रतिस्पर्धा तथा संघर्ष जस्ता पक्ष पनि यहि समाजमा हुने गर्दछन् । यसैले समाज एउटा अमुर्त अवधारणा हो, अर्थात सामाजिक सम्वन्धको संजाल हो जहाँ समाजका अनेकौं एकाइहरु एक अर्काप्रति अर्न्तसम्वन्धित भएर कार्य गर्दछन् । यसै सम्वन्धमा *( Parsons, 1953)* ले भनेका छन्-"समाजलाई मानविय सम्वन्ध अथवा त्यसको समग्र जटिलताको रुपमा परिभाषा गर्न सकिन्छ जुन साधन र साध्यको सम्वन्धद्धारा जुन यथार्थ र प्रतिकात्मक जे जस्ता कृयाको फलस्वरुप उत्पन्न हुन्छ"।

निश्चित भु-भाग भित्रको मानिसका अर्न्तकृया र सांस्कृतिक आदान प्रदान नै समाज हो । समाजमा व्यत्तिहरुको समुह मात्रै हुनु समाज होइन बरु व्यत्ति विच हुने अर्न्तकृयाहरु मुल्यगत ढाँचाहरु बाट स्थापित हुने अर्न्तसम्वन्ध तथा अर्न्तकृयालाइ समाज मान्न सकिन्छ ।

मानविय सम्वन्धमा परिवर्तन आउनु नै सामाजिक परिवर्तन हो *(Maciver and Page 1996)* । यस्तो परिवर्तन सामाजिक संरचनामा परिवर्तन आएपछि देखिने गर्दछ । सामाजिक संगठन वा संस्था जस्तो विवाह, परिवार, नाता, सम्वन्ध, आर्थिक संगठन, राजनैतिक ढाचा, उत्पादनको तरिका आदिमा आउने परिवर्तनलाई सामाजिक परिवर्तन भन्न सकिन्छ । यस क्रममा कतिपय नया अवस्थाहरु र तरिकाहरु वा मान्यताहरुको विकास हुन्छन् भने कतिपय अवस्थामा सामाजिक रुपान्तरण हुन्छ । जब सामाजिक रुपान्तरण हुन्छ तब सामाजिक दृष्टिकोण, मान्यता, पद र भुमिका, बानिव्यहोरा आदिमा परिवर्तन आउछ । यि विभिन्न प्रकृया तब मात्र सम्भब छ जव समाजमा मानविय सम्बन्धमा परिवर्तन आउछ ।

सांस्कृतिक परिवर्तन संस्कृतिका सवै पक्ष जस्तो कला, विज्ञान, प्रविधि, दर्शन आदिमा आउने परिवर्तन सांस्कृतिक परिवर्तन हो, यसका साथै सामाजिक संगठनको नियम र स्वरुपमा परिवर्तन आउनुलाई पनि सांस्कृतिक भनिन्छ *( Davis and Moore, 1945)* । मानिसको

सिङ्गो जीवन पद्धतिको तरिका नै संस्कृति हो । यसले खासगरि सामाजिक मुल्य मान्यता, परम्परा, भाषा, कला, संस्कृति, भषभुषा, प्रविधि उत्पादनको तरिका, कानुन, नैतिक पक्ष, सोचाइ दृष्टिकोणमा आउने परिवर्तनलाइ सांस्कृतिक परिवर्तन भन्न सकिन्छ ।

समाज जंगली अवस्था, वर्वर अवस्था सभ्य अवस्थामा परिणत हुदै अगाडी बढ्दा धर्म, संस्कृति, परम्परा, प्रविधि आदिमा विस्तारै परिवर्तन आउदै जान्छ । यस कममा संस्कृति बढि जटिल बन्दै जान्छ । जंगली उत्पादन प्रणाली र सामाजिक मान्यतामा औधोगिक विकास र नया नया सभ्यताको विकास हुन्छ । यस कममा प्रारम्भिक समाज कमसंग आत्मवाद, वहुदेवतावाद तथा एकदेवतावादमा परिणत हुदै अगाडी बढेको हुन्छ *( Tylor, 1991)* ।

सामाजिक सांस्कृतिक अवस्थामा परिवर्तन हुने भन्ने कुरा समानको कमिक जटिलतासंगै मानिसले स्रोत र साधनमा पहच बढाउन खोज्दछ । नया नया तरिका वा प्रविधिको विकास गर्दछ । यसबाट चालु सामाजिक, आर्थिक धरातलमा ठूलै परिवर्तन आउन सक्दछ । मानिसले बाच्नका लागि स्रोतको उपभोग गर्ने कममा नै विभिन्न सांस्कृतिक प्रतिमा, मान्यता र व्यवहारको विकास हुन सक्दछ । जसबाट सिंगो सामाजिक व्यवस्था प्रभावित हुन्छ *(White,1988)* ।

वर्ग संघर्षको सिद्धान्तबाट सामाजिक व्यवस्थाको रुपमा परिवर्तन आउने गर्दछ । जस अनुसार समाजमा परस्पर विरोधी वर्गहरु विच आ-आफ्नो स्वार्थलाई आधार बनाएर सामाजिक संघर्षको स्थिती उत्पन्न रहन्छ । यस अर्न्तगत मजदुर वा गरिखाने वर्ग र पूँजीपति सामन्त वा शोषक वर्गहरु वीच उत्पादन प्रक्रिया, उत्पादनको उपभोगको सम्वन्धमा उत्पादनका साधनहरुमाथिको स्वामित्वका सम्वन्धमा सामाजिक द्वन्द्व वर्गिय आधारमा हुने गर्दछ । मार्क्सले पूँजीवादी उत्पादन पद्धति र यसले समाजमा पारेको नकारात्मक प्रभावका सम्बन्धमा विश्लेषण गरी पूँजीवादी उत्पादन व्यवस्थामा उत्पन्न हुने शोषणका बारेमा प्रष्ट पारेका छन् । जब उत्पादनको तरिका मान्यता र प्रक्रियामा परिवर्तन आउँदछ तब सामाजिक संरचना भित्रका अन्य इकाइ र उपइकाइहरुको कार्यप्रणालीमा परिवर्तन आउँदछ *( Marx and Engles, 1977)* ।

पर्यावरणीय संस्कृति विकासको निर्धारक तत्व हो, जुन पर्यावरणिय समायोजनमा आधारित छ । भारतीय उपमहाद्विपमा गाइको पूजा गर्ने र संरक्षण गर्ने संस्कृतिको विकासमा त्यहा“को असमतल भौगोलिक अवस्थामा गोरुको प्रयोगवाट जोताइ कार्य गर्ने भन्ने तर्क राखेको पाइन्छ । यस वाहेक गाईबाट मलखाद, गोवरलाई इन्धनको रुपमा प्रयोग गर्न सकिने, दुध दहिको प्रयोग आदि फाइदालाई बचाउन गाईलाई संरक्षण गर्नु पर्ने हुन्छ *(Harris, 1968)* ।

धर्म संस्कृति वसोवासको प्रकृति अर्थतन्त्रको ढाचा आदि पक्षमा पर्यावरणिय पक्ष नै प्रमुख कारकतत्व रहेको हुन्छ, जुन पर्यावरणि दृष्टिमा समुदायको समायोजन संग प्रत्यक्ष अर्न्तसम्वन्धित छ । यस्ता पर्यावरणजन्य प्रभावले सिंगो सामाजिक ब्यवस्थामा परिवर्तन ल्याउदछ । मानिसको ब्यवहार, नेतृत्व, वंशाणुगत हकको नियम लवाइखुवाइ आदिमा पर्यावरणको प्रभाव पर्दछ । यसरी प्रभाव पर्नुको आशय के हो भन्ने विषयमा परिस्थितिमा घुलमिल हुनु र जीवन शैलिलाइ बढि अनुकुल वनाउन समायोजनको प्रकृया चल्दछ । यसैवाट सांस्कृतिक परिवर्तन हुन्छ *(Steward, 1958)* ।

## २.२ विगतका अध्ययनहरुको पुनरावलोकन

नेपाली समाज र संस्कृतिको इतिहास धेरै नै लामो छ । एकातिर नेपालको इतिहास विभिन्न भागमा विभाजित छ भने अर्कोतिर समाज र संस्कृति पनि विविधताले भरिएको स्पष्ट देखिन्छ । नेपाली समाजको सामाजिक सांस्कृतिक धार्मिक भौगोलिक आर्थिक क्षेत्रिय विविधता सम्पूर्ण नेपाली एवं विदेशीहरुको लागि रोचक विषय बनेको छ ।

नेपाल समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले अध्ययन र अनुसन्धानको निम्ति स्वर्ग नै मानिन्छ (विष्ट, १९७२) । नेपालमा आफ्नोपनको लोक संस्कृतिको अमुल्य क्षेत्र रहेको छ र त्यसको वाहुल्यता पनि नेपाली लोक संस्कृतिको अन्वेषण केन्द्र तथा नीति अनुसन्धान कर्ताहरुको अन्वेषण केन्द्र बन्न पुगेको छ । नेपाली संस्कृति, त्यसैले नेपाली जनजीवन र लोक संस्कृतिका विषयमा विश्वको जिज्ञासा अत्यधिक मात्रामा अभिवृद्धि हुनु स्वभाविक कुरो हो ( जोशी, २०२७) ।

नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन भएको धेरै भएको छैन । केही विदेशी विद्धानहरुबाट २००७ साल अगाडी केही अध्ययन र अनुसन्धान गएका पाइन्छ । तर तिनीहरुले गरेको अध्ययन जातिगत थिएन भनिन्छ । ती विद्धानहरु कुनै अध्ययनको लागि नेपाल नआएर घुम्न वा धर्म प्रचार तथा प्रसारका लागि आएका थिए । नेपालमा समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन तथा अनुसन्धानको व्यापक थालनी २००७ सालको राजनैतिक परिवर्तनबाट विदेशीहरुको सम्पर्क खुल्ला गरिए पश्चात मात्र भएको देखिन्छ । २००७ साल पछि कैयौ स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुले नेपालमा जाति तथा जनजातिको सामान्य परिचय, सामाजिक सांस्कृतिक एवं आर्थिक अवस्थाको रुपरेखा प्रस्तुत गरेका छन् । संभवत धेरै जात तथा जातिहरुको विभिन्न अवस्थाहरुको बारेमा वर्णन गरिएको र समाजशास्त्र तथा मानवशास्त्रको दृष्टिकोणले महत्वपूर्ण मानिएको नेपालको पहिलो पुस्तक (विष्ट, १९७२) को पिपुल अफ नेपाल नै हो । यसमा उनले नेपालका जाति तथा जनजातिहरुको जीवन पद्धति बारे प्रकाश पारेका छन् ।

नेपालका थारु जातिका उत्पत्तिका सम्बन्धमा विभिन्न प्रकारका राय पाइन्छ । केहि विद्धानहरुले थारुहरुलाई शाक्य वंशसंग सम्बन्धित गरि यिनिहरुको उत्पत्ति नेपाल भित्र नै भएको बताउँदछन् भने राना थारुहरुले आफुहरुलाई राजपुत भन्दछन् । भारतमा मुगलबाट राजपुत पराजित भएपछि तिनिहरुका पत्निहरु नोकरहरुलाई लिएर नेपालको तराई प्रवेश गरे उनिहरुका पतिहरुलाई त्यहि लडाईमा मारियो । त्यसैले ति महिलाहरु आफ्ना नोकरहरुलाई नै पति बनाएर बस्न बाध्य भए । यिनै राजपुत महिलाहरुले नोकर वाट जन्माएको सन्तान नै थारु भए भन्ने किम्बदन्ती रहेको छ । त्यस्तै कसैले थारुहरु भारतको थार मरुभुमी वाट आएको उल्लेख गरेका छन भने कसैले थरथर काम्ने जाति भएकाले तिनलाई थारु भनिएको बताउँदछन् । त्यस्तै अर्को विचार अनुशार दारु खाने जाति भएकाले दारु वाट अपभ्रंश हुँदै गएर थारु शब्द बनेको भनिन्छ (अधिकारी,२०५६) ।

प्राचिन भारतको बज्जीगन राज्य ( आजको विहार राज्यको चम्पारन, भजफरपुर र दरभंगा जिल्ला समाबेस भएका) वाट विस्थापित भै नेपालको जंगलमा प्रवेश गरेका थिए । त्यस्तै गरि अर्को मत अनुशार भगवान बुद्धको पिता शुद्धोधनको दरबार भएको ठाउँ तिलौराकोटको वरिपरि

धनाथारु बस्ती भएकोले सुद्धोधन पनि थारु जातिको हुन सक्ने वा थारु जाति सुद्धोधनका सन्तती हुन सक्ने अनुमान लुम्वीनीको खोज गर्ने विद्धानहरुले ब्यक्त गरेका छन् ।(भट्टराई २०६०)

थारु जातिको उत्पत्तिको वारेमा विभिन्न विचारहरु भएतापनि वैज्ञानिक रुपले गरिएको अनुसन्धानको आधारमा थारुहरु मंगोलियन समुदायका नै हुन् । उनिहरुको रुपरङ्ग केवल जलवायु प्रभावित भएको मात्र हो ( रेग्मी, २०३५) ।

डोर बहादुर बिष्ट (सन् १९८६) ले थारु जातिको थरलाई प्रधान र अप्रधान गरि २ भागमा विभाजन गरेका छन् । जसमा प्रधान श्रेष्ठ कहलाउदछन् । प्रधान थारुमा ६ प्रकारका थर र अप्रधान थारुमा २६ प्रकारका थर छन् । यसरी प्रधान र अप्रधान गरि जम्मा ३२ थर रहेका छन् ।

नेपालको तराई प्रदेशमा पूर्व मेची देखि पश्चिम महाकाली सम्म र पहाडी क्षेत्रका उपत्यकाहरु दाङ्ग, सुर्खेत, उदयपुर, चितवन लगायतका भित्री मधेशमा पर्ने ७ जिल्लाहरु र तराई प्रदेशमा पर्ने अन्य १५ जिल्लाहरुमा थारु जातिको बसोवास छ । थारु जातिको वर्ण-वैश्य, गोत्र-कश्यव, धर्म हिन्दु, बौद्ध, मात्री भाषा- थारु, पेशा- कृषि र पशुपालन, बसोवास देश नेपाल र भारत ( चौधरी, २०५५) ।

नेपालको पूर्व मेचि देखि पश्चिम माहाकाली सम्म बसोबास गर्ने थारु जातिका उत्पत्तिको कुरा अझै पनि रहस्यमय छ । कति विद्धानहरु यो जातिको पुर्खा मंगोलियन मान्दछन् भने कतिले राजपुत वंशज मान्दछन् ( ढुङ्गाना, २०५०) ।

### २.२.१ सामाजिक निरन्तरता र परिवर्तन

थारुहरुको जीवन र संकार बारे नेपाली भाषामा बढी साहित्य पुस्तक सामाग्रीहरु उपलब्ध देखिदैन । तर पनि जे जति लेख रचना पुस्तक आदि नेपाली थारुहरुको बारेमा छापिएका, लेखिएका छन् । त्यसले अवश्य नै अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याएको छ । थारु जातिको विष्यमा केही विद्धानहरु अनुसन्धानकर्ताहरु आदिले आफ्नो लेख, रचना आदि प्रकाशित गरेका छन् ।

थारु जातिको संस्कृति तथा भाषिक परम्परा उत्तर भारतमा बसोवास गर्ने मानिसहरुको सामिप्य र प्रवेशले गर्दा प्रभावित भएको पाइन्छ । थारु जाति संयुक्त परिवारमा बस्दछन् । उनिहरुको एउटा मुख्य प्रवृत्ति परिवारका सदस्यहरुमा श्रेणवद्ध सम्बन्ध हुन्छ । बाबुको मृत्यु पछि जेठो छोरा परिवारको मुख्य ब्यक्तिको रुपमा स्थापित हुन्छ (विष्ट १९९४: ६९-७०) ।

## २.२.२ सांस्कृतिक निरन्तरता र परिवर्तन

नेपाल बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो । यहाँ बसोबास गर्ने विभिन्न जातजातिहरु मध्ये सांस्कृतिक रुपले महत्वपूर्ण मानिने र आदिवासीका रुपमा चिनिने थारु जातिको पनि परम्परा रीतिरिवाज, धर्म, भाषा, भेषभूषा, संस्कृति आदि फरक फरक किसिमको पाइन्छ । यि थारु जाति पूर्व मेची देखि पश्चिम महाकाली सम्मको नेपालको खोच, बेसि, दुन, उपत्यकाका २३ भन्दा बढी जिल्लामा बसोबास गर्दछन् । नेपालको तराई भागमा थारुहरु सबैजात भन्दा बढी छन् (रजौरे,सन् १९८१) ।

थारु जातिको उल्लेख गर्दा सर्वप्रथम लेखकले इब्राहिम गिर्यसनलाई नै धन्यवाद दिने गरेको छ । यतिमात्र होइन अरु किराँतहरुको बारेमा पनि गिर्यसनकै भाषा विज्ञानलाई अगाडी सारेर लेख्ने गरेको छन् । त्यसपछि कुक, एडवार्ड, जे.टाइम्स आदि पश्चातका विद्धानहरुले पनि थारु र थारु रीतिरिवाज, भाषा, रहनसहन र भर्म संस्कृतिबारे प्रकाश पारेका छन् । त्यसैले किराँत क्षेत्रिय थारुहरुलाई पनि विदेशीहरुले मंगोल वा तिब्बती, बर्मिन आदि शब्दले फुट पार्ने प्रयास गरेका छन् । थारु जातिमा सबै स्थानको भाषा एकै किसिमको पाइदैन । पश्चिम थारुमा अवधि भाषा, मध्य भागका थारुमा भोजपुरी र पूर्वी भागमा थारुमा मैथली भाषाको प्रभाव रहेको छ (धिताल, २०४४) ।

विभिन्न विद्धानहरुले नेपालको तराई तथा भित्री मधेस क्षेत्रमा बसोबास गर्ने आदिवासी थारु जातिको उत्पत्ति, बसोवास , सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा विभिन्न अध्ययन, अनुसन्धान तथा सोध कार्य गरि प्रकाश पार्ने जमर्को गरेतापनि समाजशास्त्रीय दृष्टिकोणले उनिहरुको सामाजिक तथा आर्थिक अवस्था बारे गहन अध्ययन भएको पाइदैन । तसर्थ थारुहरुका विषयमा विभिन्न विद्धानहरुबाट लेखिएका लेख, अनुसन्धान तथा कृतिहरु नै भएपनि हाम्रो अध्ययनका लागि सहयोगी हुन सक्दछन् । तर पनि हाम्रो अध्ययनको

विषयवस्तुलाई समेटेर लेखिएको कृतिहरु कमै भएकोले र थारु जातिको विषयमा अझै थप अनुसन्धान एवं विचार गर्न आवश्यक भएकोले उपरोक्त प्रकाशनहरु हाम्रा अध्ययनमा सहायक सामाग्रीका रुपमा प्रयोग भएपनि मालाखेति गा.वि.स.का थारुहरुको आफ्नै मौलिक पक्ष माथि विशेष ध्यान दिईएको छ ।

यसरी विभिन्न विद्धानहरूले नेपालको तराई तथा भित्री मधेशमा बसोबास गर्ने आदीवासी थारूजातिको उत्पत्ती, बसोबास, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा विभिन्न अध्ययन, अनुसन्धान तथा शोधकार्य गरी प्रकाश पार्ने जर्मर्को गरेका आदिवासी भए तापनि समाजशास्त्रीय दृष्टिकोणले उनीहरूको सामाजिक तथा आर्थिक अवस्थाबारे त्यतिको गहन अध्ययन भएको पाइदैन ।

# अध्याय-तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

यस अध्ययनका लागि कैलाली जिल्लाको मालाखेति गा वि स वडा नं ९ लाई अध्ययनक्षेत्र छनोट गरिएको छ । कैलाली जिल्लाको सम्पूर्ण थारूहरूको अध्ययन गर्न समय, स्रोत र साधन बढी लाग्ने भएकाले र उक्त क्षेत्र अनुसन्धानकर्ताका लागि सुविधायुक्त भएकोले मालाखेति गा वि स लाई अध्ययन क्षेत्र छनोट गरिएको हो । यस शोधपत्रमा मालाखेति गा वि स लाई शोधकर्ताले छनोट गर्नुका पछाडि निम्न कारणहरू रहेका छन -

- समय, अर्थ तथा अन्य शहजतालाई मध्यनजर गर्दा शोधकर्ताको चिरपरिचित क्षेत्र भएकोले ।
- थारू जातिको सामाजिक, सांस्कृतिक अवस्थाको अध्ययन गर्न रुचि भएकोले ।
- अध्ययन क्षेत्रमा थारू जातिको बसोबास धेरै भएकोले ।
- शोधकर्ता स्वयं अध्ययन क्षेत्रको बासिन्दा पनि रहेको हुनाले समय, खर्च तथा अन्य सम्पूर्ण कुराहरु अध्ययन गर्दा सहुलियत तथा सजिलो पनि हुने हुनाले नै कैलाली जिल्ला मालाखेति गा.वि.स.का थारु जातिलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

## ३.२ अध्ययनको ढाँचा

यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवैविधिको प्रयोग गरि वर्णनात्मक विधिबाट थारूजातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा वर्णन गरिएको छ ।अन्वेषणात्मक विधिद्वारा यो जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा आएको परिवर्तनको बारेमा अन्वेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३.३ तथ्याङ्क स्रोत र प्रकृति

प्रस्तुत शोधपत्रकालागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा मुख्यतया प्राथमिक र द्वितीय स्रोतलाई अवलम्बन गरिएको छ। प्राथमिक स्रोत अर्न्तगत अन्तर्वार्ता, अवलोकन, प्रमुख जानकार व्यक्तिसँग अन्तर्वार्ता आदिबाट अध्ययनको लागि चाहिने आवश्यक स्रोत तथा तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट प्रांप्त तथ्याङ्क, जिल्ला विकास समिति, विभिन्न वेवसाइट तथा गा वि स आदि बाट प्राप्त अभिलेखलाई लिइएको छ । लेखकले लेखेका पूर्वप्रकाशित पुस्तकको आधारमा तथ्याङ्क संकलन गरिएको छ।

## ३.४ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम् आफैले स्थलगत अध्ययन गरी निम्न विधिहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

### ३.४. १ प्राथमिक स्रोत

### ३.४.१.१ अन्तर्वार्ता

थारु जातिको बारेमा अवलोकन, मुख्य ब्यक्तिहरु संग अर्न्तवार्ता वाट प्राप्त हुन नसकेका तथ्याङकहरु संकलनका लागि यस विधिको प्रयोग गरिएको छ । यस प्रविधि वाट मुख्य गरेर जनसंख्या विवरण, आर्थिक श्रोत, आय, शिक्षाँ र धार्मिक तथ्याङकहरु प्राप्त गर्नका लागि प्रयोग गरिएको छ। थारुहरुको मालाखेति गा.वि.स.मा ऐतिहासिक, सामाजिक, आर्थिक, सांस्कृतिक जस्ता विविध पक्षहरुको अध्ययन गर्न अर्ध-संरचनागत प्रश्नहरुद्वारा अर्न्तवार्ता लिइएको छ । अन्तर्वार्ता लिँदा व्यक्तिगत अन्तर्वार्ता र निर्देशित एवं संरचित अन्तर्वार्ता विधि अपनाइएको छ।

#### ३.४.१.१.१ व्यक्तिगत अन्तर्वार्ता

उत्तरदाताले अनुसन्धान कार्यमा एक पटकमा एक व्यक्तिमा आधारित रहेर अन्तर्वार्ता लिइन्छ । जसमा आमुन्ने सामुन्ने रहेर वार्तालाप गरिन्छ । जसमा कुनै विषयमा साक्षात्कार गर्ने लगाएत गोप्य र व्यक्तिगत सुचना संकलन मा महत्वपुर्ण

विधि मानिन्छ । समुहमा उत्तर नआउने र अत्यन्त व्यक्तिगत जीवन संग सम्बन्धित विषयमा अन्तर्वार्ता लिन उपयुक्त मानिन्छ । अतः यसै विधि द्धारा अन्तर्वार्ता लिई अनुसन्धान लाई प्रभाकारी बनाउने प्रयास गरिएको छ ।

### ३.४.१.१.२ निर्देशित एवं संरचित अन्तर्वार्ता

यस विधिमा प्रश्नावलि सहितको अन्तर्वार्ता लिइन्छ । अन्तर्वार्ताकारले प्रश्न र जाँच सुचि तयार पारि निश्चित परिधि भित्र रहेर अन्तर्वार्ता लिइन्छ । पहिले  नै कति प्रश्न गर्ने,कुन विषयमा जोड दिने र तरिका कुन अपनाउने भन्ने विषयमा निर्देशिका तयार पारि सोहि अनुरुप अन्तर्वार्ता लिइन्छ । अनुसन्धानमा तयार पारिएको अन्तर्वार्ता निर्देशिका परिवर्तन गर्न मिल्दैन र यस अर्थमा यो विधिलाई निश्चित विधिको रुपमा लिने गरिएको हुनाले सोहि विधि अपनाइएको छ ।

### ३.४.१.२ अवलोकन

समाजशास्त्रीय अध्ययनको लागि अवलोकन विधि तथ्याङक संकलनको एक प्रमुख विधि हो । यस विधि वाट थारु जातिको सामाजिक अवस्थाका साथै अन्य पक्षहरु भेषभुषा, पोशाक, लागाइ खुवाई , रहनसहन, बोलीचाली आदिका बारेमा विभिन्न तथ्याङक संकलन गरिएको छ । थारु जातिको विभिन्न सामाजिक संस्कारमा अनुसन्धान कर्ता आफैं बेलाबखत छिटपुट रुपमा सहभागि भइ गाउँमा घटेका घटना र अर्न्तकृयाहरु अवलोकन गरि तथ्याङक संकलन गरिएको छ । अवलोकन गर्दा सहभागी अबलोकन र असहभागी अवलोकन विधिबाट गरिएको छ ।

### ३.४.१.३ प्रमुख जानकार व्यक्तिहरूसगको अन्तर्वार्ता

अध्ययनको क्रममा थारू जातिको उत्पत्ति, विकास, धर्म, संस्कृतिबारे विशेष जानकारी भएका मुख्य व्यक्तिहरूसँग विभिन्न विषयमा अन्तर्वार्ता लिई तथ्याङ्क सङ्कलन  गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क यस सम्बन्धमा प्रकाशित भएका लेख, जि.वि.स. बाट उपलब्ध रेकर्ड, थारूजाति सम्बन्धी स्वदेशी तथा विदेशी लेखकले लेखेका पुस्तक, लेखरचना, पत्रपत्रिकाबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतको रूपमा लिइएको छ।

### ३.५ समग्रता र नमुना छनौट

अध्ययन क्षेत्र कैलाली जिल्ला मालाखेति गा वि स वडा नं ९ मा बसोबास गरेका थारूजातिलाई समावेश गरिएको छ । यस वडामा थारूहरूको जम्मा १५० घरधुरी रहेको छ । जसमध्ये संभावित नमुना छनोटको लट्री विधि प्रयोग गरी समग्रताको प्रतिनिधित्व हुने गरि ३७ घरधुरीलाई नमुनाको रूपमा छनोट गरिएको छ । सुरुमा सबैघरघरमा गई नाम सङ्कलन गरि सङ्कलित घरमुलीका नामलाई खुला भाडामा राखी त्यसमध्ये ३७ घरलाई छनोट गरिएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

सङ्कलित तथ्याङ्कलाई व्यवस्थित गर्न तथ्याङ्कको प्रकृति अनुसार तालिकीकरण र वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । परिमाणात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिका र प्रतिशत निकाल्ने काम गरिएको छ भने गुणात्मक तथ्याङ्कहरूलाई उद्देश्य अनुसार व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिका र प्रतिशत निकाल्ने काम गरिएको छ । भने गुणात्मक तथ्याङ्कहरूलाई उद्देश्यअनुसार व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

अनुसन्धान कार्य सदैव एउटा निश्चित परिधीभित्र रहेर गरिने कार्य भएको हुदाँ अनुसन्धानकार्यको मुल्य र मान्यता पनि निश्चित रूपमा रहेका हुन्छन । अध्ययनका लागी बनाइएका योजना अनुसार कार्य संचालन गर्नुपर्ने हुन्छ । अध्ययन अनुसन्धानकार्यका पनि निश्चित सीमाभीत्र मात्र यसको परिमाण र निष्कर्षहरू मान्य हुन्छन् । यो अध्ययनको उद्देश्य कैलाली जिल्ला मालाखेति गा वि स वडा नं ९ मा बसोबास गरेका थारूजातिको सामाजीक तथा आर्थिक अबस्थाको अध्ययन गर्नु हो । यो अध्ययन केवल कैलाली जिल्ला मालाखेति गा वि स वडा नं ९ मा बसोबास गरेका थारूजातिको अध्ययनबाट प्राप्त हुने निष्कर्ष अन्य क्षेत्र र परिवेशमा लागू नहुनसक्छ ।

# अध्याय - चार

## थारु जातिको सामाजिक,सांस्कृतिक तथा आर्थिक अवस्था

### ४.१ अध्ययन क्षेत्र सामान्य परिचय

### ४.१.१. मालाखेती गा बि स

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको कैलाली जिल्लामा पर्ने यो मालाखेति गा वि स काठमाडौं देखि ७३५ किलोमिटरको दुरीमा पर्दछ । यस गा वि स को पुर्वपट्टि चौमाला गा वि स,पश्चिममा कञ्चनपुर जिल्ला, उत्तरतिर गोदावरि गा वि स र दक्षिणतिर मनहरा गा वि स पर्दछन्। यस गा वि स  लाई ९ वटा वडामा विभाजन गरिएको छ । वि.स.२०६८ सालको जनगणना अनुसार यस गा वि स को कुल क्षेत्रफल ९० वर्ग कि.मी. छ । यो गा वि स समुन्द्र सतह देखि १०९ मी. उचाइमा रहेको छ । यहाँको हावापानी अधिकतम तापक्रम १९$^{\circ}$-४०$^{\circ}$ सेल्सियस न्युनतम ७.५$^{\circ}$ देखि -३.५$^{\circ}$ सेल्सियस तापक्रम रहने गरेको छ । यहाँको वार्षिक वर्षा १५५० मी.मिटर वर्षा हुने गरेको छ । यस गा वि स मा ब्राह्मण, क्षेत्री, थारू दमाई, ठकुरी, सार्की मगर, आदि जातिहरूको बसोबास रहेको छ । (तथ्याङ्क विभाग,२०६८)।

यस स्थानबाट सुदूरपश्चिम विकास क्षेत्रको पहाडि क्षेत्र प्रवेश गर्ने मुख्य नाका रहेको छ । यस क्षेत्रमा मुख्य बजारको रुपमा अत्तरिया बजार रहेको छ । कैलालीको आदिवासि जातिहरूमा संख्यात्मक बाहुल्य भएको र व्यापक रूपमा छरिएर रहेको जाति थारूजाति नै हो । यस जिल्लामा थारूसमुदाय निकै अगाडिदेखि बसोबास गर्दै आएका छन् । यस क्षेत्रमा अन्यजातिको आगमन धेरै पछि मात्र भएको हो । खासगरी औलोको रोकथाम भएपछि अन्यजातिहरू पहाडी क्षेत्रबाट बसाई सरी आएको पाइन्छ । अन्य जातिहरूको व्यवस्थित बसोबास पछि पनि थारूहरू सबैजातिसँग घुलमिल भई उल्लेख्य संख्यामा कैलालीमा बसोबास गर्दै आइरहेका छन् । यसैगरी यस कैलाली जिल्लामा बसोबास गर्ने थारूलाई दंगौरा थारू भनिन्छ । थारूहरू प्राय समथर भु-भागमा बस्न रुचाउने जाति भएकोले कैलाली जिल्लाको मालाखेति गा वि स वडा नं ९ मा थारूजातिको बसोबास रहेको पाइन्छ । यिनीहरूको आफ्नै किसीमको सामाजिक स्तर, सांस्कृतिक प्रचलन, रहनसहन भएको पाइन्छ यस क्षेत्रको थारु बस्तिमा मुख्यत:काठको बार लगाइएको र माटोले

पोतेको जसमा खरको एवम टायल को छानो रहेको घरहरु रहेका छन् ।घरहरु नजिकनजिक रहेका हुन्छन् ।

### ४.१.२. वडागत आधारमा जनसंख्या

वि.स. २०६८ सालको जनगणना अनुसार मालाखेती गा वि स को कुल जनसंख्या २३,८१४ छ । यसमध्ये पुरुष जनसंख्या ११,३०० र महिला १२,५१४ रहेका छन् । यस गा वि स मा जम्मा घरधुरी ४,८०३ रहेको छ । २०६८ सालको जनगणना अनुसार मालाखेति गा वि स को लिङ्ग तथा वडागत आधारमा रहेको जनसंख्या लाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १ :मालाखेति गा वि स को वडागत आधारमा जनसंख्या**

| | | | जनसंख्या | | | कुल | |
|---|---|---|---|---|---|---|---|
| वडा न. | घरधुरी | पुरुष | प्रतिशत | महिला | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ३२५ | ७७२ | १४.५ | ८८० | १३.५ | १,६५२ | १४.० |
| २ | ३२० | ७९५ | १२.५ | ९०१ | १२.३ | १,६९६ | १२.४ |
| ३ | ८६४ | १,९२६ | १२.० | २,२९५ | १२.२ | ४,२२१ | १२.१ |
| ४ | ४२७ | १,०४४ | ७.१ | १,२२१ | ६.८ | २,२६५ | ७.० |
| ५ | १७७ | ४७७ | ११.४ | ५२२ | १०.८ | ९९९ | ११.१ |
| ६ | २४२ | ६१८ | ५.५ | ७०० | ५.७ | १,३१८ | ५.६ |
| ७ | १,०३४ | २,३६७ | ८.१ | २,२८० | ८.२ | ४,६४७ | ८.२ |
| ८ | ६२८ | १,२९१ | ६.५ | १,४९५ | ६.१ | २,७८६ | ६.३ |
| ९ | ७७६ | २,०१० | २.४ | २,२२० | २.५ | ४,२३० | २.४ |
| कुल | ४,८०३ | ११,३०० | ४७.४ | १२,५१४ | ४७.७ | २३,८१४ | १०० |

स्रोत- केन्द्रिय तथ्याङ्क विभाग, २०६८

तालिका १ अनुसार यस गा वि स को कुल घरधुरी ४,८०३ रहेको देखिन्छ र कुलजनसंख्या २३,८१४ छ । जसमध्ये पुरुष ११,३०० (४७.४प्रतिशत) तथा महिला १२,५१४ (५२.६ प्रतिशत) रहेका छन् । महिला भन्दा पुरुष जनसंख्या कम देखिन्छ । जनसंख्याको आधारमा सबभन्दा धेरै वडा.न. ७ मा ४,६४७ रहेको छ भने घरधुरीको आधारमा सवै भन्दा ठूलो वडा न.७ मानै (

१,०३४) घरधुरी रहेको देखिन्छ। जनसंख्या र घरधुरी दुवै हिसाबमा सबभन्दा सानो वडा नं ५ मा जम्मा घरधुरी संख्या १७७ र जनसंख्या ९९९ रहेको छ।

### ४.१.३. जात/जातिको आधारमा जनसंख्या

जनजाति जातियताको आधारमा मालाखेति गा वि स लाई जनजातिहरूको समीश्रण मान्न सकिन्छ। यस गा.व मा भएका जातजातिको आधारमा रहेको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २ : मालाखेति गा वि स को जातिगत आधारमा जनसंख्या**

| क्र.स. | जात/जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थारू | २,७१७ | ११.४० |
| २ | क्षेत्री | ८,९५३ | ३७.५९ |
| ३ | ब्राह्मण | ५,१०५ | २१.४३ |
| ४ | नखुलेका दलित | ९६ | ०.४० |
| ५ | ठकुरी | ८८४ | ३.७१ |
| ६ | दलित (कामी,दमाई, सार्की वादी) | ४,९३४ | २०.७१ |
| ७ | नखुलेका जाति | २४७ | १.०३ |
| ८ | मुश्लिम | २७ | ०.११ |
| ९ | अन्य (मगर, गुरुङ, तामाङ आदि) | ८५१ | ३.५७ |
| **जम्मा** | | २३,८१४ | १०० |

स्रोत :-केन्द्रीय तथ्याकं विभाग, २०६८

तलिका २ अनुसार यस मालाखेति गा वि स को कुलजनसंख्यामा (११.४० प्रतिशत) थारू जाति रहेको पाइन्छ। त्यसैगरी क्षेत्रीयहरू (३७.५९ प्रतिशत), ब्राह्मणहरू (२१.४३ प्रतिशत) नखुलेका दलित (०.४० प्रतिशत), ठकुरी (३.७१ ), नखुलेका जाति (१.०३ प्रतिशत) मुश्लिम (

०.११), रहेको पाइन्छ । त्यस्तै दमाई, कामी, सार्की एवम् बादीहरू गरी जम्मा २०.७१ प्रतिशत रहेको देखिन्छ । ३.५७ प्रतिशत अन्यजातिमा मगर, गुरुङ, तामाङ, सन्यासी आदि जातिहरू रहेको पाइन्छ ।

## ४.२ सामाजिक सांस्कृतिक अवस्था

### ४.२.१ थारूजातिको परिचय

आदिमकालदेखि नेपालमा बसोबास गर्दै आएका पुराना जातिहरूमध्ये थारू एक प्रमुख जाति हो । कृषिकर्मलाई मुलपेशा बनाई समथर भू-भागमा बसोबास गरी जीविकोपार्जन गर्ने थारू जाति कैलाली जिल्लामा बसोबासका दृष्टिले सबभन्दा पुरानो मानिन्छ । थारूजातिको उत्पत्ती र इतिहासबारे स्वदेशी तथा विदेशी दुवै थरीका विद्धानहरूमा बैचारिक मतऐक्यता पाइदैन । थारूहरूलाई मंगोलियन, द्रविडीयन, द्रविड मंगोल र मिश्रीत जातिको रूपमा चिनाउने पृथक - पृथक विद्धानहरू छन् । अधिकांश विद्धानहरू रुपरंग र शारीरिक बनावटको आधारमा थारूलाई मगोलियन मान्दछन् भने केही विद्धान राजस्थानको थार प्रदेशसँग सम्बन्ध देखाई थारूलाई राजपुत क्षेत्री मान्दछन् । नेपालमा थारूजातिको पहिलो थलो दाङ उपत्यका मानिएको छ । त्यस उपत्यकामा भएका दंगौरा थारूहरू बसाई सर्दै कैलालीतर्फ आएका हुन् ( मेचि देखि महाकाली ४:२०३१: ९४०) ।

कैलालीको आदिवासि जातिहरूमा संख्यात्मक बाहुल्य भएको र व्यापक रूपमा छरिएर रहेको जाति थारूजाति नै हो । यस जिल्लामा थारूसमुदाय निकै अगाडिदेखि बसोबास गर्दै आएका छन् । यस क्षेत्रमा अन्यजातिको आगमन धेरै पछि मात्र भएको हो । खासगरी औलोको रोकथाम भएपछि अन्यजातिहरू पहाडी क्षेत्रबाट बसाई सरी आएको पाइन्छ । अन्य जातिहरूको व्यवस्थित बसोबास पछि पनि थारूहरू सबैजातिसँग घुलमिल भई उल्लेख्य संख्यामा कैलालीमा बसोबास गर्दै आइरहेका छन् । यसैगरी यस कैलाली जिल्लामा बसोबास गर्ने थारूलाई दंगौरा थारू भनिन्छ । थारूहरू प्राय समथर भु-भागमा बस्न रुचाउने जाति भएकोले कैलाली जिल्लाको मालाखेति गा वि स वडा नं ९ मा थारूजातिको बसोबास रहेको पाइन्छ । यिनीहरूको आफ्नै किसीमको सामाजिक स्तर, सांस्कृतिक प्रचलन, रहनसहन भएको पाइन्छ ।

यस शोधकार्यको अध्ययनक्षेत्र अन्तर्गत रहेको मालाखेति गा वि स वडा नं ९ का थारू जाति पहाडीया मानिसहरूको सम्पर्कले गर्दा आफ्नो चालचलन तथा भेषभुषा भुलिसकेका देखिन्छन् । यहाँका थारूजातिलाई आफ्नो उत्पति थलोबारे खासै जानकारी नभएपनि बुढा पाका थारूका अनुसार उनीहरूका पुर्खा दाङ उपत्यकाबाट बसाई सर्दै कैलाली पुगेका हुन् । यस नगरपालिकाका थारूजातिको थरमा दहीत, कुश्मी, रजगैया, मजगैया आदि थर भए पनि उनीहरूले आफ्नो नामपछाडि चौधरी मात्र लेख्ने गरेको पाइन्छ । यस मालाखेति गा वि स का थारू जातिको सामाजिक, साँस्कृतिक अवस्था अन्य जातिको भन्दा फरक रहेको छ ।

### ४.२.२ जनसंख्या

कुनै पनि ठाउँको सामाजिक अवस्था त्यहाँको जनसंख्याको बनावट, उमेर र लिङ्गमा आधारित हुन्छ । अध्ययनको क्रममा उत्तरदाताको उमेर अनुसारको जनसंख्या गणना गरिएको थियो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : उमेर अनुसार उत्तरदाताको विवरण**

| क.स | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-३० | ६ | १६.० |
| २ | ३०-४० | १० | २८.० |
| ३ | ४०-५० | ११ | ३०.० |
| ४ | ५०-६० | ७ | २०.० |
| ५ | ६० भन्दा माथि | ३ | ६.० |
| जम्मा | | ३७ | १००.० |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

तालिका ३ अनुसार २० देखि ३० वर्ष उमेर समूहका उत्तरदाताको संख्या ६ वा १६.० प्रतिशत रहेको छ भने ३० देखि ४० वर्ष उमेरसमूहको उत्तरदाताको संख्या १० जना रहेको छ जुन कुल नमुनाको २८.० प्रतिशत हुन जान्छ । त्यस्तै ४० देखि ५० वर्ष उमेरसमूहको उत्तरदाताको संख्या ११ रहेको छ जुन प्रतिशतको हिसावले हेर्दा ३०.० हुन जान्छ । त्यसरीनै कुल नमुना

मध्येबाट ७ जना वा ५० देखि ६० वर्ष उमेरसमूहको उत्तरदाता भएकोमा ३ जना उत्तरदाता ६० वर्ष भन्दा माथिको उमेर समूहबाट छनौट गरिएको छ ।

**उत्तरदाताको लिङ्गगत विवरण**

सामाजिक अध्ययनमा लिङ्गगत विवरणले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ यसै सन्बन्धमा अध्ययन गरिएको ३७ घर परिवारमा २० जना अर्थात ५४.० प्रतिशत पुरुष र १७ जना अर्थात ४६.० प्रतिशत महिला उत्तरदाता रहेका छन् । यसबाट महिला भन्दा पुरुष उत्तरदाता बढी रहेको देखिन्छ ।

**उमेर लिङ्ग अनुसार छनौट परिवारको जनस्ंख्या विवरण**

कुनै पनि समुदायको सामाजिक आर्थिक अध्ययन गर्नका लागि त्यस समुदायको जनसंख्याको संरचनामा उमेर र लैङ्गिक आधारमा त्यस जनसंख्याको सक्रिय श्रम शक्ति र आर्थिक रुपले सक्रिय जनसंख्याको स्थिति थाहा पाउन सकिन्छ । साथै निस्क्रिय जनसंख्याको आधारमा जान्न सजिलो पर्दछ । उमेरगत जनसंख्या भन्नाले विभिन्न उमेर समूहका व्यक्तिहरु भन्ने बुझाउँछ । त्यस्तै लैङ्गिकताले महिला र पुरुष भन्ने बुझाउँछ । अध्ययन क्षेत्र मालाखेति गा वि स वडा नं ९ का थारु जातिहरुको उमेर र लैङ्गिक आधारमा प्राप्त जनसंख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : उमेर लिङ्ग छनौट अनुसार परिवारको जनसंख्या विवरण**

| उमेर | पुरूष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-४ | १७ | ५.७० | २० | ६.७१ | ३७ | १२.४१ |
| ५-१४ | २७ | ९.०६ | २५ | ८.३९ | ५२ | १७.४४ |
| १५-५९ | ९७ | ३२.५५ | ९४ | ३१.५४ | १९१ | ६४.०९ |
| ६० भन्दा माथि | ११ | ३.६९ | ७ | २.३४ | १८ | ६.०४ |
| जम्मा | १५२ | ५१.० | १४६ | ४८.९८ | २९८ | १००.० |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण २०७३

तालिका ४ अनुसार छनौट परिवारको जम्मा जनसंख्या २९८ रहेको छ। जसमध्ये ५१.० प्रतिशत पुरूष र ४८.९८ प्रतिशत महिला रहेका छन्। यस तालिकामा ०-४ वर्ष उमेर समूहको जनसंख्यालाई शिशुको रुपमा, ५- १४ वर्ष सम्मको जनसंख्यालाई विद्यालय जाने उमेरको बालबालिकाको रुपमा लिइएको छ। यस्तै गरी १५-५९ वर्ष उमेर समूहको जनसंख्यालाई आर्थिक एवम सामाजिकरुपले सक्रिय जनसंख्याको रुपमा र ६० वर्ष भन्दा माथिको जनसंख्यालाई निस्क्रिय जनसंख्याको रुपमा लिइएको छ। ६० वर्ष भन्दा माथिको जनसंख्या पुरै बसेर खाने चाहिँ हुँदैनन। सक्रियरुपले काम गर्न नसकेपछि धार्मिक एवम् सांस्कृतिक क्रियाकलापमा यो जनसंख्या निकै सक्रिय रहेको पाइन्छ। तालिकाबाट प्रस्ट हुन्छ कि ०-४ वर्ष उमेर समूहको जनसंख्या भन्दा ५ देखि १४ वर्ष उमेर समूह जनसंख्या बढी देखिन्छ। १५-५९ वर्षको उमेरको जनसंख्यालाई आर्थिक उपार्जन गर्न सक्षम उत्पादक जनसंख्याको रुपमा लिन सकिन्छ। यस थारु जातिमा यो उमेरको जनसंख्या सबभन्दा बढी ६४.०९ प्रतिशत रहेको देखिन्छ। यो उमेरको जनसंख्यालाई हेर्दा पुरुष नै बढी ३२.५५ प्रतिशत र महिला ३१.५४ प्रतिशत मात्रै रहेको देखिन्छ। यस्तै गरी ६० वर्षभन्दा माथिको जनसंख्या सबैभन्दा कम ६.०४ प्रतिशत रहेको छ। लैङ्गिक आधारमा पुरुषको जनसंख्या बढी देखिन्छ।

### ४.२.३ परिवारको किसिम

परिवार सर्वव्यापी सामाजिक संस्था हो। परिवारमा संख्याका आधारमा सदस्यहरू रहेका हुन्छन्। आमाबुवा र तिनीहरूको अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकल परिवार भनिन्छ। आजको आधुनिक समाजमा यस्तो किसीमको परिवारमा वृद्धि भएको पाइन्छ। तीन वा तीन भन्दा बढी पुस्ता एउटै परिवारमा रहन्छन् भने यस्तो परिवारलाई सयुक्त परिवार भनिन्छ। यस शोधपत्रको अध्ययन क्षेत्र मालाखेति गा वि स वडा नं ९ मा बस्ने थारूजातिको घरपरिवारको किसीमलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५ : परिवारको बनावटको आधारमा उत्तरदाताको विवरण**

| क.स. | परिवारको किसीम | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | २२ | ६०.० |
| २ | संयुक्त | १५ | ४०.० |
| जम्मा | | ३७ | १००. |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण २०७३

तालिका ५ अनुसार अध्ययन क्षेत्रका वडा नं ९ का कुल ३७ घरधुरी मध्ये २२ अर्थात ६० प्रतिशत एकलपरिवार र बाँकी १५ अर्थात ४० प्रतिशत घरपरिवार संयुक्त परिवारमा बसेको देखिन्छ । यसरी अध्ययन क्षेत्रका थारूहरूको पारिवारिक संरचना संयुक्त बाट एकलपरिवार तिर परिवर्तन हुदै गएको पाइन्छ । यसरी थारु जातिमा एकात्मक परिवारप्रतिको आकषर्ण बढ्नुमा छोराहरुले बाबुसरह बराबरीको माग गर्नु, जनसंख्याको वृद्धि हुनु, बढ्दो गरिबी, घरपरिवारको व्यवस्थापनमा समस्या , तथा सामाजिक परिवर्तन आदि प्रमुख कारण रहेको पाइन्छ ।

**पारिवारिक प्रथामा आएको परिवर्तन**

थारू जातिमा विद्यमान संयुक्त परिवार प्रथामा पनि परिवर्तन भई एकात्मक परिवारमा परिणत हुँदै गएको पाइन्छ । आजकल धैरै थारूहरू खेतीपातीको काम छोडेर अन्यत्र गई काम गर्न थालेकोले र पछि आफ्नो श्रीमती र छोराछोरीहरूलाई पनि सँगै राख्न थालेकोले संयुक्त परिवारबाट एकात्मक परिवारमा परिणत हुँदै गएको हो । यहाँका अधिकांश युवाहरूमा थोरै सन्तान सहित एकात्मक परिवारमा जीवन बिताउने चाहनातर्फ बुद्धि हुँदै आएको पाइन्छ ।

## ४.२.४ घरको बनावट

बासस्थान हरेकमानिसको एक महत्वपूर्ण आधारभूत आवश्यकता हो । अध्ययनक्षेत्रका थारूजातिको घरवनाउने शैली प्रायः एकै प्रकारको आफ्नै शैलिको पाइन्छ । परम्परागत रूपमा थारूहरूको घर काठको खामा ३-४ लहर गाडेर, बाँस वा अन्य काठले बेरेर त्यसमा गोबर माटोले लिपेर बनाएको हुन्थ्यो । कोठामा स-साना झ्याल बनाउने चलन थियो । घरको छाना पनि माटोको टायल हुन्थ्यो । आजकल परम्परागत घर बनाउन छोडेर पहाडिया परम्पराका तले घर बनाएको

पाइन्छ । यसका साथै घरमा ठूला-ठूला कोठा झ्यालहरू बनाएको पाइयो । अधिकांश घर टायल वा जस्ताले छाना छाएको हुन्छ । सम्पन्न थारूहरूले पक्की घरहरू पनि बनाएको पाइयो र भान्साकोठा कसैको बेग्लै घरमा हुन्छ भने कसैको एउटै घरमा  हुन्छ । अध्ययन क्षेत्रका नमुना छनौटमा परेका उत्तरदाताहरूको घरको किसिमलाई निम्न तालिकमा देखाइएको  छ ।

**तालिका  ६ : घरको किसीमको आधारमा उत्तरदाताको विवरण**

| क.स. | घरको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कच्ची | २३ | ६२.० |
| २ | पक्की ⁄ ढलान | १४ | ३८.० |
| जम्मा | | ३७ | १००.० |

स्रोत : अध्ययनक्षेत्र सर्वेक्षण, २०७३

तलिका ६ मा थारूहरूको घरको किसिमलाई देखाइएको छ । यी घरहरूमा कच्चि २३ वटा अर्थात ६२ प्रतिशत र पक्की १४ वटा अर्थात ३८ प्रतिशत पाइयो । कच्चीघरहरूमा पहाडिया परम्पराका काठ र माटो प्रयोग गरेको एक वा दुइतले बनाएको देखिन्छ भने कच्चीघरको छाना जस्ता, इट्टाको टायलले छाएको पाइन्छ । यस्तैगरी पक्की घरहरूमा ९ वटा घर इट्टाको भित्ता भएको सीमेन्टको टायलले छाएको देखिन्छ भने ५ वटा ढलान गरी बनाएको पाइन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ  भने थारु जातिमा परम्परागत घर बनाउने चलन  घट्दै गएको छ । यस्तै गरी अन्य जातिहरुसँगको सम्बन्धले पहाडीया परम्पराका  घरहरु  बनाउन थालेको पाइन्छ ।

**बसोबासमा आएको परिवर्तन**

परम्परागत रुपमा थारुहरूको घर नजिक नजिक गुजमुञ्ज परेको हुन्थ्यो र भुइँतले घरमा बस्न मन पराउँथे भने अहिले आएर टाढा टाढा घर बनाएको पाइन्छ भने अन्य जातिका जस्तै तले घरे बनाउने प्रचलन देखिन्छ । कतिपय आर्थिक रुपले पनि सम्पन्न थारूहरूले पक्की घर बनाई बसेको पनि पाइन्छ । यसैगरी यस क्षेत्रका थारूहरूले अन्य जातिले जस्तै आधुनिक घर बनाउन थालेको पनि  पाइन्छ ।

### ४.२.५ शिक्षा

आजको एक्काइसौ शताब्दीमा शिक्षा अत्यन्त महत्वपूर्ण कुरा भएको छ । जबसम्म समाजमा शिक्षाको विकास हुदैन तवसम्म कुनैपनि बिकास हुनसक्दैन । नेपालमा थारूजातिमा अन्यजातिको तुलनामा साक्षरता प्रतिशत निकै कम देखिन्छ । जसको फलस्वरूप थारू परिवारमा कम्लहरी प्रथा, कमैया प्रथा हालसम्म पनि पाइन्छ । अध्ययन क्षेत्र मालाखेति गा वि स वडा नं ९ मा बसोबास गर्ने थारूजातिमा शिक्षाको स्तर अन्य जातिको तुलनामा कमजोर पाइन्छ । तापनि हाल शैक्षिक जागरणका कारण आफ्ना बालबच्चाहरूलाई विद्यालय पठाउने क्रम जारीरहेको पाइन्छ । यस क्षेत्रका थारूजातिको लागि अध्ययन गर्ने विद्यालय नजिकै भएको कारण सवैजसो बालवच्चाहरू विद्यालय जाने गरेको देखिन्छ । विद्यालय शिक्षाबाट बञ्चित थारूहरूले प्रौढशिक्षा बाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । यस क्षेत्रका थारू जातिमा आई.ए. वा सो भन्दा माथि अध्ययन गर्ने जनसंख्या निकै कम रहेको देखिन्छ । विद्यालय गए पनि विचैमा पढाई छोड्ने प्रवृति रहेको देखिन्छ । यस गा वि स का थारूजातिको शैक्षिक स्थिति के कस्तो भन्ने कुरा तलको तालिकामा देखाएको छ ।

**तालिका ७ : शैक्षिक स्थिति अनुसार उत्तरदाता परिवारको विवरण**

| क्र.स. | शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कक्षा १-५ | ४४ | १६.७ |
| २ | कक्षा ६-१० | ३१ | ११.७ |
| ३ | एस.एल.सी. | १४ | ५.३ |
| ४ | आइ.ए वा सो भन्दा माथि | ५ | २.० |
| ५ | प्रौढ | ८४ | ३२.२ |
| ६ | निरक्षर | ८३ | ३१.८ |
| जम्मा | | २६१ | १००.० |

स्रोत : अध्ययनक्षेत्र सर्वेक्षण,२०७३

तालिका ७ अनुसार उत्तरदाता परिवारको शैक्षिक स्थिति हेर्दा १ देखि ५ कक्षासम्म अध्ययन गर्ने संख्या ४४ जना अर्थात १६.७ प्रतिशत रहेको छ, ६ देखि १० कक्षासम्म अध्ययन गर्ने संख्या ३१ जना अर्थात ११.७ प्रतिशत, एस.एल.सी. सम्म अध्ययन गर्ने संख्या १४ जना अर्थात ५.३ प्रतिशत र आइ.ए. वा सो भन्दा माथि अध्ययन गर्ने संख्या ५ जना अर्थात २.० प्रतिशत रहेको छ। यसैगरी प्रौढशिक्षा लिनेको संख्या ८४ जना अर्थात ३२.२ प्रतिशत र निरक्षरको संख्या ८३ जना अर्थात ३१.८ प्रतिशत रहेको छ।

यस तथ्याङ्कबाट के देखिन्छ भने उत्तरदाताको परिवारमा १-५ कक्षा सम्म अध्ययन गर्ने संख्या सवै भन्दा बढी १६.७ प्रतिशत र आई. ए. वा सो भन्दा माथि अध्ययन गर्ने संख्या २.० प्रतिशत सवैभन्दा कम रहेको देखिन्छ। थारु परिवारमा आर्थिक कारण, रोजगारीको अवसर कम प्राप्त गर्नु, अनुत्तीर्ण भए बीचैमा पढाइ छाड्ने प्रवृत्ति र अलि ठूलो भएपछि घरायसरी काममा लागि हाल्न प्रवृत्तिले गर्दा एस.एल.सी. , आई.ए. वा सोभन्दा माथि अध्ययन गर्ने जनसंख्या कम रहेको देखिन्छ। यसबाट के भन्न सकिन्छ भने थारूपरिवारमा शैक्षिक चेतना बढ्दै गएपनि यिनीहरूको शैक्षिक स्तर त्यति राम्रो देखिदैन।

**शैक्षिक क्षेत्रमा आएको परिवर्तन**

शैक्षिक चेतनाको विकासले गर्दा यहाँका थारूहरूले आफ्ना छोराछोरीलाई विद्यालय पठाउने क्रम बढेको पाइन्छ। पहिलेका पुस्ताहरु निरक्षर रहेकोमा हालका पुस्ता भने साक्षरता र उच्च शिक्षा हासिल गर्नतर्फ अगाडि बढेको पाइन्छ। कतिपय निरक्षर प्रौढहरू पनि विभिन्न संघसंस्थाद्वारा सञ्चालित प्रौढ शिक्षा कार्यक्रममा सहभागीभई साक्षर हुँदै आएको पाइन्छ। शिक्षाको कमीले आफूले अन्य जातिको शोषणमा परेको अनुभव गरेका थारूहरू आजको समयमा छोराछोरीलाई शिक्षा दिनु अति आवश्यक भएको धारणा व्यक्त गर्दछन्। बुढापाकाको तुलनामा अहिलेका युवापुस्ताहरूमा शैक्षिक जागरण निकै वृद्धि भएको कारण सामाजिक कार्यतर्फ पनि अग्रसर भएको पाइन्छ। यसै गरी यिनीहरुले आफ्ना बालबच्चालाई बोडिङमा पढाउने चलन पनि बढ्दो रुपमा देखिन थालेको पाइन्छ।

### ४.२.६ परिवार नियोजन

यस अध्ययन क्षेत्र मालाखेति गा वि स वडा नं ९ मा बसोबास गर्ने अत्यधिक थारू व्यक्तिहरूलाई परिवार नियोजन सम्वन्धी जानकारी रहेको पाइयो । उत्तरदाता सबै महानुभावहरूलाई पनि परिवार नियोजन सम्बन्धी जानकारी रहेको पाइन्छ । परिवार नियोजनको ज्ञान हुनेहरूमध्ये प्रायजसोले अस्थायी परिवार नियोजनको साधन प्रयोग गरेको पाइयो भने कमैले मात्र स्थायी परिवार नियोजनको साधन प्रयोग गरेको पाइयो । यस्तै जानकारीको स्रोतमा रेडियो, पत्रपत्रिका, टि.भी., स्वास्थ्यकर्मीहरू आदि रहेका छन् । हालका साक्षर पिढीमा भने परिवार नियोजन गरी थोरै बच्चा जन्माउने धारणाको विकास भएको पाइन्छ । विशेषगरी महिला तथा पुरूषले गर्ने अप्रेशन तथा अस्थायी साधनमा कण्डम, पील्स, डिपोप्रोभेरा आदि रहेका छन् । दुवै किसीमका साधनहरूको प्रयोग अधिकांश रूपमा महिलाहरूले नै गरेको पाइन्छ । उत्तरदाता थारूहरूको परिवार नियोजनको साधनको प्रयोगलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : परिवार नियोजनको साधनको प्रयोग**

| क्र.स | परिवार नियोजनको स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयोग गरेको | ३१ | ८४.० |
| २ | प्रयोग नगरेको | ६ | १६.० |
| जम्मा | | ३७ | १००.० |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

तालिका ८ मा ३७ जना उत्तरदातामध्ये ३१ जनाले परिवार नियोजनको साधन प्रयोग गरेको जुन ८४.० प्रतिशत हुन आउछ । र ६ जनाले प्रयोग नगरेको अर्थात १६.० प्रतिशत रहेको पाइन्छ । यसैगरी सानो परिवारमा बस्ने चाहना, शैक्षिक जागरण, बालबच्चाको उचित पालनपोषण र शिक्षाको लागि थोरै सन्तान जन्माउनुपर्ने चेतनाको विकासको कारणले यस जातिमा परिवार नियोजन प्रति सकारात्मक धारणाको विकास भएका पाइन्छ ।

### ४.२.७ स्वास्थ्य

यस अध्ययन क्षेत्रमा थारू जातिको सरसफाइ सम्वन्धी चेतनाको अभिवृद्धि र वृहत सामाजिक अर्न्तक्रियाले गर्दा यहाँको वरिपरीको वातावरण सफा देखिन्छ । यहाँका धेरैजसो थारूहरूले घर क्षेत्रमा नै शौचालय बनाएको पाइन्छ । खानेपानीको लागि यस क्षेत्रमा हातेपम्प नै प्रयोग गरेको देखिन्छ । वर्तमान समयमा थारूजातिमा आएको शैक्षिक जागरण, स्वास्थ्य सम्वन्धी चेतना, बढदो उपचारकेन्द्रले विरामी पर्दा सोभै अस्पताल लैजाने क्रम बढी रहेको पाइन्छ । यहाँका थारूजातिमा उपचार गर्ने पद्धतीबारे तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९ :उपचार पद्धतिको आधारमा उत्तरदाताको विचार**

| क.स | उपचार पद्धति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत पद्धति (गुरुवा, झारफुक) | १३ | ३५.० |
| २ | आधुनिक चिकीत्सा पद्धति (अस्पताल, हे.पो.) | २४ | ६५.० |
| जम्मा | | ३७ | १००.० |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण २०७३

तलिका ९ मा ३७ जना उत्तरदाताहरूमध्ये परम्परागत उपचार पद्धतीलाई प्राथमिकता दिने उत्तरदाता ३५.० प्रतिशत छन् । आधुनिक पद्धतीलाई अपनाउनेको संख्या ६५.० प्रतिशत रहेको छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने थारूहरूको आफ्नै परम्परागत उपचार पद्धती ( गुरुवा,झारफुक) कायमै रहेपनि अस्पताल लैजाने प्रवृत्ति बढेको देखिन्छ । अहिलेको शिक्षित युवावर्गले परम्परागत पद्धति (गुरुवा, झारफुक) प्रति कम विश्वास गर्न थालेको देखिन्छ ।

**तालिका १० : शौचालयको प्रकार**

| शौचालयको प्रकार | घरसंख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | २४ | ६५.० |
| पक्की | १३ | ३५.० |
| जम्मा | ३७ | १००.० |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

तालिका १० अनुसार ६५.० प्रतिशत अर्थात २४ घरपरिवारले कच्ची शौचालयको प्रयोग गरेको पाइयो भने ३५.० प्रतिशत अर्थात १३ घरपरिवारले पक्की शौचालयको प्रयोग गरेको देखिन्छ । यस्तै गरी जथाभावी दिशापिशाव गर्दा रोगव्याध फैलन्छ । यसकारण चर्पी बनाउनु पर्दछ भन्ने अवधारणा यहाँका थारूजातिमा बढ्नै गएको पाइन्छ ।

### ४.२.८ महिलाको स्थिति

थारूजातिको परिवारमा महिलाहरूको स्थिति उच्च जातिहरूमा भन्दा उच्चनै हुन्छ । तथा स्वतन्त्रता पनि तुलनात्मक रुपले वढिनै देखिन्छ । थारूहरूको दैनिक, सामाजिक तथा आर्थिक जनजीवनमा स्त्रीहरूले महत्वपूर्ण भूमिका निभाएका हुन्छन् ।

यस अध्ययनक्षेत्रका थारू समाज पुरुष प्रधान भएपनि घरायसी कामकाजहरूमा पुरुष भन्दा महिलाको योगदान बढी देखिन्छ । यस क्षेत्रका महिलाहरू घरेलु क्रियाकलाप, घरधन्दा, जाँडरक्सी बनाउने काममा बढी समय विताउने गर्दछन् । शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति आदि क्षेत्रमा महिला वर्ग निकै पछाडी परेको देखिन्छ । विद्यालयको साधारण शिक्षा हासिल गर्ने ४० जना केही बढी संख्यामा र एस.एल.सी. पास गर्ने महिलाहरूको संख्या ६ जना एकदमै कम रहेको देखिन्छ भने ४९ जना महिलाहरूले प्रौढ शिक्षा लिएको देखिन्छ । घरव्यवहारको काममा निर्णयकर्ता र सल्लाहकारको भूमिका निभाउने कार्यमा महिलाको पनि प्रमूख भूमिका रहेको हुन्छ । आजभोलि भने केही मात्रामा छोराछोरीलाई पढाउने उनीहरूको विवाह गर्ने कुरामा महिलावर्गको निर्णायक भूमिका बढ्दै गएको पाइन्छ ।

आजभोली केही जागरुक महिलाहरू मिलेर महिला उत्थानको लागि महिला समूह गठन गर्ने तथा चेतनाको विकास गर्ने काममा सकिय हुदै आएका छन् । विभिन्न प्रकारका सीपमुलक तालिमहरू लिदै आएको पाइन्छ ।

### महिलाको अवस्थामा आएको परिर्वतन

घरेलु काममा मात्र सीमित भएर शिक्षाबाट वञ्चित महिलाहरू आजकल आयमूलक कार्यमा पनिलागेका देखिन्छ । नोकरी तथा राजनैतिक पक्षमा पनि पहिलेको तुलनामा केही सक्रिय भएका देखिन्छन् । विभिन्न कारणले समाजमा थिचिएर बस्न बाध्य भएका नारीहरू आज

पुरुषको काधमा काधमा दिन र पुरुषसरह नै आफूलाई अगाडि बढाउन केही मात्रा भए पनि यहाँका नारीहरू सक्षम हुँदै गएको पाइन्छ । यस्तै गरी विभिन्न गैरसरकारी संस्थाद्वारा संचालित महिला उत्थान तथा विकास कार्यक्रममा सहभागी भई महिला समूह गठन गर्ने तथा विभिन्न सीप, तालिम आदिबाट नारीलाई अगाडि बढाउने कार्यप्रति जागरूक हुँदै आएको पाइन्छ ।

### ४.२. ९ सामाजिक हकः सम्पत्तिको हक

परम्परागत रुपमा नेपालको चलन पैतृक सम्पत्तिमा विशेषगरी छोराहरूको हक लाग्ने गर्दछ । यसरी यस अध्ययन क्षेत्रमा पनि यही प्रचनल रहेको पाइन्छ । पैतृक सम्पतीमा महिलाको अधिकार एक आन्दोलन भएपनि हालसम्म यस आन्दोलनको यस क्षेत्रमा कुनै प्रभाव परेको पाइदैन । पैतृक सम्पत्तीको स्थानान्तर पनि छोरामै जाने परम्परा यहाँका थारूजातिमा पाइन्छ ।

### ४.२.१० नातेदारी व्यवस्था

नाता भनेको सामाजिक सम्वन्ध हो । जुन जन्म र विवाह पछि सृजना हुन्छ । नाताले वंशज र जैविक सम्वन्धमा मात्र नराखी आफ्नो निश्चितता क्षेत्र भित्र भएको दायित्व र अधिकार पनि निर्धारण गर्दछ । विशेषतः मानिस जन्मदै नातामा वाधिन पुग्दछ र विवाह पछि फेरी अर्को नातामा बाधिन पुग्दछ । यसैगरी थारूजातिमा नाता सम्बन्ध एकदमै बलियो र सुमधुर हुने गर्दछ । यस अध्ययन क्षेत्रका थारूसमुदायमा भएका यिनै पारिवारिक सम्वन्धका केही नाता सम्बन्धहरू तल दिइएका छ ।

| नाता पर्ने व्यक्ति | | सम्बोधन गर्ने शब्द |
|---|---|---|
| बुवा | = | बाबा |
| आमा | = | डाई |
| बाजे | = | बुदु |
| बज्यै | = | बुदी |
| दाई | = | दाजु |
| भाई | = | भैया |

यसरी माथिको नाता सम्बन्ध हेर्ने हो भने नेपाल अधिराज्यको पश्चिमी भागमा बसोबास गर्न थारूजातिले आफ्ना नातेदारलाई यही नाता सम्बन्धले बोलाउने गर्दछन् र यिनीहरूले आफ्नो नातेदारलाई गोत्यार भन्ने गरेको पाइन्छ ।

**नातेदारी व्यवास्थामा आएको परिवर्तन**

थारूहरू परम्परागत रुपमा निकै ठूलो परिवारमा मिलेर बस्दथे । तर आजभोलि यिनीहरू अन्य जाति जस्तै व्यक्तिवादी भएको पाइन्छ । यस्तो प्रवृत्तिले नातेदारी व्यवस्थामा केही परिवर्तन आएको छ ।

## ४.२.११ सामाजिक संगठन तथा राजनीति

अध्ययन क्षेत्र मालाखेति गा वि स वडा नं ९ को थारूसमाजमा पनि यिनीहरूको आफ्नै प्रकारको सामाजिक संगठन भएको देखिन्छ । यस क्षेत्रका थारूजातिमा पर्याप्त मेलमिलाप तथा सांगठनिक एकता रहेको। सामुहिक कार्य गर्न गाउँमा एउटा जान्ने सुन्ने नेता छानिन्छ । यस्तो नेतालाई थारूहरूले भलमन्सा भन्ने गर्दछन् । यसरी छानिएको नेताले गाउँका बुढापाका व्यक्तिसमक्ष आफ्ना समस्या प्रस्तुत गरेर सामाजिक सभा द्धारा निर्णय गराएर कार्य संचालन गर्दछ । यस्तै यस जातिमा धार्मिक क्रियाकलापको नेतृत्व गुरुवालाई सुम्पिएको हुन्छ । वर्तमान समयमा यहाँका थारूहरूले आफ्नो समाजको वर्चस्व कायम गर्न विभिन्न संघसंस्था जस्तैः थारू कल्याणकारी सभा, थारू समाज, थारूप्रगतिशिल युवा संगठन आदि खोलेका छन् । यस्ता संगठनहरूबाट जातिय स्वतन्त्रता संरक्षणको लागि माग गरी रहेका छन् । यसैगरी यस क्षेत्रका थारूहरूमा राजनैतिक जागरुकता पनि पाइन्छ । स्थानिय स्तरको चुनावमा थारू जातिको बेद प्रकाश चौधरी वडा सदस्य समेत भएका थिए । वर्तमान समयमा यिनीहरू विभीन्न सिद्धान्तमा विश्वास राख्ने भएकोले राजनैतिक गतिविधि प्रति निकै अभिरुची राखेको देखिन्छ ।

**राजनैतिक चेतनामा आएको परिवर्तन**

परम्परागत रुपमा थारूसमाजमा सम्पूर्ण शक्ति गाउँको मुलीमा मात्र सीमित हुन्थ्यो । धार्मिक कार्य गुरुवाको नियन्त्रणमा हुन्थ्यो । तर देशमा कानुन तथा प्रशासनिक तरिकाबाट सामाजिक नियन्त्रणका प्रयासहरू हुन थालेबाट थारूहरूको आफ्नो जातिय सङ्गठन एवम्

सामाजिक संरचनामा धेरै परिर्वतन आएको पाइन्छ । गाउँमा नै बसेर झगडा मिलाउने प्रचलनमा परिवर्तन आई वडाप्रहरी, अदालतमा जाने प्रचलनमा वृद्धि भएको पाइन्छ । आफ्नो भलाईको लागि थारूहरु जातिगत रुपमा सङ्गठित हुन थालेका छन् । त्यस्तै गरी यहाँका थारूहरूले समाजमा आफ्ने वर्चस्व कायम गर्न विभिन्न संघसंस्थाहरू थारू कल्याणकारी सभा, थारू समाज आदि खोलेको पाइन्छ । यस्ता सङ्गठनहरूबाट जातिय स्वतन्त्रता संरक्षणको लागि माग गरिरहेका छन् । यहाँका थारू महिला तथापुरुषमा राजनैतिक चेतनाको विकास भएको पाइन्छ । चुनावमा भोट खसाल्ने कार्यमा पहिले भन्दा बढी सक्रिय हुन थालेको पाइन्छ । हरेक पार्टीका विषयमा र देशमा भइरहेको राजनीतिक उथलपुथलका विषयमा यहाँका थारूहरूलाई ज्ञान हुँदै आएको देखिन्छ । लैङ्गिक समानता र अधिकारका विषयमा बिस्तारै यहाँका महिलाहरूले बुझ्न थालेका छन् ।

## ४.२.१२ सांस्कृतिक अवस्था

हरेक जातिको आ-आफ्नै किसीमको संस्कृती हुन्छ । तसर्थ मालाखेति गा वि स को थारू जातिको साँस्कृतिक अवस्था के कस्तो छ भन्ने कुरालाई विभिन्न शीर्षकहरूमा राखेर विश्लेषण गरिएको छ ।

### ४.२.१२.१ धर्म

थारूहरू आफूलाई परापूर्व कालदेखि हिन्दु धर्म भै अनुयायी भएको बताउँदछन् । यिनीहरू पहिला बौद्ध धर्मका अनुयायी मानिन्थे । यस अध्ययन क्षेत्रका थारूजातिले पनि हिन्दुधर्म मान्ने गरेको पाइन्छ । उनीहरूले पूजा गर्ने देवताहरूमा शिवजी, पार्वती, राम, कृष्ण दुर्गा आदि हुन् । यी देवी देवताहरूलाई घरको देउरार (देवीदेवता राख्ने कोठा) मा राख्ने गर्दछन् ।

### ४.२.१२.२ जन्मसंस्कार (जन्मकरम)

थारु भाषामा जन्मसंस्कारलाई जन्मकरम भन्ने गरेको पाइन्छ । मालाखेति गा वि स का थारूजातिमा आफ्नै प्रकारको जन्मसंस्कार रहेको यस अध्ययन क्षेत्रका थारूजातिमा बालक जन्मिदा सोरिन्या (सुडेनि) बोलाउने चलन छ । वर्तमान समयमा भने अस्पताल लगेको देखिन्छ । शिसुको जन्म भएपछि नाभी काट्ने नुहाइ-धुवाइ गर्ने, सुत्केरीलाई नुहाइदिने, कपडा लगाइदिने एवम् तेल

घसीदिने आदि सवै काम सोरिन्याले गर्दछिन् । शिशु जन्मेपछि साल (नारा) लाई डिहवा (बारी) को एककुनामा गाड्ने गर्दछन् । सुत्केरीलाई मासु सहितको सामान्य भोजन दिइन्छ । सोरीन्याले आमा तथा बच्चाको सवै काम गर्दछिन । बच्चाको नाभी खसेपछि सुरक्षित तवरले घरबाहिर गाड्ने चलन छ । यसैगरी सोरिन्याले वच्चाको आमालाई घर वा (नदी, कुवा, ताल) मा लगी नुहाइ धुवाइ गराउछीन । सुत्केरीले त्यहाँ खुर्सानी, सिन्दुर काजल लगेर चढाइ आएपछि गुरुवाले मन्त्र चारण गर्दै चोख्याउने चलन रहेको पाइन्छ । बच्चा जन्मेको ७-९ दिन भित्रमा चोख्याउँदछन् । सोरिन्याले आवश्यकता अनुसार बच्चा र आमाको हेरचाह गर्दछिन् । सोरिन्याले यसरी काम गरी दिएबापत केही भेटीको रूपमा पैसा, अनाज, लत्ताकपडा पाउँछन् । त्यस्तै यस क्षेत्रमा थारूहरूले बच्चाजन्मेपछि आफ्ना छिमेकी, इस्टमित्रहरूलाई बोलाई रक्सी, मासु र भात खुवाउने परम्परा छ ।

### जन्म संस्कारमा आएको परिवर्तन

गर्भवती महिलाले घरमा बच्चा जन्माउने प्रचलनमा परिवर्तन आई अस्पताल लैजाने प्रचलन बढेको पाइन्छ । सन्तान ईश्वरका वरदान हुन भन्ने अन्धविश्वास बोकेका थारूजातिमा हालपरिवार नियाजनप्रतिको आर्कषणले गर्दा दुई सन्तान जन्माउने प्रथालाई प्राथमिकता दिदै आएको पाइन्छ । वच्चालाई विभिन्न खोप दिने तथा बिरामरी परेको बेला अस्पताल लैजाने गरेको पाइन्छ । बच्चा जन्माएपछि ७ वा ९ औ दिनमा चोख्याउने प्रचलन रहेकोमा आजभोलि यस क्षेत्रका थारूजातिले पहाडियाको सरह ११ औ दिनमा न्वारान गर्ने गरेको पाइन्छ । थारूजातिमा बच्चाको नाम राख्दा समय, बार, महिना आदिलाई आधार बनाएर नाम राख्ने गरिन्थ्यो भने हाल अन्य जातिको जस्तै नाम राख्ने गरेको पाइन्छ । यिनीहरूको प्रचलनमा छैठी, अन्न प्रासन गर्ने चलन थिएन । तर आजकल अन्य जातिको सम्पर्कले गर्दा छैठी र अन्न प्रासन गर्ने गरेको पाइन्छ ।

## ४.२.१२.३ छैठी (छठी)

थारु भाषामा छैठीलाई छठी भन्ने गरेको पाइन्छ । यस थारूजातिमा पहाडिया मूलका जातिमा जस्तै छैठी गर्ने परम्परा रहेको पाइदैन । केहीले पहाडिया संस्कृतिलाई अगाल्न थालेको पाइन्छ । यसैक्रममा छैठी पनि एक हो । यो शिशु जन्मेको ५ वा ६ दिनमा यो उत्सव मनाउने चलन छ ।

### ४.२.१२.४ न्वारन (नौबाउनी)

थारु भाषामा  न्वारनलाई नौवाउननी भन्ने गरेको पाइन्छ । थारू जातिमा शिशुको नाभी नाभी स्थानबाट जुनदिन सुकेर खस्दछ (नाभी स्थानबाट छुट्टीने प्रक्रिया) त्यसै दिन सुत्केरी शुद्धहुने चलन छ । घरमुलिले घर गुरुवा बोलाई आफ्नो कुलदेवताको पूजाआजा गर्दछन् । त्यसपछि गुरुवाले फूलपाती वा जलले सुत्केरी शिशुलाई अभिशेक ( छिट्ना) गर्दछन् । यो प्रक्रिया पूरा भएपछि सुत्केरी शुद्ध हुने चलन छ । थारूजातिमा बच्चाको नामाङ्करण गर्ने त्यस्तो विधि छैन । समय, ठाउँ, दिन, बार, एवम् घटना विशेषका आधारमा नाम राख्ने प्रचलन रहेको भएपनि आजकलका नयाँपुस्ताहरूले पहाडियाहरूको चलन अनुसार नाम राख्न थालेको पाइन्छ ।

### ४.२.१२.५ अन्नप्रासन (भात खुवाइ)

थारु जातिमा अन्नप्रासनलाई भात खुवाइ भन्न गरेको पाइन्छ । थारूजातिमा पहिले अन्नप्रासन गर्ने चलन थिएन । यस अध्ययन क्षेत्रमा थारूजाति पास्नीलाई विस्तारै अगाल्न थालेको पाइन्मछ । अन्न प्रासनको चलन नभएकोले शिशुले भात खान खोजे खुवाइदिने चलन छ । तर वर्तमान समयमा बच्चा ५ वा ६ महिनाको उमेर भएपछि शिशुलाई शुभदिन हेरी अन्न प्रासन गर्ने चलन भएको देखिन्छ । यसबाट बच्चाले समयमै पोषिलो आहार प्राप्त गर्ने अवसर पाउँछ ।

### ४.२.१२.६ नाक, कान छेदन तथा छेगोर (नाक,कान छेदाइना तथा मुढानी कार्य)

थारू जातिमा नाक, कान छेदन तथा छेगोरलाई नाक, कान छेदाइना तथा मुढानी कार्य भनिन्छ । थारु जातिमा पनि अन्य जातिमा जस्तैः- नाक, कान, छेड्न तथा कपाल काट्ने चलन रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा थारूजातिमा पनि नाक, कान, छेड्न तथा कपाल काट्ने चलन रहेको पाइन्छ । सुनचादीबाट बनेका गहना लगाइदिने चलन  छ । ब्रतवन्धको चलन भने थारूजातिमा छैन । यस्तै शिशु जन्मेको २-३ वर्ष वा ५-७ वर्षको उमेर पुगेपछि मामा द्धारा कपाल काट्ने गरिन्छ । कपालकाटि दिएवापत मामाले भान्जालाई आफ्नो गच्छे अनुसारका उपहार दिने गर्दछन् ।

### ४.२.१२.७ रजस्वला (निछुइना)

थारु जातिले रजश्वलालाई निछुइना भन्ने गरेको पाइन्छ । यहाँका थारूजातिमा रजस्वलालाई बार्ने चलन छैन । तर पनि रजस्वला भएको बेला देवताको थानमा जानु हुदैन भन्ने विश्वास पाइन्छ । जुन बाहुन क्षेत्रीको संस्कारबाट लिएको पाइन्छ ।

### ४.२.१२.८ भेषभूषा

जातजाति अनुसार भेषभूषा पनि फरक पाइन्छ । अध्ययन क्षेत्रका थारूजातिको पनि आफ्नै किसीमको भेषभूषा छ । पुरूषलाई थारू र महिलालाई थरुनी भनिन्छ । पुरूषहरूले भोटो र लगौटी लगाउने चलन थियो । स्थानीय रुपमा सिलाएको टोपी पनि लगाउने चलन थियो । पहिले पहिले सबै किसीमका लुगाहरू ठेटुवाका ( एक प्रकारको घरबुना कपडा) हुने गर्दथे ।

महिलाको भेषभूषामा विवाह अघि र पछिको भेषभूषा पनि बेग्लै प्रकृतिको हुन्छ । साना ८-१० वर्ष सम्मका छोरीहरूले फक (जामा) लगाउदछन् भने त्यस भन्दा माथिकोले चोल्या र गोन्या लगाउने चलन पाइन्छ । विवाह भैसकेका महिलाले भने भिन्नै किसीमका लुगा लगाउछन् । जसलाई डैना झुल्वा भनिन्छ । यो एकप्रकारको चोली हा । वर्तमान समयमा पुरुषहरूले कमीज, पाइन्ट, टिर्सट, लगाएको पाइन्छ भने महिलाहरूले साडी, ब्लाउज, कुर्ता सलवार लगाउछन् ।

### ४.२.१२.९ गरगहना

यस अध्ययन क्षेत्रमा थारूमहिलाहरूले परम्परागत रूपमा नथीया, कानमा झिलमीलीया, हातमा औठी, पाखुरामा टप, लाहको चुरा, गोडामा कल्ली, घाटीमा, चादीको सुतीया, चादीको माला, निधारमा टिकली लगाउने चलन थियो । विवाहीत महिलाले हातगोडामा गोद्ना बनाउने प्रक्रिया अनिवार्य थियो । सुनका गहना लगाउने चलन थिएन भन्दा अत्युक्ति नहोला । वर्तमान समयमा सुनका गहना लगाउने चलन थारूजातिमा लोकप्रिय भै सकेको पाइन्छ । हाल यहाँका थारूहरूले टप, सिक्री, तिलहरी जस्ता आधुनिक गहना लगाउन थालेको पाइन्छ । यस्तै गरी यस क्षेत्रमा थारूहरूले हातमा खोपाउने कार्य (गोदान) पनि हाल प्राय हटिसकेको छ ।

**भेषभूषा तथा गरगहनामा आएको परिवर्तन**

थारू जातिले लगाउने पहिरन तथा गरगहनामा पनि परिवर्तन आएको पाइन्छ । पहिले धोती लगाउने, थारू पुरुषहरूले अहिले सट, पेन्ट, टिसर्ट आदि लगाउछन. भने महिलाहरूले चोल्या गोन्याको सट्टामा कुर्ता सुरुवाल, साडी ब्लाउज, मेड्डी मेक्सी आदि लगाएको पाइन्छ । थारू युवायुवतीहरूमा नयाँ फेसनको प्रभाव परेको देखिन्छ । यस अध्ययन क्षेत्रका थारू महिलाहरूले हात पाखुरामा खोपाउने कार्य (गोदना) प्राय हटिसकेको छ भने उनीहरूले लगाउने परम्परागत गरगहनामा चादीको माला, सिकरीया, लाहको चुरा आजकल लगाएको देखिँदैन । सुन, पितलका गरगहना लगाउने गरेको पाइन्छ ।

### ४.२.१२.१० विवाह संस्कार (भ्वाज)

थारूसमाजमा विवाह संस्कारलाई महत्वपूर्ण संस्कारको रूपमा लिएको पाइन्छ । थारूजातिमा विवाहलाई भ्वाज भन्दछन् । यसलाई बडा हर्षोउल्लासका साथ मनाइन्छ । विवाहको ३-४ दिन अघिपछि सम्म चहलपहल हुनेगर्दछ । यसबेला आफ्ना इस्टमित्र समेत सम्पूर्ण घर छिमेकलाई निम्तो गर्दछन् । यसैक्रममा अध्ययन क्षेत्रका थारूजातिमा प्रचलीत विवाहका प्रकारहरूलाई तल वर्णन गरिएको छ ।

### क. मागी विवाह

थारूसमाजमा सबै भन्दा खर्चिलो विवाह मागी विवाह हो । यस क्षेत्रका थारूजातिमा विवाह गर्ने क्रममा केटातर्फबाट केटीको घरमा एकजना लमी पठाइन्छ । कुरा मिलीसकेपछि विवाहको मिति ठेगान गर्ने केटापक्ष बाट घरमूलि (किसनुवा) जाने चलन छ । यसलाई पक्कीप्वार वा ठौकानी खैना भन्दछन् । यस समारोहमा केटापक्षले केटीको घरमा जाँड, रक्सी,, तरकारी, रोटी र ठोकौनी (अनदी धनको चामलबाट बनाइने एक प्रकारको रोटी जस्तै परिकार) ढिक्री (चामलको पीठोबाट बफाएर बनाइको एक किसीमको परिकार) मासु, सुगुर तथा गुन्द्रि (एक प्रकारको सुकुल) लगेर जाने चलन पाइन्छ । त्यसलाई केटापक्षले स्वीकार गरेपछी मात्र विवाह पक्का हुने मानिन्छ । विवाह हुने पक्का भएपछि आफ्ना इस्टमित्र, घरछिमेकलाई मौखिक निमन्त्रणा (निउतादेना) दिइन्छ । तर आजकल भने हुनेखानेले निमन्त्रणाकार्ड छपाउने चलन शुरु भइसकेको छ । यस्तै यस

जातिमा जन्ती प्राय साझमा जाने गर्दछ । दुलहाले आफ्नो गच्छे अनुसारको सरसामग्री र पातपहुरा दुलहीका लागि कपडा, गरगहना लैजाने चलन छ । विवाहमा लैजाने सामानहरूमा रक्सी, मासु नभइनहुने वस्तुहरू हुन् । दुलहीको घरमा जन्ती पुगेपछि दुलहीपक्षकाले जन्ति दुलहालाई पर्छीदिन्छन् । (परछना एक प्रकारको अनुस्ठान) र गोडा धुनेकार्य शुरु हुन्छ । गोडा धुने कार्य दुलहीका बुबा, आमा र नजिकका नातेदाहरूले गर्दछन् । ततपश्चात टिका लगाइदिने चलन छ । यसपछि जन्तीहरूलाई खानपान गराइन्छ । रातभर विवाह कार्य हुन्छ । बिहान खानपान गराइ जन्ती दुलहालाई मात्र लिएर घर फर्कन्छ । राती दुलहीको घरबाट दुलहीलाई डोलीमा राखी दुलहीका साथीहरू दुलहाको घरमा जान्छन् । आजकल भने दुलहादुलही गाडीमा सँगै जाने चलनपनि रहेको पाइन्छ । दुलही दुलाहाको घरमा पुगेपछि दुवैजनालाई पर्छिन्छन् । त्यसपछि २-३ पटक दुलाहा र दुलहीको टाउको जुधाइन्छ । यही क्रम देउरार (देवता राखेको कोठामा दोहोराइन्छ) भोलिपल्ट विहान दुलहीका साथी (पठलरी) लाई दुलहाले केही पैसा दिनु पर्दछ । जसलाई साथी छुटाउने भन्दछन् । दुलहीलाई साथीहरूले लगेर माइतीघरमा फिर्ता जान्छन् । ४ रातपछि पुन दुलाहाको घरमा धेरै जना भएर लिएर आउछन् । यसरी थारूजातिमा मागी विवाह पूर्ण हुन्छ ।

वर्तमान समयमा कतिपय विवाह संस्कारहरु ब्राह्मण क्षेत्रीको जस्तै गर्ने गरेको पाइन्छ । विवाह गर्दा अन्य जातिको जस्तै निमन्त्रणा कार्ड छपाउने, अन्य जातिलाई पनि बोलाउने गरेको पाइन्छ ।

### ख. प्रेमविवाह

केटा वा केटीको कुनै सार्वजनिक स्थल, बाटो, मन्दिर, स्कुल, चाडपर्व, नाचँगान, मेलापर्व कार्य आदिमा भेट भएपछि एक अर्कामा माया प्रेम बढाउदै गएर विवाहमा बाधिने विवाहलाई प्रेमविवाह भनिन्छ । यस्तो विवाहमा केटा वा केटीको अभिभावकहरूको कुनैपनि संलग्नता रहेको पाइदैन । यस्तो विवाह यस अध्ययन क्षेत्रका थारूजातिमा बढ्दो रूपमा पाइन्छ ।

### ग. विधवा विवाह

पहिले पहिले थारूजातिमा विधवा विवाहको चलन रहेको पाइन्छ । यस जातिमा दाजुको मृत्युपछि भाउनुको विवाह देवरसँग गर्ने परम्परा थियो । तर वर्तमान समयमा भने यस्ता

परम्परागत चलनहरू विरलै पाइन्छन् । साथै यस अध्ययन क्षेत्रमा थारूहरूमा यस्तो किसिमको विवाह भएको पाइएन ।

### घ. सट्टापट्टा विवाह

थारूजातिमा पहिले सट्टापट्टा विवाहको प्रचलन रहेको पाइन्छ । यसप्रकारको विवाह पद्धतिमा जुन घरबाट बुहारी भित्र्याइन्छ त्यसै घरमा छोरी (छाई) दिने गरिन्छ । अचेल यो प्रथा पनि क्रमश हराइसकेको छ । अध्ययन क्षेत्रमा थारूजातिमा वर्तमान समयमा सट्टापट्टा विवाहको प्रचलन हटिसकेको देखिन्छ ।

### ङ. अन्य विवाह

थारूजातिमा प्रचलनमा रहेका विवाहहरू मध्ये यस अध्ययन क्षेत्रमा मागी विवाह र प्रेम विवाह नै प्रचलित देखिन्छ । थारूजातिमा प्रचलनमा रहका अन्य विवाहहरूमा बालविवाह, बहुविवाह, विवाह आदी हुन् । आजकल थारूजातिमा बालविवाह को प्रचलन हटिसकेको छ । बहुविवाह पनि छिटफुट मात्रामा भएको देखिन्छ । आधुनिक शिक्षाको प्रभावले गर्दा आजकल थारूहरूमा अन्तरजातिय विवाह आदि पनि व्यवहारमा ल्याउन थालेको  देखिन्छ । यसैगरी यहाँका थारूजातिमा दाइजोको प्रचलन त्यति देखिदैन ।

## ४.२.१२.११ वैवाहिक उमेर

परम्परागत पद्धतिमा थारूजातिमा केटाकेटीको विवाह सानैउमेरमा गरीदिने चलन रहेको पाइन्छ । वर्तमान समयमा भने यस चलनमा परिवर्तन आएको देखिन्छ । विवाहको उपयुक्त उमेरका बारेमा उत्तरदाताबाटा प्राप्त तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका ११ : उचित वैवाहिक उमेरको आधारमा उत्तरदाताको विवरण**

| वैवाहिक उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १८ भन्दा कम | ४ | ११ |
| १८ देखि २० | १२ | ३२ |
| २१ भन्दा माथि | २० | ५४ |
| थाहा छैन | १ | ३ |
| जम्मा | ३७ | १००.० |

स्रोत : अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

तालिका ११ अनुसार विवाहका लागि योग्य उमेरको बारेमा ५४ प्रतिशत उत्तरदाताले केटाकेटीको उमेर २० वर्ष भन्दा माथि हुनुपर्छ भन्ने अभिव्यक्ति दिए । ३२ प्रतिशत उत्तरदाताले केटा वा केटीको उमेर १८ देखि २० वर्षको उमेरमै विवाह योग्य भएको वताए । त्यस्तै ११ प्रतिशत विवाह योग्य उमेर १८ भन्दा कम भएको राम्रो बताए भने नगन्य ३ प्रतिशत यसबारे थाहा नभएको अभिव्यक्ति दिए ।

**विवाह संस्कारमा आएको परिवर्तन**

यस क्षेत्रका थारूहरूको अन्य संस्कारमा आएको परिवर्तन जस्तै विवाह संस्कारमा पनि परिवर्तन आएको छ । यहाँका थारूजातिमा सबभन्दा बढी प्रचलनमा रहेको विवाहमा मागी विवाह हो । हाल थारूसमाजमा यस्तो विवाहको साथै प्रेमविवाह तथा अर्न्तजातिय विवाहलाई पनि मान्यता प्राप्त हुँदै आएको देखिन्छ । थारूजातिमा प्रचलित ८-९ वर्षको केटालाई १५-१६ वर्षकी केटी विवाह गरिदिने प्रचलन हाल यस क्षेत्रमा देखिदैन । थारू समाजमा हुने विधवा विवाह, सट्टा विवाह, धेरै हदसम्म हटिसकेको पाइन्छ । बालविवाह पनि नभएको नै पाइन्छ ।

आजभोलि यिनीहरूले विवाह गर्दा छोटो तरिकाले गर्न थालेका छन् । पहिला विवाह गर्न जाँदा ठूलो माइकमा गाना बजाउदै जाने चलन थियो भने आजभोली बैण्डबाजा लिएर जाने गरिन्छ । यस्तैगरी परम्परागतरुपमा विवाह गर्न जाँदा आफ्नै थारूपोशाक लगाएर जान्थे । वर्तमान समयमा बेहुलाले सर्ट, पाइन्ट, आदि लगाएर गएको पाइन्छ । बेहुलीले पनि सारी, चोली

नै लगाउने गरेको पाइन्छ । यसका साथै पहिले विवाह गर्नजाँदा दुलहा भोलिपल्ट दुलही नलगी फर्कन्थे तर आजकल दुलहीलाई त्यहीदिन लग्ने गरेको पाइन्छ । कतिपय विवाह संस्कार बाहुन, क्षेत्रीको जस्तै गर्ने गरेको पाइन्छ । यसरी हाल आएर थारूसमाजमा विवाहको प्रचलनहरूमा निकै परिवर्तन भएको पाइन्छ ।

### ४.२.१२.१२ मृत्युसंस्कार (मरनीकरनी)

थारुहरुले मृत्यु संस्कारलाई मरनीकरनी भन्ने गरेका पाइन्छ । अध्ययन क्षेत्रका थारूहरूले मृत्युसंस्कारलाई पनि महन्वपूर्ण संस्कारको रूपमा लिएको पाइयो । आ-आफ्नो परम्परा तथा कुलको परम्परा अनुसार थारूहरूमा दुई किसिमको मृत्युसंस्कार प्रचलन रहेको पाइन्छ । मान्छेमरेपछि गाड्ने (माटी देना) वा जलाउने ( दागवत्ती देना) प्रचलन छ । घरमा कसैको मृत्यु भयो भने कफनले मुर्दालाई बेर्ने गर्दछन् । त्यसपछि घरभित्रको ढोकातीर उत्तरतीर मुर्दालाई फर्काएर मुर्दाको छातीमा पाला बाली मुर्दाको हातखुट्टा धोईदिने गर्दछन् । त्यसपछि मृत्युको मुखमा ३ मुटिठ चामल राखी स्वर्ग गइस भनेर आषिस दिन्छन् । मृतकलाई बासबाट बनाएको एकप्रकारको खाटमा राखि चारजना छोरा वा नातेदारले बोकी घाटसम्म लैजाने गर्दछन् । त्यस्तै गरी घरमा भएजतिका अन्न, दाल, तोरी, केराउ आदि मिसाई टोकरी वा ढकियामा राखी दुई जनाले बोकेर मृत्यु भन्दा अघि अघि घाट सम्म लैजान्छन् । मुर्दालाई उत्तर सिरानी पारी पुरूष भए घोप्टो र महिला भए उत्तानो पारी सुताएर गाड्ने प्रचलन छ । दागवत्ती दिदापनी गाड्नेकै स्थितिमा चितामा राखेर जलाईन्छ । मरेको व्यक्तिको लाससँगै उसले प्रयोग गर्ने गरेका वस्तुहरू जस्तै लुगाफाटा, ओछ्यान, गरगहना, जुत्ता चप्पल आदि जलाउने तथा गाड्ने ठाँउमा फ्याकीदिने परम्परा रहेको पाइन्छ । त्यसै ठाँउमा सानो चुल्हो जस्तो बनाइ आगो बाली सानो भाडोमा खानेकुरा पकाई मरेको आत्मालाई खाना छोडिदिने चलन छ । दाहसंस्कारको कार्य समाप्तिपछि मलामीहरू नुहाइधुवाइ गरी सुनपानीले चोखो भई घर फर्किन्छन् । अन्य जातिमा जस्तै यिनीहरूमा पनि बाबु आमाको काजक्रिया छोराले गर्दछन् । छोरीको मृत्यु भएमा बाबुले काजक्रिया गर्दछन् । छोरा नहुनेको दाजुभाई किरीया बस्दछन् । किरीया पुत्रीले नुन, तेल र बेसार बार्ने चलन छ भने घरका अन्य तथा सगोत्रीहरूले तेलमात्र बार्ने प्रचलन रहेको पाइन्छ । किरीया आठ नौ दिन सम्म बस्ने चलन छ तर अन्त्येष्ठि सकिएको कुनै दिन बुधवार पारी (मृत आत्माको लागि पुजाआजा गरी शुद्ध हुने प्रक्रिया) कार्य गर्दछन् ।

त्यसपछि मलामी आएका सवै तथा इस्टमित्र र गाँउ छिमेकलाई बोलाई खुवाउने समारोह मलाई शुद्धीकारण हुने परम्परा छ । यस जातिमा पितृश्राद र मरेको आत्मालाई स्मरण गरिने दिन थारूहरू यसलाई (पितरीदेना भन्दछन्) दिने चलन रहेको पाइन्छ । वर्तमान समयमा भने ब्राह्मण क्षेत्रीले जस्तै १३ दिन किरिया गर्ने , पिण्डदान गर्ने र लास जलाउने गरेको पाइन्छ ।

**मृत्युसंस्कारमा आएको परिवर्तन**

यस गा वि स का थारूहरूको मृत्युसंस्कारमा पनि केहि परिवर्तन आएको पाइन्छ । यहाँका थारूहरूले आजभोली बाहुन, क्षेत्रीको जस्तै संस्कारलाई अवलम्वन गरेको पाइन्छ । अहिले पनि मृत्युपछि सव गाड्ने परम्परा पाइन्छ । तर गाड्ने भन्दा दागवत्ति दिने चलनको सुरुवात भएको पाइन्छ । काजकिया गर्नेले तेल, बेसार वार्ने गर्दछन् । गुरुवा ( देशबन्ध्या) ले राम्रो दिन हेरी ८-९ दिनमा चोखो हुने गर्दछन् । केही संस्कारमा भने परिवर्तन आएको पाइदैन । यस्तै गरी यहाँका थारूहरूले ब्राह्मण, क्षेत्रीले गरेको जस्तै पिण्ड दान गर्ने, तेह्रदिन क्रिया गर्ने, लास जलाउने, श्राद्ध गर्ने आदि संस्कारहरू अपनाउन थालेको पाइन्छ ।

### ४.२.१२.१३ चाडपर्व

अन्यजातिमा झै थारूजातिमा पनि चाडपर्वको विशेष महत्वका साथ मनाइन्छ । यिनीहरूका प्रमुख चाडपर्वहरूमा दशै (दश्या), तिहार (देवारी), माघेसंक्रान्ती (माघी), फागुपूर्णीमा ( फागुन), कृष्णाजन्माष्टमी (अष्टमी), आइतबारको ब्रत (अत्वारी), आदि हुन् । जसलाई निम्न अनुसार वर्णन गरिएको छ ।

**क. दशै (दश्या)**

थारूहरूले दशैलाई दश्या भन्दछन् । यसलाई थारूजातिका मानिसले ठूलो चाडको रूपमा मनाउने गर्दछन् । दशै आउनु भन्दा १० १५ दिन अगाडि प्रत्येकको घरमा जाँड रक्सी बनाउने, घर रङ्गाउने, कपडा सफा गर्ने गर्दछन् । घटस्थापनादेखि शुरु भई नवमीको दिन दशै समाप्त हुन्छ र घटस्थापनाको दिन यिनीहरूले देवता राखेको कोठामा जमरा छर्दछन् । यसैगरी अध्ययन क्षेत्रमा थारूहरूले दशैमा आफनो खास देवीदेवता वा सो सरह स्थान पाएका पितृहरूको पूजा आजा तथा श्राद्ध गर्दछन् । दशैलाई भनि तयार पारेको रक्सि चढाउने चलन पनि छ । यस्तो अनुष्ठान पाचौ

दिनमा गरिन्छ । अनुस्ठानका लागि प्रत्येक घरका मानिस पुरेत घर गुरुवा कहाँ कोसेली लिएर जान्छन् । गुरुवाले वर्षभरि अनिष्ट नहोस भनी पूजाआजा गरिदिन्छन र धुपअक्षता दिई पठाउछन् । दशैको सातौ दिनमा ढिक्री (चामलको पीठोबाट बफाएर बनाएको एक प्रकारको रोटी) बनाइन्छ । त्यस ढिक्रीलाई पुज्ने गर्दछन् । जसलाई चौधरी भाषमा ढिक्वा भन्ने गरिन्छ । यसको भोलीपल्ट अष्टमीकोदिनलाई मुर्गवा भनिन्छ र मुर्गा (भाले) को पुजा गर्ने चलन छ । यसरी त्यस पुजा गरेको मुर्गालाई साझमा काटेर खाने गर्दछन् । यसैदिन सुगुरबगुर पनि काट्दछन् । ढिक्री पुज्दा र मुर्गा दुवैलाई पुज्दाखेरी मकैको जमरा चढाउने गरिन्छ । यस्तै गरी गाँउको साझा देवता (भुपार) लाई पुज्दछन् । त्यसपछि घरको देवताको पुजा गर्ने परम्परा छ । नवमीको दिन घरमुली (किसनुवा) ले कुभिन्डोको वलि दिन्छन् । बली दिइसकेपछि थारूहरू भलमन्सा (गाउमुली) र गुरुवाको घरमा जमरा, बावरीको पात र रक्सी लिएर टीका थाप्न जान्छन् । गुरुवाले टीका लगाएपछि मात्रै आपसमा टीका थापाथाप गरिन्छ । आपसमा टीका लगाइसकेपछि इस्टमित्रको घरमा खान जान्छन् । खानपान गरीसकेपछि युवायुवतीहरू सखीया नाच नाच्दछन् ।

### ख. तिहार (देवारी)

थारू भाषामा तिहारलाई देवारी भन्ने गरिन्छ । पहिले यस जातिमा तिहारमा टीका लगाउने चलन नभए पनि आजभोली घरमा वत्ती बालेर टीका थाप्ने गर्दछन् । यसमा पनि दशैमा जस्तो ढिक्री बनाइन्छ र पितृहरूको सम्झना गरिन्छ । यहाँका थारूहरूले घर -घरमा बत्ती बालेर भैली खेल्ने गर्दछन् र भैलीबाट आएको पैसा आपसमा बाडेर लिने चलन छ ।

### ग. माघे संक्रान्ती (माघी)

माघी थारूजातिको एउटा महत्वपूर्ण चाड हो । यो पर्व यिनीहरूको नयाँ वर्ष पनि हो । अध्ययन क्षेत्रका थारूजातिहरूले यस पर्वलाई बडो धुमधामका साथ मनाउछन् । यो पर्व मनाउनको लागि यिनीहरूले केहि दिन अगाडि भलमन्साको घरमा गई रातभर नाच्ने, गाउने, खानेपिउने गर्दछन् । अर्को दिन अर्थात माघेसक्रान्तीको दिन बिहानै नुहाएर नयाँ लुगा लगाएर देउरार ( देवताकोठा) मा पुजा पाठ गर्दछन् । यसैदिन सुँगुर बंगुर पनि काट्छन् । सवैजना मिलेर खान्छन् । आ-आफ्नो आफन्तहरूकहाँ जाने चलन पनि रहेको छ । यसदिन देखि वर्षभरको खेतिपाती सम्बन्धी हिसावकिताब, लेनदेन, नयाँ हिसावकिताव, नयाँ कामकाजको ठेगान गर्ने वा पुरानो

कामको थमौतीको लेखाजोखा गर्ने गरिन्छ । आफन्तहरूलाई निम्ता दिई खानपान गर्न गराउने गरिन्छ ।यसबेला जाँड रक्सी, माछामासु, प्रसस्त खाने चलन छ । यसपर्वको बेला थारूथरुनीहरू भेला भएर सखीया नाचँ नाचेर पैसा जम्मा गर्दछन् । यो पर्व ६-७ दिनसम्म मनाउने चलन छ ।

### घ. फागुपुर्णिया (होली)

फागुपुर्णिमा थारूहरूको महन्वपूर्ण चाडमध्ये एक हो । पहिले थारूहरू होलिमा भलमन्साको घरमा गएर मुलदेवताको पुजा गर्दथे । त्यसपछि गाउको केटाहरू सीमल काट्न जाने र आफनो कम्मरमा घण्टी बाधी त्यस सीमललाई गाँउको परीक्रमा गराउने परम्परा थियो । गाँउको परिक्रमा गराइसकेपछि त्यस सिमलको हागाँलाई कुनै ठाउँमा लगेर गाढ्ने र गोवरका गुइठाहरू ल्याएर त्यसमा चढाउने परम्परा थियो । यसरी विभिन्न किसिमले पुजा गरिएको सिमलमा आगो लगाइन्थ्यो । बली रहेको आगोमा ढुङ्गाले हान्ने गर्दछन् र त्यहाँको आगोलाई घरमा लगेर नयाँ आगो सम्फेर बाल्दछन् । तर आजभोली अध्ययन क्षेत्रमा थारूजातिहरूले यस किसिमको होली खेल्ने गरेको पाइदैन् । आजकल रङ्ग, अविर लगाइ एक अर्कामा होली खेल्दछन । पिचकारीको प्रयोग गर्दछन् ।

### ङ. कृष्णाअस्टमी (अष्टमी)

यो पर्वमा विशेषगरी महिलाहरू व्रत बस्दछन् । यसपर्वमा अष्टमीको अघिल्लो रात दर ( मीठा मीठा भोजन जस्तैः- माछा, मासु, रोटी, तरकारी फलफूल) खाने गर्दछन् । दोस्रो दिन नुहाएर व्रत बस्दछन् । गाउँमा व्रत बसेका सबै महिलाहरू भलमन्साको घरमा जम्मा हुन्छन् । यसरी सबै जना मिलेर पुजाको लागि अग्नी स्थापना र भित्तामा कृष्णको चित्र बनाउछन् र पुजा गर्दछन् । त्यसपछि पुजामा चढाएको फलफूल प्रसादको रुपमा खान्छन । कृष्णलीला सम्वन्धी गीतहरू गाँउछन् । भोली पल्ट नवमीको दिनमा पुजामा चढाएका फलफूलहरू बत्तिहरू टपरीमा राखेर नदीमा सेलाउन जान्छन र घर फर्किएर खाना खाएपछि व्रत समाप्त हुन्छ

### च. आइतवारी व्रत (अत्वारी)

पहिलो आइतवारमा मनाउने यो चाडँ आइतवार पर्ने हुनाले यसलाई अत्वारी भन्ने गरेको पाइन्छ । यो पर्व पुरूषले मात्र मान्ने गर्दछ । व्रत बसेको पुरुषले आइतवारको अघिल्लो रातीमा शुद्ध

भोजन गर्दछ । व्रत वसेको पुरुषले घरको एउटा कोठा सफा गरेर अग्नि स्थापना गरी धुपवत्ती गर्दछन् । स्थापीत अग्नीमा फलफूलपनि चढाउँछन् । साझ त्यहि फलफूल खान्छन खाना खादैनन । भोलि पल्ट विहान चोखो आगोबाट पुरी, रोटी तरकारी पकाउछन् । त्यही पुरी, रोटी, तरकारी, अग्रासनका रूपमा दिदीबहिनीहरूलाई अलग्याई फलहार गरी व्रत टुंग्याउदछन् । अग्रासन दिदीबहिनीहरूलाई पठाइदिन्छन् ।

**धार्मिक विश्वास तथा चाडपर्वमा आएको परिवर्तन**

धर्ममा निकै आस्था र विश्वास भएका थारूहरूमा आजकल धार्मिक विश्वास कमजोर हुदै गएको पाइन्छ । भूतप्रेत तथा बोक्सीमा अत्यधिक विश्वास मान्ने थारूहरूमा यसप्रतिको विश्वासमा कमि आएको पाइन्छ । रुढिवादी परम्परा, अन्धविश्वास र त्यसमा रहेका कतिपय अभ्यासहरूमा कटौती गरेको पाइएको छ । यस क्षेत्रमा थारूजातिले मनाउने गरेका चाडपर्वहरूमा माघी, अत्वारी, कृष्णजन्माष्टमी आदि भएपनि अन्य सम्प्रदायको सम्पर्कले गर्दा रक्षावन्धन, नागपञ्चमी, ठूलो एकादसी जस्ता चाडपर्वहरू मनाउन थालेको पाइन्छ । यिनीहरूको चाडपर्व मनाउने प्रक्रियामा पनि परिवर्तन आएको पाइन्छ । पूजाआजा गर्दा, विवाह गर्दा, चाडपर्व मनाउँदा ध्वजापताका, टेन्ट, बैन्डवाजा जस्ता आधुनिक उपकरणहरूको प्रयोग बढीरहेको पाइन्छ । आफ्नो परम्परागत नाँचको सट्टा सिनेमा, टेलिभिजन, रेडियो तर्फको आकर्षण बढीरहेको  पाइन्छ । यसैगरी थारूजातिले मान्दै आएका थारू गुरुवा (पुरोहित) को सट्टामा ब्राहमण पुरोहितलाई धार्मिक कार्यमा प्रयोग गर्दै आएको पाइन्छ ।

## ४.२.१२.१४ नृत्य, संगीत

थारूजातिमा माघीपर्व जसलाई नववर्ष मानिन्छ । यिनीहरू माघीबाट नृत्य सुरु गर्दछन् । विविध खुसियाली, चाडपर्व एवम् उत्सवहरूमा विशेष नाचको रुपमा प्रर्दशित गरिन्छ । यस क्षेत्रका थारूजातिका नाचँहरू मुख्य रुपले दुई प्रकारका छन् ।

**क. झुमरा नाच**

यो नाच यस अध्ययन क्षेत्रका थारूहरूको मुख्य नाच हो । यसमा एक जनाले मादल बजाउदछ । झ्याली भएसम्म २, ३ जनाले झ्याली बजाउछ । नाच्ने व्यक्तिले लेहङ्गा लगाई दुइतीरवार गीत गाउँछन् ।

**ख. सखीया नाच**

यो नाच गाउँको भलमन्साको घरमा नाचिन्छ । यसमा एकजना अगुवा र एकजना पछुवा बन्दछ । नाच्दा दुई समुहमा विभाजीत हुन्छन । एक समुहको अगुवाई अगुवाले  गर्दछन् । नाच्दा एकले अर्काको हात समाई लाम लागेर घुम्दै नाच्छन् । विशेषगरी यो नाच थारूजातिहरूमा दशै, माघीमा नाच्ने प्रचलन  पाइन्छ ।

आजभोलीको युवायुवतीहरूले यस्ता गीत तथा नाचलाई त्यति महत्व दिएको  पाइदैन । अहिलेको सञ्चारको विकासले गर्दा रेडियो, टि.भी.बाट प्रभावित भई यसबाट बढी मनोरञ्जन लिने गरिन्छ । यसबाट यी जातिको आफनो मौलिकता प्राय हराउदै गएको छ ।

**४.२.१२.१५ धार्मिक प्रचलन**

थारूजाति हिन्दुधर्म संस्थान अन्तर्गतकै धर्म भएतापनि धार्मिक प्रचलन गर्ने विधिहरू मध्ये वेग्लै किसीमको पाइन्छ । धार्मिक कार्य गराउने उनीहरूको आफ्नै पुरोहित हुन्छ । जसलाई गुरुवा भनिन्छ । यी गुरुवा पनि दुई थरीका हुन्छन । घरगुरुवा र देशबन्ध्या गुरुवा । घरगुरुवाले घरभित्रको धार्मिक कार्य गर्दछ । देशबन्ध्या गुरुले विभिन्न गाउँका देवीदेवता, भुत प्रेतबाट हुने कुप्रभावबाट बचाउन साझा पुजा गराउछन् । थारूले पुज्ने गरेका देवता केही घरभित्र, केही आगनमा, केही गाउँदेखि अलिपर राखिएका हुन्छन् । अध्ययनक्षेत्रका थारूजातिका प्रमुख देवीदेवताहरू यसप्रकार छन् ।

**क. कुलदेवता** (**घरदेवता**)

थारूजातिको हरेक चाडपर्वमा आफ्नो कुलदेवतालाई अनिवार्य रूपमा पुजा गर्ने गर्दछन् । थारूहरूमा प्राय सबैको घरमा उत्तरपूर्वपट्टिको कोठाको कुनामा देवता राख्ने  गर्दछन् । जसलाई

थारूहरूले देउरार भन्दछन् । आफ्नोकुललाई सम्झेर वा मरेको पुर्खालाई सम्झेर बेलपाती, दुवो, गाईको दुध, अविर जस्ता चित्रहरू पुजा गर्दछन् भन्ने अन्य देवतालाई सुगुर, बोका, परेवा, कुखुराको नामबाट पुजा गरिन्छ ।

**ख. गुरुबाबा**

थारूजातिमा गुरुबाबालाई आजका मानिसको पुर्खाको रुपमा मान्दछन् । यसको प्रतिनिधि स्वरुप छालाको सानो मानव आकृती बनाएर राखेको हुन्छन् ।

**ग. मैया**

थारूजातिमा मैयालाई गुरुवाबाबाको धर्मपत्नीको रुपमा र संसारको दोस्रो शक्तिको रुपमा पुज्दछन् । मैयाको मुर्ति बनाउदा चोखो माटो कपडाले छानेर छ इन्च लामो बनाई त्यसको माथि फलामको त्रिशुल राखिएको हुन्छ ।

**घ. सौरा**

सौरालाई थारूजातिमा एक पराक्रमी र शक्तिशाली देवताको रुपमा लिइन्छ । यसको प्रतिनिधित्व एउटा मोटो फलामको डन्डाले गर्दछ ।

**ङ. खेखरी**

खेखरी पनि देवी नै हो । यसको प्रतिनिधित्व एउटा सानो काठको टुक्रा र त्यसमाथि राखिएको सानो मुन्द्राले गर्दछ । यो करिब ६ इन्च लामो हुन्छ ।

**च. माटोको घोडा (भेरुवा)**

माटोको घोडालाई थारूजातिले इन्द्रलोकबाट आएको अशोकको रुपमा लिन्छन् ।

**छ. भुयार देवता (गाँउ देवता)**

थारूजाति मानिसले गाँउको पायक पर्ने ठाउँमा रहेको रुखको फेदमा एउटा झुप्री बनाएर त्यसमा काठका मुड्काहरू र ढुङ्गा गाडिएको हुन्छ । त्यसलाई देवताको रुप सम्झी गरीने पुजालाई

भुयाँर पुजा भनिन्छ । यो पुजा गुरुवा, भलमन्सा द्धारा गरिन्छ । यसरी थारूजातिमा विभिन्न देवीदेवताहरू रहेका छन् ।

### ४.२.१२.१६ अतिथि सत्कार

थारूजातिमा पाहुनाको सत्कार गर्दा पहिले बस्ने ठाउँ दिइन्छ । त्यसपछि पानी दिई हालखवर सन्चोविसन्चोको बारेमा सोधी विहानको भोजनको समयमा भए बिहानको भोजन ( कल्वा) का लागि आग्रह गरिन्छ । त्यस्तै दिउँसोको समयमा खाना (मिजनी) का लागी अनुरोध गरिन्छ तथा साझ भए साझको भोजन (वेरी) को लागि आग्रह गरिन्छ । रातको भोजनमा जाँड, रक्सी तथा सम्भव भएसम्म मासु खान दिइन्छ । रात बस्ने गरी आएका अतिथिलाई विदावारी गर्दा अलिपर सम्म पठाउने चलन रहेको पाइन्छ ।

### ४.२.१२.१७ खानपान

थारूजातिको आफ्नै संस्कृति, रहनसहन, भाषा रहेको छ । त्यस्तै प्रकारले आफ्नै खानपानको परम्परा छ । यी जातिको मुख्य खानामा भात, रोटी, तरकारी (टिना), माछा, मासु, रक्सी, (दारु), जाँड, भात, कप्वा (झोल्यालो तरकारी) तथा दाल आदि हुन् । जाँड तथा रक्सी नियमीत खाने गर्दछन् । जाडरक्सी घरमै बनाउदछन्

यिनीहरूले सुगुर, भेडा, हासँ, कुखुरा, भैसी, माछा, घोगी, (शंखसीपी) गगँटा आदिको मासु खाने गरेको पाइयो । तर सुगुरको सिकार नै यिनीहरूको प्रिय रहेको पाइन्छ ।

### खानपिनमा आएको परिवर्तन

यस गा वि स का थारूजातिको खानपानमा पनि आधुनिक परिकार खाने प्रचलन बनेको पाइन्छ । थारूहरू पहिला चामलका परिकार, घोघी (शंखसिपी) गगटा आदि खाने गरेको पाइथ्यो । तर आजकल यिनीहरूको खानपिनमा परिवर्तन आएको पाइन्छ । पाउरोटी, चाउचाउँ विस्कुट, मीठाई आदि खानेकुराप्रतिको मोह बढेको पाइन्छ । दूध, दही पनि खाने गरेको पाइन्छ । अन्य समुदायका खानाका परिकारहरू यिनीहरूले पनि बनाउन थालेको पाइन्छ । जस्तै

सेल, अनरसा , मिठाई आदि । आजकल यी जातिहरूले सन्तुलित खानामा ध्यान दिन थालेको पाइन्छ ।

### ४.२.१२.१८ भाषा

नेपालमा रहेका विविध जातिहरूको परापूर्वककालदेखि आफ्नो मातृभाषाको प्रयोग गर्दै आएको पाइन्छ । थारूजातिको आफनै किसिमको मातृभाषा रहेको छ । यस अध्ययन क्षेत्रका थारूजाति आफ्ना घरपरिवारमा मातृभाषाको प्रयोग गर्दछन् भने अन्यत्र नेपाली भाषा नै प्रयोग गर्दछन् । सवै थारूहरूले नेपाली भाषा बोल्न सक्छन् र बुझ्छन ।

### ४.२.१२.१९ धार्मिक अन्धविश्वास

थारूजातिका मानिसहरू अन्य जाति भन्दा बढी रुढीवादी संस्कार तथा धार्मिक अन्धविश्वासमा विश्वास गर्दछन् । उनीहरूमा मानिसको उत्पत्ति भगवान भएको हो भन्दछन् । यसका साथै ढुंगा, माटो, काठको विभिन्न आकृतिलाई देवतामानि पुजा गर्दछन् । यिनीहरूको समाजमा गुरुवालाई बैद्य, डाक्टर सरह मान्ने गर्दछन् । यस्तै यस जातिमा भूत, प्रेत, वोक्सीबाट वच्न विभिन्न प्रकारको जन्तर बाध्ने भाकल गर्ने र बलि चढाउने गर्दछन् । हाल आएर थारूजातिमा यस किसीमको प्रथामा विश्वास गर्ने प्रचलनमा कमी आएको पाइन्छ भने कतिपयले भूतप्रेत प्रति विश्वास मानेको देखिन्छ ।

## ४.३ आर्थिक अवस्था

नेपाल एक कृषिप्रधान विकासोन्मुख देश भएकोले यहाँको अर्थव्यवस्थालाई कृर्षिमा निर्भर ग्रामीण अर्थव्यवस्था भन्न सकिन्छ । यहाँ ८१ प्रतिशत भन्दा बढी जनता खेतीमा निर्भर छन् । त्यस्तै थारू जाति पनि कृर्षिमा नै निर्भर छन् । सामान्यतया थारूहरू नेपालका अन्य जातिहरूभन्दा आर्थिक स्थितिले कमजोर छन् । यसको मुख्य कारण उनीहरू कृर्षिबाटै जीविकोपार्जन गर्दछन् । व्यापार , नोकरी नगन्यमात्रामा गर्दछन् । अहिले आएर अन्यपेसामा पनि लागेको पाइन्छ । यहाँका थारूहरूको जीवनपद्धति पनि कृर्षिमै आधारित रहेको छ । शिक्षाको कारण यहाँ कतिपय थारूहरूले नोकरी गरेको देखिन्छ भने वैकल्पिक रोजगारीको निम्ति देश विदेशमा समेत जाने

गरेको देखिन्छ । सिंचाइको असुविधा, जमिनको खण्डीकरण, असमानुपातिक वितरण तथा अवैज्ञानिक कृषि प्रणाली, जमिनको खण्डीकरण जस्ता कारणले उब्जनिमा ह्रास आएको देखिन्छ । परिणामस्वरुप यहाँका कतिपय थारूहरूलाई वर्षभर खानपुग्ने अवस्था छैन । यसको परिपूर्तिका लागि यिनीहरूले अधियाँ ज्यालादारी, मजदुरी गरेको पाइन्छ ।

यस अध्ययन क्षेत्रका थारूहरूको आर्थिक अवस्थाअन्तर्गत भू-स्वामित्व, उत्पादनको स्थिति, खाद्यान्नको पर्याप्तता, आम्दानीको स्रोत आदिलाई आर्थिक सूचकको रुपमा लिइएको  छ । जुन सविस्तार वर्णन गरिन्छ ।

### ४.३.१ भू-स्वामित्व

भू भनेको जमिन र स्वामित्व भनेको अधिकार हो । यसकारण भू स्वामित्व अन्तर्गत घर जग्गा र खेतबारी पर्दछन् । थारूहरूको भू-स्वामित्वबाट र यस बाट उत्पादनको स्थितिले सामाजिक प्रतिष्ठा कायम हुने देखिन्छ । यस अध्ययन क्षेत्र मालाखेति गा वि स का थारूजातिको भू-स्वामित्वको वितरण के कस्तो छ भन्ने कुरा तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका १२ः भू स्वामित्वको विवरण**

| क.सं | जग्गाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ कठ्ठा सम्म | ९ | २५ |
| २ | ६ कठ्ठादेखि १ विगाहासम्म | १३ | ३५ |
| ३ | २ बिगाहादेखि ५ विगाहासम्म | ११ | ३० |
| ४ | ६ बिगाहाभन्दा माथि | २ | ५ |
| ५ | भूमिहीन | २ | ५ |
| जम्मा | | ३७ | १०० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण , २०७३

तलिका १२ मा ३७ जना उत्तरदातामध्ये ६ कठ्ठादेखि १ विगाहासम्म जग्गा हुने उत्तरदाताको संख्या सबभन्दा बढी १३ (३५ प्रतिशत) जना रहेका छन् भने भूमिहिन उत्तरदाताको संख्या २ (५ प्रतिशत) जना रहेको छ । यस्तै गरी ५ कठ्ठासम्म जगाहुने उत्तरदाताको संख्या ९ ( २५ प्रतिशत) जना २ देखि ५ विगाहासम्म जग्गा हुने उत्तरदाताको संख्या ११ जना (३० प्रतिशत) रहेको देखिन्छ । ६ बिगाहाभन्दा बढी जग्गा हुने उत्तरदाता दुईजना मात्ररहेका छन् । यसबाट यो भन्न सकिन्छ कि अधिकांश नमुना थारू परिवारमा जमिनको स्वामित्व भएको देखिन्छ ।

### ४.३.२ भू स्वामित्वको प्रकार

अध्ययन क्षेत्र मालाखेति गा वि स बडा नं ९ मा सबै थारुहरुसँग पुग्दो जमिन रहेको देखिँदैन । आफ्नो जग्गा अन्य जातिका मानिसहरुलाई बिक्री गरेका कारण अहिले केही सँग मात्र धेरै जमिन रहेको छ । आफ्नो जग्गाले मात्र खान नपुग्ने र भूमिहिन थारुहरुले अधिया लगाउन बाध्य भएको अध्ययनबाट देखिन्छ । यस क्षेत्रका थारु जातिको भू स्वामित्वको प्रकार निम्न अनुसार रहेको छ ।

**तालिका १३ : भू स्वामित्वको विवरण**

| क.सं | भूस्वामित्व | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भू स्वामी | १८ | ४९ |
| २ | अधिया गर्ने र भू स्वामी | १७ | ४६ |
| ३ | अधियामात्र गर्ने | २ | ५ |
| जम्मा | | ३७ | १०० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

प्रस्तुत तालिका १३ मा आफ्नै जग्गा जमिन मात्र खेती गर्ने उत्तरदाताको संख्या १८ जना (४९ प्रतिशत), आफ्नो जग्गा तथा अधियाँ समेत लगाउने उत्तरदाताको संख्या १७ जना (४६ प्रतिशत), अधियामात्र गर्ने उत्तरदाताको संख्या २ जना (५ प्रतिशत) रहेको देखिन्छ । यस तथ्याङकबाट के थाहा पाउन सकिन्छ भने आफ्नो जग्गा भए पनि त्यसको उब्जनीले नपुग्ने किसानहरूले आफ्नो

जग्गा र अरुको जग्गा कमाउने गरेको देखिन्छ भने भूमिहिन किसानहरूले (थारू तथा पहाडिया) को जग्गा अधिया लिएर जिबीका चलाएका छन् ।

### कृषि प्रणालीमा आएको परिवर्तन

यस गा वि स का थारूजातिले कृषि प्रणालीमा परम्परागत कृषिप्रणालीको बदलामा आधुनिक किसिमका कृषि प्रणाली अपनाउन थालेको पाइन्छ । कृषि प्रणालीमा आधुनिक औजार, उन्नत जातको बीउ, मल, कीटनासक औषधीको प्रयोग गरेको पाइन्छ । यस्तैगरी शिक्षा चेतना, यातायात र सञ्चार आदि क्षेत्रमा आएको विकास र परिवर्तनले गर्दा आधुनिक कृषि प्रणालीमा जसमा धनी थारूहरूले ट्याक्टरको प्रयोग गर्ने, धान, गहुँ, दाउनी गर्न थेस्नरको प्रयोग गर्ने र नगदेबाली पनि लगाउन थालेको पाइन्छ । साथै परम्परागत धान खेतीमात्र नगरी तरकारी खेतीमा पनि लाग पाइन्छ ।

### ४.३.३ उत्पादनको स्थिति

अध्ययन क्षेत्र मालाखेति गा वि स का थारूहरूले धान, मकै, गहुँ, तोरी तथा तरकारी खेती गरेको पाइन्छ । यहाँका थारूहरूले वर्षभरिमा गर्ने उत्पादनको स्थितिलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका १४: नमुना छनौटमा परेका घरपरिवारको वार्षिक उत्पादन**

| क्र.सं | वार्षिक उत्पादन | धान | मकै | गहुँ | तोरी | तरकारी |
|---|---|---|---|---|---|---|
| १ | ०-१० | १४ | ३२ | २९ | २४ | ३० |
| २ | ११-२० | १० | ५ | ५ | २ | ५ |
| ३ | २१-३० | ५ | | ३ | | |
| ४ | ३१-४० | ४ | | | | |
| ५ | ४१-५० | २ | | | | |
| ६ | ५१-६० | २ | | | | |
| जम्मा | | ३७ | ३७ | ३७ | २६ | ३५ |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

प्रस्तुत तालिका १४ मा नमुना छनोटमा परेका ३७ घर परिवारले उत्पादन गर्ने धान, मकै, गहुँ, तोरी, तरकारी गरी मुख्य पाँचवटा बालीको वार्षिक उत्पादन क्वीन्टलमा देखाएको छ । त्यसमा धान ३७ परिवारले उत्पादन गरेको देखिन्छ, मकै ३७ परिवारले, गहुँ ३७ परिवारले, तोरी २६ परिवारले र तरकारी ३५ परिवारले उत्पादन गर्दछन ।

तालिका १४ बाट प्रस्ट हुन्छ कि नमुना छनौटमा परेका ३७ घरपरिवारले सबभन्दा बढी धान १०-६० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ । त्यसपछि गहुँ १०-३० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ भने मकै १०-२० क्विन्टलसम्म मात्र उत्पादन गरेको पाइन्छ । यसैगरी तोरी र तरकारी पनि १०-२० क्विन्टलसम्म उत्पादन गरेको देखिन्छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने यस क्षेत्रका थारुहरुको मुख्य उत्पादन धान र गहुँ हुन् ।

### ४.३.४ खाद्यान्नको पर्याप्तता

यस अध्ययन क्षेत्रका कतिपय थारू परिवारसँग कम जग्गा तथा जग्गा भएका थारू परिवारको पनि कृषि उत्पादनमा कमी आउनु र विविध किसिमका घर खर्च चलाउन आफूले उत्पादन गरेको खाद्यान्न समेत बेच्नुपर्ने भएकोले केही थारूपरिवारलाई आफ्नो उत्पादनबाट वर्षभर खान नपुग्ने स्थितिरहेको देखिन्छ । यस क्षेत्रका थारू जातिको खाद्यान्न पर्याप्तताको स्थिति तल प्रस्तुत गरिएको छ ।

**तालिका १५: खान पुग्ने र नपुग्ने आधारमा विवरण**

| क्र.सं | खानाको पर्याप्त महिना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ६ महिनासम्म | ३ | ८.० |
| २ | ९ महिनासम्म | ४ | १२.० |
| ३ | वर्षदिन पुग्ने | १२ | ३२.० |
| ४ | वर्षदिन खानपुगेर बेच्न समेत हुने | १८ | ४८.० |
| जम्मा | | ३७ | १००.० |

स्रोत: अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

तालिका १५ मा ३७ जना उत्तरदातामध्ये ६ महिनासम्म मात्र खान पुग्ने उत्तरदाताको संख्या ३ जना (८.० प्रतिशत) , ९ महिलनासम्म खान पुग्ने उत्तरदाताको संख्या ४ जना (१२.० प्रतिशत), वर्षदिन नै पुग्ने उत्तरदाताको संख्या १२ जना (३२.० प्रतिशत), वर्षदिन खान पुगेर बेच्नसमेत पुग्ने उत्तरदाताको संख्या १८ जना अर्थात ४८.०प्रतिशत) रहेको देखिन्छ । यसबाट के देखिन्छ भने आफ्नो जग्गा कम हुने तथा भूमिहिन थारूहरूले मिहिनेत गरी अर्काको जग्गा अधिया गरेर, ज्यलादारी, मजदुरी गरेर जीवन धानेको पाइन्छ ।

**४.३.५ आम्दानीको स्रोत**

थारूजातिले पनि परम्परागत रुपमा अपनाएको पेसा कृषि हो । तर अहिले आएर अन्य पेसामा संलग्न हुन थालेको पाइन्छ । यहाँका थारूजातिले अपनाएका पेसागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६ : उत्तरदाता थारू जातिको आम्दानीको स्रोत**

| क.सं | स्रोत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि पशुपालन | २३ | ६४.० |
| २ | श्रमिक | ७ | १८.० |
| ३ | नोकरी | ४ | १०.० |
| ४ | व्यापार | ३ | ८.० |
| जम्मा | जम्मा | ३७ | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण , २०७३

प्रस्तुत तालिका १६ मा ३७ जना उत्तरदातामध्ये २३ जना (६४.० प्रतिशत) उत्तरदाताको पेसा कृषि तथा पशुपालन रहेको छ । श्रमिकको रुपमा काम गर्ने उत्तरदाताको संख्या ७ जना ( १८.० प्रतिशत) रहेको छ भने नोकरी गर्ने उत्तरदाताको संख्या ४ जना (१०.०प्रतिशत) रहेको देखिन्छ । व्यापार गर्ने उत्तरदाताको संख्या ३ जना (८.०प्रतिशत) रहेको छ । श्रमिकको रुपमा काम गर्ने थारुहरूले प्रायजसो सिकर्मी तथा डकर्मीको काम गरेको पाइन्छ । माथिको तालिकाबाट

के देखिन्छ भने यसबाट अझै पनि थारूजातिको प्रमुख पेशा कृषि नै रहेको भए तापनि विस्तारै यिनीहरू अन्य आर्थिक क्रियाकलापमा संलग्न हुन थालेको पाइन्छ ।

### पेशामा आएको परिवर्तन

हिजोआज थारूहरू परम्परागत पेशामा मात्र सीमित रहन छोडेका छन् । यिनीहरूको पेसामा पनि परिवर्तन भएको पाइन्छ । यहाँका पढेलेखेका थारूहरू नोकरी, व्यापार, जस्ता पेसामा आकर्षित हुन थालेको पाइन्छ । केही शिक्षित युवावर्गहरूले स्वास्थ्यकर्मी, रेडियो , टेलिभिजन, साइकलमर्मतसम्बन्धी तालिम लिएर यो कार्यलाई आफ्नो पेसा बनाउन सुरु गरेको पाइन्छ । कतिपय थारूहरूले सिकर्मी, डकर्मीको पनि काम गर्ने गरेको पाइन्छ । यसरी आफ्नो परम्परागत पेसा बाध्यताले मात्र गर्न परेको गुनासो राख्ने थारूयुवाहरूमा कृर्षि बाहेक अन्य पेसा तर्फको आकर्षण बढेको पाइन्छ ।

### ४.३.६ पशुपालन विवरण

पशुपालन विना कृषि क्षेत्र अधुरो हुन्छ । पशुपालनबाट दूध, घ्यू, मासु आदि प्राप्त गर्न सकिन्छ । पशुपालनबाट आर्थिक परिवर्तनमा ठूलो टेवा मिल्दछ । यहाँका थारूजातिले पशुपालनलाई मुख्य पेसाको रुपमा अपनाएको नभए पनि प्रायजसो घरमा गाई, गोरु, राँगा सुगुर बंगुर हाँस कुखुरा आदि पालेको  पाइन्छ ।

**तालिका १७ : उत्तरदाताले पालेका पशुपंक्षीहरूको विवरण**

| क.सं | पशुपक्षीको नाम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गाईगोरु | २१५ | २४.७६ |
| २ | रागा | २३ | २.६४ |
| ३ | भेडाबाखा | ८३ | ९.५६ |
| ४ | सुगरबंगुर | ४७ | ५.४१ |
| ५ | हाँस कुखुरा | ५०० | ५७.६० |
| जम्मा | | ८६८ | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण , २०७३

तालिका १७ अनुसार थारूहरूले पालेका जम्मा पशुपंक्षि संख्या ८६८ मध्ये सबभन्दा बढी कुखुरा हाँस ५००(५७.६० प्रतिशत) रहेको छ । त्यस्तैगरी गाई गोरु २१५ (२४.७६ प्रतिशत), रागा २३ (२.६४) प्रतिशत पालेको देखिन्छ । गाई दूधको लागि र गोरु राँगा खेत जोत्न र गाडा तान्नका लागि पालेको देखिन्छ । यसकासाथै भेडाबाखा ८३ (९.५६ प्रतिशत) र सुगुर बंगुर (५.४१ प्रतिशत) पालेको देखिन्छ ।

माथिको तथ्याङ्क ले सबभन्दा बढी हाँस कुखुरा तथा भेडा बाखा पालेको देखाएको छ । यसको कारणबारे जिज्ञासा राख्दा थारूहरूको धार्मिक कार्यमा देवतालाई बलि चढाउनुपर्ने र धामी झाँक्रीबाट उपचार गराउँदा भोग दिनुपर्ने तथा थारूहरू बढी माछा मासु प्रेमी भएकोले यी पशुपंक्षीहरू धेरैपालेको हो भनेर उत्तर दिएका थिए ।

### ४.३.७ कृषि तथा अन्य पेसाबाट हुने वार्षिक आयको स्थिति

आयको अध्ययन आफैमा जटिल एउटा कार्य हो । कतिपय मानिसहरूले आफ्नो आयको यथार्थ स्थिति बताउन नचाहने पनि हुनसक्छ । तर पनि थारूहरूको वार्षिक आयको अनुपात लगाउने क्रममा उनीहरूले दिएको तथ्याङ्कलाई वर्षभरिमा गर्ने उत्पादन र यसबाट प्राप्त मुख्य विभिन्न आयस्रोतलाई आधार मानी तथ्याङकलाई सकेसम्म सत्यताको नजिक पुऱ्याउने प्रयास गरिएको छ । अध्ययन क्षेत्रका थारूहरूको कृर्षि तथा अन्य पेसाबाट हुने वार्षिक आयको विवरण तलका तालिकामा देखाइएको छ ।

**तालिका १८ : कृर्षि तथा अन्य पेसाबाट हुने वार्षिक आयको विवरण**

| क्र.सं | वार्षिक आय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु.२०,००० भन्दा कम | ८ | २२.० |
| २ | रु.२०,०००-३०,००० | १८ | ४८.० |
| ३ | रु.३०,०००-४०,००० | ९ | २६.० |
| ४ | रु.४०,००० भन्दा माथि | २ | ४.० |
| जम्मा | | ३७ | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण , २०७३

तलिका १८ अनुसार सबभन्दा बढी वार्षिक आय रु. ४०,००० भन्दा बढी जसमा २ घर अर्थात ४.० प्रतिशत रहेको छ । रु २०,००० भन्दा कम वार्षिक आय अन्तर्गत ८ घरपरिवार रहेको देखिन्छ । जुन कुल नमुनाको २२.० प्रतिशत हुन आउँछ । त्यस्तैगरी रु.२०,०००-३०,००० सम्म वार्षिक आय भएको घरपरिवार १८ अर्थात्, ४८.० प्रतिशत रहेको देखिन्छ भने रु.३००००-४०००० सम्म वार्षिक आय भएको ९ घरपरिवार रहेको छ । जुन कुल नमुनाको २६.० प्रतिशत हुन आउँछ ।

### ४.३.८ ऋणको अवस्था

यस क्षेत्रमा थारू जातिले धेरैजसोले ऋणको कारोबार गरेको पाइँदैन । केही थारूहरूले घरखर्च, तरकारी खेती गर्न, कुखुरापालन गर्न, व्यापार व्यवसाय गर्नका लागि ऋण लिएको देखिन्छ । यिनीहरूको ऋण सरकारी वैंक, सरकारी संस्था र आफन्तबाट पनि लिएको देखिन्छ । आर्थिक स्थिति मजबुत भएका आम्दानी गर्ने केही थारूहरूले वचत भएको रकम अन्य थारूहरूलाई ऋणको रुपमा दिने गरेको पाइन्छ । यहाँका थारूहरूले लिएका तथा दिएका ऋणको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १९: ऋण दिएको तथा लिएको विवरण**

| क.सं | ऋणको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ऋण दिएको | ४ | १२.० |
| २ | ऋण लिएको | १२ | ३२.० |
| ३ | ऋणको कारोबार नगर्ने | २१ | ५६.० |
| जम्मा | | ३७ | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

प्रस्तुत तालिका १९ मा ३७ जना उत्तरदातामध्ये ४ जना (१२.० प्रतिशत) उत्तरदाताले अरुलाई ऋण दिएका छन् भने १२ जना (३२.० प्रतिशत) उत्तरदाताले अन्यत्रबाट ऋण लिएको देखिन्छ । २१ जना (५६.० प्रतिशत) उत्तरदाताले ऋणसम्बन्धी कारोबार गरेका छैनन् । सर्वेक्षणको

क्रममा ऋण लिएका १२ जना उत्तरदाताले सरकारी वैंक, सहकारी संस्था तथा आफन्तबाट ऋण लिएको जानकारी दिएका थिए ।

### ४.३. ९ वार्षिक खर्चको विवरण

मानिसको आम्दानीको स्रोतहरूले खर्चको क्षेत्रहरूलाई निर्धारण गर्ने गर्दछ । खर्चका क्षेत्रहरू कतिपय बाध्यात्मक पनि हुने गर्दछन् । सामाजिक मूल्य, मान्यता, आफ्नो आर्थिक उत्पादन परिवार संख्या जस्ता कुराहरूले समेत खर्चका क्षेत्रहरू निर्धारण गर्दछ । घरपरिवारको पालनपोषण, रोगव्याधी, शिक्षा, चाडपर्व, मनोरञ्जन आदि लगायतका क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ । यहाँका मानिसहरूले खर्चका लागि छुट्टयाउने शीर्षकहरू निम्न अनुसार रहेका छन् ।

**तालिका २० : खर्चका क्षेत्रहरूको विवरण**

| क्र.सं | क्षेत्रको विवरण | प्रतिशत |
|---|---|---|
| १ | खाना | ३०.० |
| २ | चाडपर्व तथा मनोरञ्जन | २७.० |
| | लत्ताकपडा | २०.० |
| ३ | शिक्षा | १०.० |
| ४ | स्वास्थ्य | ८.० |
| ५ | िविविध | ५.० |
| जम्मा | | १००.० |

स्रोतः अध्ययन क्षेत्र सर्वेक्षण, २०७३

यस अध्ययन क्षेत्रका थारू जातिहरूको मानिसहरूले खानामा सबैभन्दा बढी ३० प्रतिशत खर्चं गर्दछन् । खानापछिको ठूलो खर्चको हिस्सा उनीहरूको चाडपर्व मनोरञ्जन मनाउनेमा जान्छ । जुन उनीहरूको कूल आम्दानीको २७ प्रतिशत ओगटेको छ । त्यस्तैगरी लत्ताकपडामा २० प्रतिशत, शिक्षामा १० प्रतिशत, स्वास्थ्यमा ८ प्रतिशत र विविधमा ५ प्रतिशत खर्च गर्ने गरेको देखिन्छ । यहाँ प्रतिशत निकाल्ने सन्दर्भमा उत्तरदाताहरूले आफ्नो आम्दानीको निश्चित रुपैयाको विवरण नदिएर अनुमानित प्रतिशतमा बताएको आधारमा माथिको तालिका २० मा प्रस्तुत गरिएको हो ।

तालिका २० बाट प्रस्ट हुन्छ कि अध्ययन क्षेत्रमा थारूहरू धेरै चाडबाड मान्ने भएकोले आम्दानीको धेरै हिस्सा खाद्यान्नमा खर्च गर्ने गरेको देखिन्छ । शिक्षामा १० प्रतिशत खर्च देखिएकोले थारूहरूमा पहिलेको तुलनामा छोराछोरी पढाउने प्रवृत्ति बढी रहेको देखिन्छ ।

### ४.३.१० वैकल्पिक रोजगारीको स्थिति

यहाँ थारू जातिमा कृषि पेसा बाहेक अन्य रोजगारीको स्थिति त्यति राम्रो देखिँदैन । तापनि हाल अन्य पेसामा संलग्न हुन थालेको पाइन्छ । पढेलेखेका थारूहरू पनि बेरोजगारीको चपेटामा परेका देखिन्छन् । केही थारू शिक्षण पेसामा लागेका देखिन्छन भने दुईजना थारूले बैंकमा काम गरेको देखिन्छ । यस्तै गरी कतिपयले विजुलीको काम गर्ने, साइकल मर्मत गर्ने गरेको पनि पाइन्छ । महिलाहरूमा केही महिलाहरूले प्रौढ शिक्षा दिने कार्यमा रोजगारी गरेको पाइएको थियो भने एक दुईजनाले सिलाई बुनाई सिकाउने गरेको पाइयो । अन्य महिलाहरू घरायसी कामकाजमा नै दिन बिताइरहेको पाइन्छ । वैकल्पिक रोजगारीमा केही थारूहरूले ट्याक्टर चलाउने, बिजुलीको काम गर्ने, सिकर्मीको काम गर्ने, साइकल मर्मत गर्ने, घरेलु सामान छतरी, ढकीया, डोको, नाम्लो आदि बनाउने काम गर्दछन् । कृषि क्षेत्रमा विद्यमान समस्याहरू तथा आधुनिकीकरणले ल्याएको परिवर्तनले गर्दा यहाँका युवा थारूहरू रोजगारीका लागि आफ्नो ठाउँ छोडेर सहर बजारतिर तथा विदेशतिर जाने क्रममा बुद्धि हुँदै आएको पाइन्छ ।

## ४.४ सामाजिक सांस्कृतिक तथा आर्थिक परिवर्तन

शैक्षिक विकास, आधुनिक परम्परा, बढ्दो सहरीकरण तथा अन्य जातिहरूको सम्पर्कले गर्दा थारूजातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थामा नयाँ प्रवृत्तिको विकास हुँदै आएको पाइन्छ । कतिपय परिवर्तनहरू सकारात्मक देखिन्छन् भने कतिपय नकारात्मक पनि छन् । यस अध्ययन क्षेत्रका थारूजातिमा पनि सामाजिक तथा सांस्कृतिक पक्षमा निकै परिवर्तन आएको देखिन्छ । जसको तल वर्णन गरिएको छ ।

### ४.४.१ सामाजिक संस्कारमा आएको परिवर्तन

पुराना रुढीवादी परम्परा भएका थारू जातिहरूमा आफ्नो छुट्टै प्रकारको सामाजिक संस्कारहरू रहेका छन् । यस्ता संस्कारहरूमध्ये जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कारमा आज भोलि निकै परिवर्तन आएको पाइन्छ ।

### ४.४.२.जीवनस्तरमा आएको परिवर्तन

सामाजिक गतिविधिको स्तर दिनप्रतिदिन बढ्दै गइरहेको थारू समुदायको भौतिक साधन र जीवनस्तर पनि विभिन्न समुदायसँगको सास्कृतिक आदानप्रदानबाट प्रभावित भइरहेको छ । त्यस्तै गरी यस क्षेत्रमा यातायातको साधन र सुविधाको क्षेत्रमा थारूहरूको गोरु र गाडाको प्रयोग हट्दै गईरहेको पाइन्छ । यसको ठाउँमा साइकल, मोटरसाइकल र टयाक्टरको प्रयोग बढेको पाइन्छ । यस क्षेत्रका अधिकांश सबै थारूहरूको घरमा बिजुली लगाएको पाइन्छ । केही सम्पन्न थारूहरूले सोफा, टेलिभिजन, क्यासेटप्लेयर र खाना खान डाइनीङ टेबल र कुर्सीको प्रयाग गर्न थालेको पाइन्छ । यस्तैगरी बिरामी पर्दा पहिले धामी झाक्री गुरुवा कहाँ जान्थे । तर अहिले सबैजसो थारूहरू आधुनिक उपचार गर्न जाने गरेको पाइन्छ ।

# अध्याय: पाँच

## सारांश तथा निष्कर्ष

### ५.१ सारांश

थारू जाति तराई क्षेत्रका आदिवासी मानिन्छन् । थारू जाति नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको क्षेत्र चुरे तथा महाभारत पर्वतबीचको भित्री मधेशमा छरिएर रहेका छन् । झापा, मोरङ, सुनसरी, उदयपुर, सिराहा, सप्तरी, सर्लाही, धनुषा, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी रुपन्देही, कैलाली कञ्चनपुर आदि जिल्लाहरूमा थारू जातिको बसोबास रहेको पाइन्छ ।

यो अध्ययन कैलाली जिल्ला मालाखेति गा वि स वडा नं ९ मा बसोबास गरेका थारूजातिमा आधारित रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य थारू जातिको सामाजिक सांस्कृतिक अवस्थाको जानकारी लिनु रहेको छ । यस अध्ययनको ढाँचामा अन्वेषणात्मक र वर्णानात्मक दुवै विधिको प्रयोग गरिएको छ । यस गा वि स को वडा नं ९ मा थारू जातिको जम्मा घरपरिवार १५० मा अध्ययनको लागि ३७ घरपरिवारलाई लिइएको छ । यस अध्ययनको तथ्याङ्क स्रोतमा प्राथमिक स्रोत र द्वितीय स्रोत दुवैबाट प्राप्त भएका तथ्याङ्कलाई प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई संख्यात्मक र व्याख्यात्मक दुवैमा प्रस्तुत गरिएको छ ।

यस मालाखेति गा वि स को जम्मा जनसंख्या २३,८१४ रहेको छ । जसमा पुरुषको संख्या ११,३०० (४७ प्रतिशत) र महिलाको संख्या १२,५१४ (५३ प्रतिशत) रहेको छ । यस गा वि स को जम्मा जनसंख्यामा थारू जातिहरूको संख्या २,७१७ रहेको छ । जसले मालाखेति गा वि स को जम्मा जनसंख्यामा ११.४० प्रतिशत स्थान ओगटेको छ । भाषागत आधारमा थारू बोल्नेहरूको संख्या २,६८० (२८.८ प्रतिशत) रहेको छ ।

जनसंख्याको दृष्टिकोणले छनोटमा परिवारमा पुरुष ५१.० प्रतिशत र महिला ४८.९८ प्रतिशत रहेको देखिन्छ । जसअन्तर्गत ०-४ वर्ष सम्मको जनसंख्या १२.४१ प्रतिशत र ५-

१४ वर्षसम्मको जनसंख्या १७.४४ प्रतिशत, १५-५९ वर्षको जनसंख्या ६४.०९ प्रतिशत र ६० वर्ष भन्दा माथिको जनसंख्या ६.०४ प्रतशित रहेको छ । परम्परागत रुपमा संयुक्त परिवारमा बस्न रुचाउने यहाँका थारूहरू अहिले एकल परिवारमा बस्न थालेको पाइन्छ । यस्तो एकलपरिवारको संख्या ७२.० प्रतिशत रहेको छ भने संयुक्त परिवारको संख्या २८.० प्रतशित रहेको छ ।

यहाँका थारूहरूको घरको किमिसलाई हेर्दा कच्ची घर भएका उत्तरदाता ६२ प्रतिशत र पक्की घर भएका उत्तरदाता ३८ प्रतिशत रहेका छन् ।

यस गा वि स का थारू जातिको शैक्षिक अवस्था अन्य जातिको तुलनामा कमजोर नै पाइन्छ । तापनि आजभोलि सबैले आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गरेको देखिन्छ । जनअनुसार उत्तरदाताको परिवारको शैक्षिक स्थिति हेर्दा १-५ कक्षासम्म अध्ययन गर्ने संख्या सबभन्दा बढी १६.७ प्रतशित र आई. ए. वा सोभन्दा माथी सम्म अध्ययन गर्ने सबभन्दा कम २.० प्रतशित रहेका छन् । प्रौढ शिक्षा लिने संख्या ३२.२ र ३१.८ प्रतिशत निरक्षर रहेका छन् ।

अध्ययन क्षेत्र मालाखेति गा वि स मा बसोबास गरेका अत्यधिक थारूहरूलाई परिवार नियोजनसम्बन्धी ज्ञान रहेको छ । परिवार नियोजन गरेका उत्तरदाताको संख्या ८४.० प्रतिशत र प्रयोग नगरेका उत्तरदाताको संख्या १६.० प्रतिशत रहेको देखिन्छ । यस क्षेत्रको स्वास्थ्य स्थितिबारे विचार गर्दा परम्परागत (गुरुवा झारपुक) उपचार पद्धतिलाई प्राथमिकता दिने उत्तरदाता ३५.० प्रतिशत र आधुनिक उपचार पद्धतिलाई प्राथमिकता दिने उत्तरदाता ६५.० प्रतिशत रहेको पाइन्छ । खानेपानीको लागि हाते पम्पको प्रयोग गर्दछन् र प्रायजसो थारूहरूले शौचालय बनाएको देखिन्छ । जसमध्ये कच्ची शौचालय प्रयोग गर्ने घर संख्या ६५.० प्रतिशत र पक्की शौचालय प्रयोग गर्ने घर संख्या ३५.० प्रतिशत रहेका छन् ।

यहाँको थारू समाजमा पुरुष प्रधान भए पनि आजभोलि केहीमात्रामा छोराछोरीलाई पढाउने विवाह गर्ने, जस्ता कुरामा महिलाहरूको निर्णयात्मक भूमिका बढ्दै गएको पाइन्छ । यस जातिमा पनि पैतृक सम्पत्तिमा छोरालाई नै प्राथमिकता दिएको पाइन्छ । यिनीहरूमा नातासम्बन्ध बलियो र सुमधुर रहेको देखिन्छ । यसैगरी यस क्षेत्रका थारूहरुको आफ्नै

सामाजिक सङ्गठन भए पनि आजभोलि थारू जातिसँग सम्बन्धित विभिन्न संघसंस्थाहरू खोलेको देखिन्छ । साथै यहाँका थारूहरूले राजनीतिक गतिविधिप्रति पनि निकै रुचि राखेको पाइन्छ ।

धर्मअन्तर्गत यहाँका थारू जातिले हिन्दू धर्म मान्दै आएका छन् । यिनीहरूको सामाजिक संस्कारमा जन्मसंस्कार, विवाह संस्कार, मृत्युसंस्कार आदि रहेका छन् । जन्मसंस्कारमा न्वारान, पास्नी छैठी, गर्ने चलन नरहेको भए तापनि अन्य जातिको सम्पर्कले यी सबै संस्कारहरू गर्ने गरेको देखिन्छ । बच्चाको नाक-कान छेड्ने र कपाल काट्ने चलन पनि रहेको देखिन्छ । थारू जातिमा ब्रतवन्ध को चलन नरहेको देखिन्छ । यसका साथै यिनीरुको मृत्यु संस्कारमा दागवत्ती दिने र गाड्ने चलन दुवै रहेको पाइयो । काजक्रिया बस्ने चलन पनि देखियो । यहाँका थारू जातिमा ८ वा ९ औ दिनमा चोखिने चलन देखियो । अहिले आएर अन्य जातिसँगको सम्बन्धले यहाँको थारूहरुले १३ दिनसम्म किरिया गर्ने, पिण्डदान गर्ने गरेको पनि देखियो । यहाँको थारु समाजमा मागी विवाह र प्रेमविवाह चलनचल्तीमा रहेको देखिन्छ । अन्तरजार्तिय विवाहलाई पनि मान्यता दिएको पाइन्छ । विवाह गर्ने उमेर परम्परागतरुपमा सानै उमेरमा भए तापनि यो चलन यस क्षेत्रमा हटिसकेको पाइन्छ । साथै विधवा विवाह, सट्टाविवाहको प्रचलन पनि यस क्षेत्रमा नभएको देखिन्छ । यिनीहरूले जन्मसंस्कार विवाहसंस्कार र मृत्युसंस्कारमा भोज खाने र आफन्तलाई बोलाउने गरेको देखिन्छ ।

यस क्षेत्रमा थारूले परम्परागत भोटो, लगौटी, चोल्या, गोन्या लगाएको देखिँदैन । यसको सट्टा पुरुषहरूले पाइन्ट, कमिज सर्ट र महिलाले साडी ब्लाउज, कुर्ता सलवारको प्रचलन देखियो । गरगहनामा पनि परम्परागत गहना लगाउने प्रथा हट्न थालेको देखिन्छ । टप, सिक्री, तिलहरी जस्ता आदि लगाउन थालिएको छ ।

यहाँका थारूहरूका प्रमुख चाडपर्वमा माघी, होरी, अत्वारी, दश्या, आदि हुन । यसैगरी यिनीहरूको चाडपर्वमा धेरैजसो जाँड रक्सी र मासुको बाहुल्यता रहेको भेटिन्छ । थारू जातिमा नाचमा मुख्य गरी सखिया नाच र झुमरा नाच रहेको छ । यिनीहरूको धार्मिक कार्य गराउने पुरोहितलाई गुरुवा भनिन्छ । यी गुरुवा दुई किसिमका हुने गर्दछन् । घरगुरुवा र देशबन्ध्यागुरुवा । यहाँका थारू जातिको धार्मिक प्रचलनमा विभिन्न देवीदेवताको पूजा गर्ने

परम्परा रहेको पाइन्छ । यिनीहरूका देवीदेवतामा सबै कुलदेवता, गुरुबाबा, मैया, सौरा, भुयाँरदेवता आदि पुज्ने चलन देखिन्छ । अतिथिहरूको स्वागत गर्ने परम्परा पनि अत्यन्त राम्रो रहेको पाइन्छ । यिनीहरूमा पाहुनालाई देवता नै मान्ने चलन देखिन्छ । थारूहरूको आफ्नै भाषा भए पनि घरपरिवारमा मात्र थारू भाषा नै बोले पनि अन्यत्र नेपाली भाषा बोल्ने गर्दछन् । साथै यिनीहरूले धार्मिक अन्धविश्वास र रुढिवादी संस्कारमा पनि विश्वास गर्ने गरेको पाइन्छ ।

यस क्षेत्रका थारूहरूको भू-स्वामित्व अन्तर्गत अधिकांश नमुना थारू परिवारमा जमिनको स्वामित्व भएको देखिन्छ । आफ्नै जग्गा जमिनमा खेतीगर्ने उत्तरदाताको संख्या ४९.० प्रतशित र अधियाँ लगाउने उत्तरदाताको संख्या ५.० प्रतिशत रहेको पाइन्छ । आफ्नो जग्गा भएकोले पनि खान नपुग्ने हुँदा अधियाँ गर्ने गरेको देखिन्छ । यहाँका थारूहरूले मुख्य गरेर धान, मकै, गहुँ तोरी तरकारी उत्पादन गर्दछन् । यहाँ धान, गहुँ , सबभन्दा बढी उत्पादन गरेको देखिन्छ । त्यसपछि मकै तोरी र तरकारी उत्पादन गर्दछन् । यहाँका सबै थारूहरूलाई वर्षभरि खान नपुग्ने स्थिति रहेको छ । वर्षभरि खान नपुग्ने घरपरिवारले अँधिया लगाएको पाइन्छ । ६४.० प्रतिशत उत्तरदाताको आम्दानीको स्रोत कृषिमै निर्भर रहेको पाइयो । नोकरी र व्यापार गर्ने संख्या १०.० प्रतिशत र ८.० प्रतिशत रहेको पाइयो । कृषि प्रणालीबाट राम्रो प्रतिफल पाउने, घरखर्च गर्न, व्यापार गर्न ऋण लिएको पाइन्छ । यहाँका थारूहरूले पशुपालनमा सबभन्दा बढी हाँस कुखुरा, गाइगोरु, भेडाबाखा र त्यसपछि सुगुर बंगुर रागा पाल्ने गरेको देखिन्छ । ४८.० प्रतिशत परिवारहरू मध्यमवर्गमा भएको देखिन्छ । केवल थोरै परिवारहरू मात्र ४.० प्रतिशत सम्पन्न वर्गमा भएको देखिन्छ । यहाँका थारूमा खर्चको प्रारुप हेर्दा शिक्षा र स्वास्थ्यका लागि कम खर्च १० प्रतिशत र ८ प्रतिशत खर्च गरेको देखियो भने खाना तथा चाडपर्वका लागि बढी खर्च ३० प्रतिशत र २७ प्रतिशत खर्च गरेको पाइन्छ । अध्ययन क्षेत्रका थारूहरू आजभोलि कृषिपेसामा बाहेक अन्य पेसा जस्तै बिजुलीको कामगर्ने, साइकल मर्मत गर्ने तथा शिक्षण पेसामा लागेका देखिन्छन् भने महिलाहरू पनि प्रौढशिक्षा दिने सिलाईबुनाई सिकाउने आदि कार्यमा संलग्न भएको देखियो । यसैगरी शैक्षिक विकास, आधुनिक परम्परा, बढ्दो शहरीकरण तथा अन्य जातिको सम्पर्कले थारू जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा परिवर्तन आएको देखिन्छ ।

## ५.२ निष्कर्ष

यस अध्ययनको मुख्य उद्देश्य कैलाली जिल्ला मालाखेति गा वि स वडा नं ९ मा बसोबास गरेका थारू जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा जानकारी हासिल गर्नु रहेकोले यस अनुसन्धानबाट निष्कर्षमा पुगिएको छ । शाक्यवंशबाट उत्पत्ति भएको तथा शारीरिक स्वरुपमा मंगोलियन जस्तो देखिने थारूहरू सामाजिक उथलपुथल तथा हावापानीको प्रभावले आर्य जस्तै देखिएका र हिन्दू धर्मावलम्बीहरूको लामो सम्पर्कले गर्दा बौद्ध धर्म त्यागी हिन्दूधर्म ग्रहण गरेका हुन् भन्ने तथ्य बढी विश्वसनीय भएको कारण यिनीहरूको उत्पत्ति मंगोल समूहबाट नै भएको अनुमान गर्न सकिन्छ । उत्पत्तिको दृष्टिले अझै रहस्यमय रहेका थारूजाति परापूर्वकालदेखि नेपालको तराईक्षेत्रमा बसोबास गर्दै आएको आदिवासी जनजाति हो । थारूजाति संयुक्त परिवारभन्दा एकात्मक परिवारमा बस्न थालेको पाइन्छ । किनभने अध्ययन क्षेत्रमा एकात्मक परिवार भएका घरधुरी सख्या बढी रहेको पाइन्छ । शैक्षिक क्षेत्रमा पछाडि परेको थारूजातिमा अहिले केही मात्रामा भए पनि शैक्षिक चेतनाको विकास भएको कारण आफ्ना छोराछोरीलाई विद्यालय पठाउन थालेको पाइन्छ । विद्यालय शिक्षाबाट वञ्चित थारूहरूले प्रौढशिक्षाबाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । बीचैमा पढाइ छोड्ने प्रवृत्तिले आई.ए. वा सोभन्दा माथि अध्ययन गर्ने थारूहरूको संख्या एकदमै कम रहेको देखिन्छ ।

थारूहरूको खानपिनमा पनि परिवर्तन आई आधुनिक परिकारहरू खाने प्रचलन बढेको देखिन्छ । विवाहमा मागी विवाह र प्रेमविवाह नै बढी मात्रामा गरेको पाइन्छ । अन्तर्जातीय विवाहलाई पनि मान्यता दिएको पाइन्छ । सट्टाविवाह बालविवाह, विधवा विवाह हटिसकेको पाइयो । जन्म, मृत्युसंसकार, विवाह संस्कार सम्पन्न गर्दा ब्राह्मण क्षेत्रीको जस्तै गर्ने गरेको देखिन्छ भने यीसबै संस्कारमा आफ्नो पुरोहित गुरुवाको सट्टा ब्राह्मण पुरोहितलाई बोलाउने रहेको पाइन्छ । थारूमा परम्परागत धामी, झाँक्रीमा विश्वास गर्ने प्रचलनमा भने कमी आएको कारण बिरामी हुँदा अस्पताल लैजाने प्रचलन बढेको देखिन्छ । पुराना ढाँचामा घरहरू बनाउन छोडेर नयाँ ढाँचामा पक्कीघरहरू बनाएको देखिन्छ । थारू जातिको आफ्नै प्रकारको सामाजिक सङ्गठन भए पनि वर्तमान समयमा थारू जातिसँग सम्बन्धित संघ संस्था

खोलेको पाइन्छ । यी जातिहरूमा राजनैतिक जागरुकता पनि बढेको देखिन्छ । परम्परागत भेषभूषा गरगहना लगाउन छोडेर आधुनिक भेषभुषा गरगहना लगाएको देखिन्छ ।

यिनीहरूमा परम्परागत धार्मिक अन्धविश्वास, भुतप्रेत, बोक्सीमा विश्वास गर्ने प्रचलनमा केही मात्रामा कमी आएको देखिन्छ । थारू महिलाहरूमा आएको शैक्षिक चेतनाको कारण महिला समुह गठन गर्ने तथा नारी उत्थानका लागि जागरुक हुनेतर्फ अगाडि बढेको देखिन्छ ।यी जातिहरूमा सन्तान धेरै बनाउनु हुँदैन भन्ने चेतनाको विकास भएको पाइन्छ । परम्परागत पेसा कृषिको अलावा श्रमिक, नोकरी, व्यापार, व्यवसाय जस्ता पेसामा लाग्ने गरेको पाइन्छ । विशेष गरी युवाहरू कृषि कार्यमा बढी उत्पादन नहुने कारणले वैकल्पिक रोजगारीतर्फ आकर्षित भएको पाइयो । मिहिनेती जातिको रुपमा परिचित यस क्षेत्रका थारू जातिले आफ्नो जग्गा नभएका र जग्गा जमिन थोरै भएकाले अधिया गरेर धेरैजसो परिवारले वर्षदिन खान पुऱ्याएको देखिन्छ । यिनीहरूले चाडपर्व तथा पूजाआजा आफ्नै किसिमले मनाउने चलन रहेको देखिन्छ । यिनीहरुको चाडपर्व तथा पूजाआजामा जाँड रक्सी, र मासुको बढी महत्व भएको देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, रेशराज, (वि.सं.२०५६) ***नेपाली समाज संस्कृति,*** काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, बाबुराम (वि.सं.२०३९): ***थारु जातिको मुलघर कहाँ ?,*** नेपाल सांस्कृतिक परिषद, जनरल पत्रिका ।

चौधरी, लेखनाथ (वि.सं.२०५५): ***थारु जातिको सामाजिक, सांस्कृतिक अध्ययन,*** काठमाडौं, शरिता प्रकाशन ।

जोशी, सत्यमोहन (वि.सं.२०२७):***लोक संस्कृति सर्वेक्षण यसको भुमिका र यस सम्बन्धी परिचर्चा,*** प्रज्ञा, वर्ष १, अंक १ ।

ढुङ्गाना, अरुणकुमार (वि.सं.२०५०):***थारु जातिको सांस्कृतिक पक्ष*** ,काठमाडौं । इतिहास केन्द्रिय विभाग, त्रि.वि ।

धिताल, मोदिनी प्रशाद (वि.सं.२०४४): **थारु जाति एक अध्ययन**, विराटनगर , पूर्वान्चल साहित्यिक प्रतिष्ठान ।

***नेशनल पपुलेशन रिपोर्ट*** (सन् २००१), काठमाडौँः नेपाल, केन्द्रीय तथ्याङ्क विभाग ।

पाण्डे, रामकुमार (वि.सं.२०३८) ***नेपाल परिचय,*** ,काठमाडौं, आठराइ प्रकाशन ।

विष्ट, डोरबहादुर, (सन् १९८६), ***सबै जातको फुलबारी,*** काठमाडौं, रत्नपुस्तक भण्डार ।

विष्ट, डोरबहादुर, (सन् १९९४), ***पिपुल्स अफ नेपाल,*** काठमाडौँः रत्नपुस्तक भण्डार ।

भट्टराई, ज्ञानेश्वर, (वि.सं.२०६०), ***बृहत् ज्ञानकोष,*** बागबजार काठमाडौं:आशिष पुस्तक भण्डार।

***मेचीदेखि महाकाली सम्म*** (वि.सं.२०३१), श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, भाग ४।

रजौरे द्रोणप्रसाद, (सन् १९८१) ***थारूज अफ दाग द पिपुल एण्ड सोसियल  कन्टेक्स्ट*** ( अंग्रेजी रुपान्तरण) कैलाश, भोल्युम नं. ३-४ ।

राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान (वि.सं.२०५३), ***राष्ट्रिय जनजाति प्रतिष्ठान, जनजाति वर्ष १,*** अङ्क१-२ असार ।

रेग्मी, ऋषीकेषवराज (वि.सं.२०३५): ***एक स्रोत तिनधारा,*** काठमाडौं , साझा प्रकाशन ।

लम्साल, हरिनारायण (वि.सं.२०६९) ***सामाजिक, आर्थिक तथा सांस्कृतिक निरन्तरता र परिवर्तन:: चितवन जिल्ला बछौली गा.वि.स.का थारुहरुको एक अध्ययन*** त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषय स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत शोधपत्र।

शर्मा, मेदीनी, (वि.सं.२०४४) ***थारू जाति एक अध्ययन,*** विराटनगर :पूर्वाञ्चल साहित्य प्रतिष्ठान, प्रथम संस्करण ।

शर्मा, गीता (वि.सं.२०६६) ***थारू जातिको सामाजिक, सांस्कृतिक अवस्थाकैलाली जिल्ला धनगढी न.पा.वडा नं ५को एक अध्ययन,*** त्रिभुवन विश्वविद्यालय अन्तर्गत समाजशास्त्र विषय स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत शोधपत्र ।

Bista, Dor Bahadur(1991). ***Fatalism and Development.*** Nepal's Struggle for Modernizations, New Delhi, Orient Longman Limited.

Davis, Kigsley and Moore, Willbert (1945). Some Principles of Stratification In ***American Sociological Review***, USA, American Sociological Association.

Harris, Marvin (1968). Theoretical Principles of Cultural Materialism, In Bohaman and Glazer(ed) ***High Points In Anthropology***, New work, Alfred A. Knoff.

Maciver and Page (1996). ***Society An Introductory Analysis***. New Delhi, Macmillan India Limited.

Malinowski, B. (1998). The Group of Individual In Functional Analysis In Bohaman and Glazer(ed) ***High Points In Anthropology,*** New work, Alfred A Knoff.

Marx, Karl and Engles, Friedrich (1977). ***Manifesto of Communist Party***. Progress Publisher, Moscow.

Parsons, Talcott (1953). Some Comments on the State of the general Theory of Action in ***American Sociological Review***, USA ,Harvard University.

Smelser, Neil J.(1998). ***The Sociology of Economic Life***. New Delhi, Second edition Prentice Hall of India Pvt. Ltd.

Smelser, Neil J. (1993). ***Sociology.*** India , 4th edition Prentice all of India P. Ltd .

Steward, Julian (1958). ***Theory of Cultural Change,*** USA, University of illinois press.

Tylor, E.B. (1991). ***Dictionary of Anthropology***. New Delhi,Goyal Saab publishers and Distributors.

White, Leslie A (1988). Energy and Evolution of Culture in Bohaman and Glazer(ed) ***High Points In Anthropology***, New work, Alfred A. Knoff.

## अन्तर्वार्ता प्रश्नावली

फाराम नं. मितिः२०७३

१. उत्तरदाताको व्यक्तिगत तथा पारिवारिक विवरण

१.१ घरमुलीको नामः १.२ उत्तरदाताको नामः

१.३ उमेर : १.४ लिङ्ग :

१.५ पेसाः १.६ धर्म :

१.७ भाषा : १.८ शैक्षिक स्तर

१.१ तपाईको पारिवारिक विवरण

| क्र. सं | नाम | घरमुलीसँगको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेसा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

२. आर्थिक अवस्था सम्बन्धि प्रश्नहरू

२.१ तपाईको आफ्नो जमिन छ/छैन ?छ भने कति छ ?

(क) विघा ........... ख) कठ्ठा ........... ग) धुर .......

२.२ अरु कसैको जमिन कमाउनुहुन्छ भने कति कमाउनुहुन्छ ।

(क) विघा ........... ख) कठ्ठा ........... ग) धुर .......

२.३ तपाईको  खेतीमा  के-के अन्न उत्पादन हुन्छ ? (क्विन्टलमा)

(क) धान .......      (ख)  मकै .......      (ग) गहुँ ......

(घ) तोरी .....      (ङ) अन्य..............

२.४ तपाईको वार्षिक उत्पादनले खान पुग्छ ?

(क) पुग्छ      (ख) पुग्दैन

२.५  पुग्दैन  भने  के के गर्नुहुन्छ ।

(क)  ..........      (ख)  .......... (ग) ...............

२.६ तपाईले आम्दानीका स्रोतहरू के के छन् ? कसैसँग ऋण लिनु भएको छ ?

(क)  कृषि ........... (ख)  उद्योग  ..............

(ग) व्यापार ..............      (घ) व्यवसाय .........

२..७ बाबुबाजेको पैतृक सम्पत्ति(चल-अचल) छ/छैन? यदि छ भने के के छ ?

(क) छ      (ख)  छैन

चल ....................

अचल ...................

२.८ तपाईले कसैसँग ऋण लिनु भएको छ ?

(क) छ ...........छ भने केका लागि .

(ख)  छैन

२.९ यदि छ भने ऋणको स्रोत

(क) बैक ............... (ख) साहु ............. (ग) अन्य .............

२.१० तपाईको घरमा पशुपक्षी कति छन् ?

(क) गाईगोरु ..........(ख) राँगा भैंसी ...........(ग) भेडा बाखा.....

(घ) सुँगर-बंगुर ......(ङ) घोडा .............. (च) हास ........

(छ) कुखुरा ..........

२.११ घरको प्रकार

(क) कच्ची ......... (ख) पक्की ........ (ग) झुपडी .........

२.१२ आम्दानीको मुख्य खर्च के मा गर्नु हुन्छ ?

क) खाद्यान्न...............................ख) शिक्षा........................

(ग) मनोरञ्जन चाडपर्व ........ (घ) लत्ताकपडा .........

(ङ) विविध ..........................

३. सामाजिक/सांस्कृतिक अवस्थासँग सम्बन्धित प्रश्नहरू

३.१ तपाई यसै गाउँमा जन्मनु भएको हो की बसाई सर्नुभएको ?

(क) यसै गाउँमा जन्मेको ....................

(ख) बसाई सरेको .............................कहाँबाट .............

३.२ कहिले देखि यहाँ बसोबास गर्दै आउनुभएको छ ?

साल ...................................................

३.३ तपाईको विचारमा संयुक्त र एकात्मक परिवारमध्ये कुन ठिक लाग्छ ?

(क) संयुक्त ....................किन ............................

(ख) एकल .........................किन ........................

३.४ तपाईको समाजमा बढी प्रतिष्ठित व्यक्ति को हुन्छ ?

(क) बुढापाका ......................(ख) पुरेत ................

(ग) राजनीतीक व्यक्ति ........... (घ) शिक्षित व्यक्ति .........

(ङ) अन्य ....................

३.५ तपाईको समाजमा कति वर्षमा विवाह गर्ने चलन छ ?

(क) छोरा .....................(ख) छोरी........................

३.६ अन्तर्जातीय विवाहलाई तपाईको समाजमा कस्तो दृष्टिकोणले हेरिन्छ ?

(क) सकारात्मक ........................(ख) नकारात्मक ................

३.७ तपाईको समाजमा कस्तो प्रकारको विवाह बढी प्रचलित छ ?

(क) मागी विवाह ...................... (ख) प्रेम विवाह ...............

(ग) अन्य ...................

३.८ तपाईकोमा बेहुला तर्फबाट दाइजो माग्ने प्रथा छ ..............छैन ........

यदि छ भने कति सम्म ......................

३.९ छैठी गर्ने परम्परा छ ?

(क) छ ........................ (ख) छैन ..................

३.१० कुन धर्म मान्दै आउनु भएको छ ?

(क) हिन्दु ........................ (ख) बौद्ध ...............

(ग) क्रिश्चियन .................... (घ) अन्य ...................

३.११ तपाईले वर्ष भरिमा मनाउने चाडपर्वहरू के के हुन ?

(क) ................. (ख) ...................

(ग) ................... (घ) ..................

३.१२ पैत्तृक सम्पतिमा क कसको हक लाग्छ ?

(क) छोरा ............................ (ख) छोरी .........................

(ग) दुवै ..........................

३.१३ भूत प्रेतमा विश्वास राख्नु हुन्छ ?

(क) राख्छौ ...................... (ख) राख्दैनौ .................

(ग) अलिअलि राख्छौ ...............

३.१४ तपाईको समाजमा गुठी वा गुठी जस्तै सामाजिक संगठनहरू छन् ?

(क) छ ......................... (ख) छैन................................

यदि छ भने ................................................

३.१५ तपाईको समुदायमा पुजारी वा प्रमुख व्यक्ति को हो ?

(क) आफ्नो जातको पुरोहित ..........................

(ख) ब्राम्हण पुरोहित .................................

३.१६ तपाईको जातमा लगाईने पारम्परिक भेष भुषा के के हुन ?

| भेषभुषा | महिला | पुरुष |
|---|---|---|
| गहना | | |
| लुगा | | |

हाल यसमा कुनै परिवर्तन आएको छ ...........................

३.१७ अन्य जातिहरूले मनाउने चाडपर्व मनाउने गर्नु भएको छ ?

(क) छ ...................... (ख) छैन ...............

३.१८ तपाईहरूको मुल भाषा के हो ?

(क) नेपाली .................. (ख) थारू ......................

(ग) अन्य .......................

३.१९ तपाइहरूको परिकारहरु के-के हुन ?

.......................................................

३.२० कुन देवता मान्नु हुन्छ ? र किन मान्नु हुन्छ ?

(क) ब्रह्मा ...................... (ख) विष्णु ................

(ग) महेश ..................

घरमा सुख शान्ति हुन्छ भनेर .................................

संस्कार बचाउन ............................................

३.२१ तपाईलाई आफ्नो संस्कृतिमा परिवर्तन हुनु पर्छ जस्तो लाग्दैन ?

(क) लाग्छ ........................... (ख) लाग्दैन .....................

४. शैक्षिक/स्वास्थ्य सम्बन्धित प्रश्नहरू

४.१ तपाईको वडामा विद्यालय छ ?

(क) छ ......................... (ख) छैन ................

४.२ यदि छ भने कुन तह सम्मको विद्यालय छ ?

(क) प्रावि .................. (ख) निमावि ...............

(ग) मावि .................. (घ) उच्च मावि ..............

(ङ) बी.ए. वा सो भन्दा माथि .........................

४.३ तपाईले छोरा छोरी दुवैलाई पढाउनु भएको छ ?

(क) छ ....................... किन .........................

(ख) छैन ......................... किन .........................

४.४ कस्तो स्कूलमा पढाउनु भएको छ ?

(क) सरकारी...................... (ख) वोडिङ्ग ..................

५. स्वास्थ्य संग सम्बन्धित प्रश्नहरू

५.१ तपाई स्वास्थ्य उपचारको लागि कहाँ जानुहुन्छ ?

(क) औषधी पसल .............. (ख) धामी झाक्री ........

(ग) हेल्थपोष्ट ....... (घ) हस्पिटल

५.२ तपाईको परिवारमा खानेपानीको मुख्य स्रोत के हो ?

(क) आधुनिक धारा (ख) हेण्डपम्प

(ग) कुवा/इनारको पानी घ) अन्य

५.३ तपाईको परिवारको लागि शौचालयको व्यवस्था छ कि छैन ?

क) ....... छ भने कस्तो किसिमको साधारण .........आधुनिक ......... यदि छैन भने प्रयोग हुने ठाउँ ...........

५.४ तपाईले परिवार नियोजनका साधन प्रयोग गर्नु भएको छ ?

(क) छ .............. छ भने स्थायी ............ अस्थायी

ख) छैन ..............................

५.५ थारू जातिको सम्पूर्ण पक्षको विकासका लागि के सुझाव दिनुहुन्छ ?

...............................................................................